# लेखापरीक्षण प्रतिवेदन

# बेलवारी नगरपालिका, मोरङ

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# बेलवारी नगरपालिका, मोरङ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्र्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्र्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-२-५
च.न :APPROVED/FAR/2081-82/LOC/275

श्रीमान् नगरप्रमुखज्यू,
बेलवारी नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,

मोरङ।

**विषय - लेखापरीक्षण प्रतिवेदन।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-२-५
च.न :APPROVED/FAR/2081-82/LOC/275

श्रीमान् नगर प्रमुखज्यू,
बेलवारी नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
मोरङ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले तहाँ नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तिय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तिय विवरणमाअन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२नगरपालिकाको आय-व्ययतर्फ रु.२ अर्ब ६५ करोड ४ लाख २९ हजारको लेखापरीक्षण गर्दा रु.३ करोड ९९ लाख १५ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. २ करोड २८ लाख ६ हजार फस्र्यौट तथा प्रतिक्रियाबाट रु.९७ लाख ४५ हजार थपभई असुल गर्नुपर्ने रु.५ लाख १५ हजार,प्रमाण कागजात पेस गर्नुपर्ने रु.३४ लाख ०७ हजार, नियमित गर्नुपर्ने रु. २ करोड २० लाख ९३ हजार र पेश्की बाँकी रु.८ लाख ३९ हजार गरी जम्मा रु. २ करोड ६८ लाख ५४ हजार बाँकी रहेको छ । गत वर्षसम्म कायम बेरुजू रु.१८ करोड ६७ लाख ६६ हजार (समायोजन थप बेरुजु रु.२ करोड ३९ लाख ९३ हजार समेत) मध्ये रु.४ करोड ५५ लाख ७6 हजार फस्र्यौट भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु.१६ करोड ८० लाख 44 हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. नगरपालिकाको च. नं. २१८८ मिति २०८२ पौष २४ को पत्र तथा मुचुल्का अनुसार १५२ योजनाको रु.१२ करोड ३८ लाख ११ हजारको प्रमाण कागजात आगलागि भई नष्ट भएको बिवरण प्राप्त भएकोले उक्त कारोबार आर्थिक विवरणमा समावेश भएको तर लेखापरीक्षण भएको छैन ।

२.४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा

प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन, विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | सम्परीक्षणबाट फछ्र्यौट | | | सम्परीक्षबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९७ | १७० | ३,९९,१४,९२८ | ० | ९६ | २,२८,०५,७२७ | ९७,४४,८३१ | ९७ | ७४ | २,६८,५४,०३२ | ५,१५,२५८ | २,२०,९३,२२६ | ३४,०६,४७८ | ० | ० | २,५४,९९,७०४ | ८,३९,०७० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन थप | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मोरङ | १६,२७,७३,६३६ | २३९९२५०२ | ४,५५,७५,७६६ | १४११९०३७२ | ० | २,६८,५४,०३२ | १६८०४४४०४ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | **प्रारम्भिक प्रतिवेदन उपरको सम्परीक्षण बिवरण** | | | |
| १ | २०८१/८२ | ४० | सामाजिक सुरक्षा - | १,९७,०७८ |
| २ | २०८१/८२ | ३८.५ | सशर्त कार्यक्रम | १,१५,००० |
| ३ | २०८१/८२ | ४३ | शिक्षण सिकाइ | १,३०,००० |
| ४ | २०८१/८२ | ५७ | वेतना अमना सिसोला पर्यटन मार्ग र कछुवा संरक्षण कार्य (ठेक्का नं. BM/MOR/W/NCB-16-2080-81 ) | १५,१६,२५७ |
| ५ | २०८१/८२ | ४४ | विद्यालय सुधार योजना | २,८५,००० |
| ६ | २०८१/८२ | ४५.१ | वान्तवा कक्षा | १,३४,५०० |
| ७ | २०८१/८२ | ४८ | भत्ता वितरण | ३,९१० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८१/८२ | ६५ | बिज्ञापन खर्च | २,६४६ |
| ९ | २०८१/८२ | ७६ | बिज्ञापन कर | २४,९९० |
| १० | २०८१/८२ | ५२.२ | प्रमाण कागजात | २,९५,५०० |
| ११ | २०८१/८२ | १५.२ | पेश्की व्यवस्थापन - | २४,४९,००० |
| १२ | २०८१/८२ | ४२ | पाठ्यपुस्तक | ५९,९५० |
| १३ | २०८१/८२ | ६९ | नगर वस खरिद | ६,६०,००० |
| १४ | २०८१/८२ | ४९ | नगर अस्पताल | ९८,७९,५३४ |
| १५ | २०८१/८२ | ६१.३ | ठेक्का नं. BM/MOR/W/NCB/07/2078/079( शीतभण्डार निर्माण) संघीय समपुर कार्यक्रम) | ४९,६८,५३६ |
| १६ | २०८१/८२ | ४१ | छात्रवृत्ति | ४,६१,४०० |
| १७ | २०८१/८२ | ६३.१ | चाँदनी चौकअनाम चौक हुँदै नलवारी वाटो कालोपत्रे कार्य (ठेक्का नं. BM/MOR/W/NCB-7-2081-82 ) | ७,७३,७०० |
| १८ | २०८१/८२ | ८० | काज तथा विदामा प्रोत्साहन भत्ता | २९,१२४ |
| १९ | २०८१/८२ | ४६ | आया पारीश्रमिक | १,००० |
| २० | २०८१/८२ | ३५.५ | आन्तरिक आय- | ७,६५,६०२ |
| २१ | २०८१/८२ | ७५ | अनुगमन तथा मूल्याङ्कन | २२,४०० |
| २२ | २०८१/८२ | ७३.१ | अनुगमन तथा भ्रमण | ३०,६०० |
| | **जम्मा** | | | २२८०५७२७ |
| | **गत विगत आर्थिक वर्षको सम्परीक्षण बिवरण** | | | |
| २३ | २०८०/८१ | ६८ | सञ्चार साधन खरिद | ६५,००० |
| २४ | २०८०/८१ | ६३ | शिक्षातर्फ | ५,९६,९०९ |
| २५ | २०८०/८१ | १५ | विपद् व्यवस्थापन कोष | ८१,९५० |
| २६ | २०८०/८१ | ५८ | लोक सेवा तयारी कक्षा | ६५,५१५ |
| २७ | २०८०/८१ | ९४ | बैंक जमानत बिना पेस्की | २०,००,००० |
| २८ | २०८०/८१ | ८०.१ | बिमा रकम | १४,६७६ |
| २९ | २०८०/८१ | ५५ | बिमाको प्रिमियम भुक्तानी | ४,८१० |
| ३० | २०८०/८१ | ८३ | बढी भुक्तानी | ४,८७,४६२ |
| ३१ | २०८०/८१ | ७४ | फरक डण्डीको प्रयोग | ३९,९९८ |
| ३२ | २०८०/८१ | ३२ | प्रदेश समपूरक | २५,२५,२८६ |

| | | | | |
|---|---|---|---|---|
| ३३ | २०८०/८१ | ५६ | पदाधिकारी निजी सचिव | ४,७९,४९० |
| ३४ | २०८०/८१ | ८८ | दोहोरो भुक्तानी | १,३७,७१७ |
| ३५ | २०८०/८१ | ७७ | डोर हाजिर | ५२,४८७ |
| ३६ | २०८०/८१ | ८५.1 | ठेक्का नं. BM।MOR।W।NCB।4।2077।078 | २,५१,०२५ |
| ३७ | २०८०/८१ | 95.२ | ठेक्का नं. BM।MOR।W।NCB।14।076।77 | ४,९७,००३ |
| ३८ | २०८०/८१ | ८७.१,८७.३ | ठेक्का नं. BM।MOR।W।NCB।09।077।78 | ७,८७,६२४ |
| ३९ | २०८०/८१ | ९८.३ | ठेक्का नं. BM।MOR।NCB।०२।२०७७।०७८ | ५२,५५३ |
| ४० | २०८०/८१ | ९२ | गुणस्तर परीक्षण शुल्क | १५,००० |
| ४१ | २०८०/८१ | ३६ | कर कट्टी | २४,७९८ |
| ४२ | २०८०/८१ | ६२ | औषधी खरिद तथा व्यवस्थापन | ४९,२२,७६७ |
| ४३ | २०८०/८१ | ५ | आन्तरिक लेखापरीक्षण | ८,३४,१४८ |
| ४४ | २०८०/८१ | ४६.५ | आन्तरिक आय व्यवस्थापन | ४,९३,५२६ |
| ४५ | २०८०/८१ | ४७ | अवलोकन भ्रमण | २,८९,९५० |
| ४६ | २०८०/८१ | ८९.१,८९.२ | विसनपुर देखि रंजनी मइनर माथिल्लो दौलतपुर हुँदै संगली इनार जोड्ने सडक कालोपत्रे | २,३७,७१६ |
| ४७ | २०७९/८० | ८६ | सोझै खरिदः | ३८,७३,०७३ |
| ४८ | २०७९/८० | ४७ | विपन्न वर्गलाई आकस्मिक सहयोगः | ३,८०,२८० |
| ४९ | २०७९/८० | ३८ | लागत सहभागिताः | ५,७४,३१३ |
| ५० | २०७९/८० | १०४ | मूल्य अभिवृद्धि कर कट्टीः | १५,८७७ |
| ५१ | २०७९/८० | १०३.१ | नदी/खोलाजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्रीः | ८,०७,०१८ |
| ५२ | २०७९/८० | ४१ | जीवन निर्वाह खर्चः | ५,५०,००० |
| ५३ | २०७९/८० | ८५ | इन्जिनियरिङ्ग सुविधाः | १,२६,००० |
| ५४ | २०७८/७९ | ४९ | सेनेटरी प्याडः | ५६,७५० |
| ५५ | २०७८/७९ | ६५ | बढी भुक्तानीः | ४०,००० |
| ५६ | २०७७/७८ | ६५.२ | संगठन तथा कर्मचारी ब्यवस्थापन | १,१५,१५,५८० |
| ५७ | २०७७/७८ | १२४ | विरुवा उत्पादन तथा वितरण | ५,८१,२४० |
| ५८ | २०७७/७८ | ११६ | मेशिनरी तथा औजार सोझै खरिद | २९,०३,९३७ |
| ५९ | २०७७/७८ | ९६ | मदन भण्डारी स्मृति प्रतिष्ठानलाई अनुदान | २,००,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६० | २०७७/७८ | ५५ | बस खरिद | ५४,००,००० |
| ६१ | २०७७/७८ | १२१ | पावर टिलर अनुदान कार्यक्रम | २०,००,००० |
| ६२ | २०७७/७८ | ५२ | कार्यविधि विपरितको खर्च | १५,९१,७४५ |
| ६३ | २०७७/७८ | ४५ | अग्रिम कर | २,५४४ |
| जम्मा | | | | ४५५७५७६६ |
| कुल जम्मा | | | | ६,८३,८१,४९३ |

# बेलवारी नगरपालिका, मोरङ

# ( ८०११३४०३३०० )

# बेलबारी नगरपालिका , मोरङ

# परिचय

१ **परिचय**

**(क) पालिका परिचय** - स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्वेश्य रहेको छ । यस पालिकामा ११ वडा १३२.७९ वर्ग किलोमिटर क्षेत्रफल तथा ८१७७१ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य रहेको छ । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तिय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०९।२० देखि २०८२।०९/२६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :**- पालिकाको आय - व्ययतर्फ रु.२ अर्ब ६५ करोड ४ लाख २९ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ।सोको बिष्तृत विवरण अनुसूची-१ मा संलग्न छ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :**- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३६०८८४।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
| --- | --- | --- |
| १ | भ्रमण खर्च बढी भुक्तानी रु | ३१८२५ |
| २ | सामाजिक सुरक्षा बढी भुक्तानी रु | ५७९४ |
| ३ | सामाजिक सुरक्षा निस्क्रिय खाताको रकम दाखिला रु | १३१०१५ |
| ४ | बैठक भत्ता बढी भुक्तानी रु | १७६२५० |
| ५ | दैनिक भ्रमण भत्ता बढी भुक्तानी रु | १६००० |
| | जम्मा | ३६०८८४ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण -**

२.१ **आर्थिक कारोबारको एकीकृत विवरण -** आर्थिक वर्ष २०८१।०८२ को एकीकृत प्राप्ति तथा भुक्तानीको विवरण देहायअनुसार रहेको छ।

| | प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| | सुरु मौज्दात | | **१०४७५३३७२.२५** | **चालु खर्च** | | ५६३५३८५४८.७ |
| | क .संचित कोष | ५७०४६७६६.४१ | | १. पालिका तर्फ | २७७४०९४२२.९८ | |
| | ख .धरौटी | ३५८३४२१९.३२ | | २. संघीय सशर्त | २८४२५१६४५.७५ | |
| | ग . विविध कोष | ९७९९२५६.५७ | | ३.प्रदेश सशर्त | १८७७४८०.०० | |
| | घ. प्रकोष व्यवस्थापन कोष | २०७३१२९.९५ | | **पुँजीगत खर्च** | | २६०८६४३३२.८ |
| १ | **यस वर्षको आय** | | **१५१११२४४६.०४** | १.पालिका तर्फ | २१२४३६०३०.७५ | |
| | क.आन्तरिक आय | ६४२७००२८.१० | | २.संघीय सशर्त | १५१०६१८३.०० | |
| | ख. लागत सहभागिता | २०४१३३३१.९४ | | ३.संघीय विशेष | ६३९६७१०.०० | |
| | ग. राजश्व बाँडफाड स्थानीय | ६६४२९०८६.०० | | ४. संघीय समपुरक | ३७८९९७२.०० | |
| २ | **वित्तीय हस्तान्तरण (संघ)** | | **६३९५८३३२६.८१** | ५. प्रदेशसशर्त | १२२५६०४०.०० | |
| | क) समानीकरण अनुदान | १६२३२३४४०.०० | | ६प्रदेश समपुरक | १०८७९३९७.०० | |
| | ख) राजस्व बाँडफाँट | १२४७८९२७५.६५ | | **अन्तर सरकारी अख्तियारी (संघ)** | | ३७०९७११४५.५० |
| | ग) सशर्त अनुदान चालु | ३०६२४५००० | | क) सामाजिक सुरक्षा | ३६२६७६६५३.०० | |
| | घ) सशर्त अनुदान पुजीगत | २१४४३००० | | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ८२९४४९२.५० | |
| | ङ) समपुरक अनुदान | १४०८०००० | | **कार्यसञ्चालन कोष तर्फ** | | ६६२२२१७७.०० |
| | च) विशेष अनुदान | १००००००० | | क. प्रकोप व्यवस्थापन कोष | ६८०९२५१.०० | |
| | छ. वन रोयल्टी | ७०२६११.१६ | | ख.विविध कोष | १२४७८४१६.०० | |
| ३ | **वित्तीय हस्तान्तरण (प्रदेश)** | | **५६५१२९४३.०९** | ग. विविध खर्च खाता | ४६९३४५१०.०० | |
| | क) समानीकरण अनुदान | ११३०७००० | | **धरौटी फिर्ता** | १९६८९१४३.०० | १९६८९१४३.०० |
| | ख) राजस्व बाँडफाँट | १७९२४९४३.०९ | | **अन्य खर्च** | | १००००००.०० |
| | ग) सशर्त अनुदान चालु | १८८१००० | | क. सडकबोर्ड नेपाल | १००००००.०० | |
| | ग) सशर्त अनुदान पुजीगत | १२४००००० | | **जम्मा खर्च** | | **१२९१२८५३४६.९८** |
| | घ) समपुरक | १३०००००० | | **अनुदान फिर्ता** | | **४४४९१५७२.२५** |

| | | | | | |
|---|---|---|---|---|---|
| | अनुदान | | | | | |
| ४ | **अन्तर सरकारी अख्तियारी (संघ)** | | **३७०९७११४५.५** | १. संघ तर्फ | | ४२२२३४८९.२५ |
| | क) सामाजिक सुरक्षा | ३६२६७६६५३.०० | | क) सशर्त अनुदान | २८३३०१७१.२५ | |
| | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ८२९४४९२.५ | | ख) विशेष अनुदान | ३६०३२९० | |
| **५** | **धरौटी आय** | **१७५०७२०७.४७** | **१७५०७२०७.४७** | ग) समपुरक अनुदान | १०२९००२८ | |
| ६ | **कार्यसञ्चालन कोष आय** | | **६७८३८११४.००** | २.प्रदेश तर्फ | | २२६८०८३.०० |
| | क. प्रकोप व्यवस्थापन | ८०००००० | | क) सशर्त अनुदान | १४७४८० | |
| | ख.विविध कोष | १०८८२७७३.० | | ख) समपुरक अनुदान | २१२०६०३ | |
| | ग. विविध खर्च खाता | ४८९५५३४१.० | | **मौज्दात** | | **८३६२८१३५.९३** |
| ७ | **अन्य आय** | | **१११२६५००.००** | १. संचित कोषकोमौज्दात | ३६४८७५१८.९३ | |
| | क. सडकबोर्ड नेपाल | १०६९०००० | | २. धरौटी | ३३६५२२८३.७९ | |
| | ख.प्रादेशिक स्थानीय सहयोग कार्यक्रम | ४३६५०० | | ३. कार्यसञ्चालनकोष विविध | ८२०३६२३.५७ | |
| | | | | ४. प्रकोप व्यवस्थापन कोष | ३२६३८७८.९५ | |
| | | | | ५ विविध खर्च खाता | २०२०८३०.६९ | |
| | | | | | | |
| | **जम्मा आय** | | **१४१९४०५०५५.१६** | **जम्मा** | | **१४१९४०५०५५.१६** |

२.२ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०१।८२ को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७० बजेट र गैरबजेट निकाय) देहाय बमोजिम रहेको छ

**(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.३ **वित्तीय विवरणको यथार्थता** - आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरणमा स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ३६२६७६६५३।- र एकीकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.८२९४४९२/५०।- समेत गरी रु. ३७०९७११४५/५०।- एकीकृत वार्षिक प्रतिवेदनको म.ले.प.फा.न. २७ (घ) मा समावेस गरेको छैन। पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

• सुत्रमा Revenue model आंशिक रुपमा लागू गरेको, ईन्ट्री गर्नुपर्ने टिप्पणीहरु जस्तै ८ (बजेटमा समावेश नभएको तेस्रो पक्ष सहायता),१४ (खर्चको प्रतिवद्धता),१७ (बेरुजु) र सम्पत्ति तथा राजस्व बक्यौता ईन्ट्री गरी वित्तीय प्रतिवेदनमा समावेश नगरेको

अवस्था छ।

• म.ले.प.फा.नं. २७० वित्तिय प्रतिवेदन अनुसार आकष्मिक कोष लगायतमा गत वर्षको मौज्दात रू. २६३६४७८/- रहेकोमा यस वर्ष रू. ५६५९९८/- ले न्युन मौज्दात देखाएको छ।

• गत वर्षको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनको अन्तिम मौज्दात र यो वर्षको शुरु मौज्दात रु. १०,४७,५३,५५२.२५ जिम्मेवारी सारेको छ ।

• मिति २०८२/०९/२४ को पत्र र मुचुल्का समेतको प्रतिवेदन तथा क्षतिको विवरण अनुसार रू. २६०७६७४३/८४ को सम्पती र रू.१२३८१०७२८/०१ को १५२ योजनाको कागजात जलेको, नष्ट भएको प्राप्त विवरणबाट देखिएको छ।

• नगर विकास कोष, नयाँबानेश्वरको मिति २०८२।२।११ को साँवा व्याज किस्ता भुक्तानी पठाउने सम्बन्धको पत्रानुसार पालिकाले गत विगत बर्षमा को रु. ४०४८७७९०/६१ तिर्नुपर्ने ऋण दायित्व देखिएकोमा आ. व. २०८२ असारमा व्याज रु. २४६७८१२/४६ र साँवा रु. ९४१५२४/८८ समेत जम्मा रू. ५३५१८७५/४८ चालु खर्चबाट भूक्तानी गरेको देखिन्छ । तिर्नुपर्ने दायित्वमा यस बर्ष भुक्तानी गरेको साँवा घटाउदा रु.३३५२९७९५/४६ बाँकी देखिएको छ। पालिकाले ऋण तथा दायित्व हिसाब वित्तीय विवरणमा समावेश गरेको छैन ।ऋण तथा दायित्व हिसाबको अभिलेख वित्तीय विवरणमा समावेश गर्नुपर्दछ ।

२.४ बैङ्क हिसाव - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाको निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दात देहाय अनुसार रहेको छ।

| खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|
| ग २.३, विविध खर्च खाता | २०,२०,८३०.६९ | ० |
| ग २.७, विविध खर्च खाता | ० | २०,२०,८३०.६९ |
| ग ३.१, स्थानीय तह धरौटी खाता | ३,३६,५२,२८३.७९ | ३,३६,५२,२८३.७९ |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ३,६४,८५,७१८.९३ | ३,६४,८५,७१८.९३ |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | ८२,०३,६१३.५७ | ८२,०३,७४३.५७ |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ३२,६३,८७८.९५ | ३२,६३,८७८.९५ |
| जम्मा | ८,३६,२६,३२५.९३ | ८,३६,२६,४५५.९३ |

२.५ **सञ्चित कोषको वित्तीय स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । प्राप्ति भन्दा ट्रान्सफर बढी गरेको कारण रु. ४,५१,८४,६७९/- न्यून मौज्दात भएको देखिन्छ । सञ्चित कोषको वित्तीय स्थिति देहाय अनुसार रहेको छ ।

| क्र.सं. | विवरण | प्राप्ती | ट्रान्सफर | मौज्दात |
|---|---|---|---|---|
| १ | आन्तरिकश्रोत | १५,२८,५४,८१६.७६ | १४,२७,५९,२८०.०० | १००९५५३६.७६ |
| २ | राजस्वबाँडफाँड | २०,९८,४५,९१५.९० | २०,७९,५८,०००.०० | १८८७९१५.९ |
| ३ | समानिकरणअनुदान | १७,३६,३०,४४०.०० | १८,६३,०७,०००.०० | -१२६७६५६० |
| ४ | शसर्तअनुदान चालु | २८,६१,२९,१२५.७५ | ३०,८१,२६,०००.०० | -२१९९६८७४.२५ |
| ५ | शसर्तअनुदान पुंजीगत | २,७३,६२,२२३.०० | ३,३८,४३,०००.०० | -६४८०७७७ |
| ६ | विषेशअनुदान पुंजीगत | ६३,९६,७१०.०० | १,००,००,०००.०० | -३६०३२९० |
| ७ | समपुरकअनुदान पुंजीगत | १,४६,६९,३६९.०० | २,७०,८०,०००.०० | -१२४१०६३१ |
| ८ | जम्मा | ८७,०८,८८,६००.४१ | ९१,६०,७३,२८०.०० | (४,५१,८४,६७९.५९) |

२.६ **फरक हिसाव** - सुत्रबाट तयार गरेको कोषको प्राप्ति र भुक्तानीको एकिकृत बार्षिक प्रतिवेदन र एकिकृत प्राप्ति र भुक्तानीको विवरण अनुसार देहाय बमोजिम को हिसाबमा फरक परेको देखियो । सुत्रको हिसाबमा समाबेश नभएको अन्तरसरकारी वित्तिय हस्तान्तरणको कुल रु. ३७०९७११४५/५० प्राप्ति तथा खर्च गरेको देखियो ।उक्त रकम समायोजन गर्दा हुने वित्तिय विवरणको आम्दानीमा रु.५००८१००२८/- र प्राप्तिमा रु.५०१३७४०३७/- फरक परेको देखिन्छ। यस सम्बन्धमा यकिन गरी समष्टीगत आर्थिक कारोबारको विवरणमा यथार्थ अवस्थाको चित्रण गर्नुपदर्छ ।

| शिर्षक | गत बर्षको जिम्मेवारी | प्रासि | भुक्तानी | मौज्दात |
|---|---|---|---|---|
| म.ले.प. फा. न. २७० | १०,४७,५३,५५२.२५ | ८१,३८,४१,६५४.०० | ८३,४४,०२,८८१.४८ | ८,३६,२६,३२५.९३ |
| एकिकृत हिसाव | १०४७५३३७२/२५ | १३१४६५१६८२/९१ | १३३५७७६९१९/२३ | ८३६२८१३५/९३ |
| फरक | ० | ५००८१००२८/९१ | ५०१३७४०३७/७५ | ० |

## ३ बजेट तथा कार्यक्रम

३.१ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८१।०३।१०मा रु. ९७ करोड १५लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।२९पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८१।०४।०२मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै बजेट पारित गरी अख्तियारी प्रदान गर्नुपर्दछ ।

३.२ **योजनाको प्राथमिकीरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर आर्थिक वर्ष २०८१।८२ मा वडागत र पालिकास्तरका कुल १६९ योजनामा रु. २७३४५२००० विनियोजन भई पुजीगततर्फ रू. २७०८६४३३२।-खर्च गरेको छ। सो मध्ये उपभोक्ता समिति बाट १४४ योजनाहरुमा रु. १२३४०६४०७।– खर्च गरेको छ । संचालित योजनामध्ये ८५.२१ प्रतिशत योजना उपभोक्ता समितिबाट संचालन भएको देखिन्छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | १ लाखसम्म | १-५लाखसम्म | ५-१० लाखसम्म | १० लाख भन्दा माथी |
|---|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय र वडास्तरीय | १६९ | १० | ८० | ३१ | ४८ |
| २. | रकम (रु. हजारमा) | २७३४५२ | ८३० | ३३८८० | २६१५५ | २१२५८७ |

उपर्युक्त विवरण अनुसार पालिकाले 1 लाख देखी 5 लाख सम्मका 90 योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना बाहेक रू. 92 लाखका 25 योजना कार्यान्वयन हुन सकेको देखिएन । प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वयन गर्नुपर्दछ।

३.३ **एकमुष्ट बजेट** –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को २ मा वजेट पेश तथा पारित गर्ने विषयमा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण माथी छलफल गरी सभाबाट पारित हुने वजेटमा एकमुष्ट राख्न मिल्ने देखिदैन यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६ को उपनियम १८ मा कार्यालयले वजेट तर्जुमा गर्दा आगामी आर्थिक बर्षमा कार्यान्वयन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत वजेटमा समावेश गर्नु पर्ने व्यवस्थाबाट पनि एकमुष्ट वजेट राख्न मिल्ने देखिदैन । यो वर्ष रू. १४४९६०००/- एकमुष्ट बजेट व्यवस्था गरी ८८ योजनामा रू. १२९६५५८८/- खर्च गरेको छ। बजेट एकमुष्ट राखी कार्यपालिकाको बिभिन्न मितिका निर्णयबाट सभाले मिति २०८२/०३/१० गते समर्थन गरी खर्च गरेको देखिन्छ । यसमा सुधार गरी बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| क सं | योजनाको नाम | विनियोजित बजेट | बजेटखर्च(रू हजारमा) | योजना संख्या |
|---|---|---|---|---|
| १. | अन्य सामाजिक क्षेत्र सुधार | २५,०००००/- | २३९९९०० | ५० |
| २. | सामाजिक संघ संस्था साझेदारी कार्यक्रम | ८,०००००/- | ७९९२८९ | ६ |
| ३. | भू-संरक्षण तथा नदी नियन्त्रण | ३८,०००००/- | ३७९९४१८ | २ |
| ४. | सिँचाई पुर्वाधार विकास | १६४६०००/- | १३४२७३८ | ३ |
| ५. | खानेपानी पूर्वाधार व्यवस्थापन | २,०००,०००/- | १०१३९९० | ५ |
| ६. | नगर स्तरीय पूर्वाधार | १७,५०,०००/- | १७,०९१०५ | ८ |
| ७. | धार्मिक सांस्कृतिक पूर्वाधार | १,०००,०००/- | ९६७११६ | ५ |
| ८. | गुम्वा विकास तथा व्यवस्थापन | १,०००,०००/- | ९३४०४२४ | ९ |
| | **जम्मा** | १,४४,९६,०००/- | १२९६५५८८/- | ८८ |

पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

३.४ **गत विगतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी ३२ क्रमागत योजनामा रु. ६ करोड र चालु प्रकृतिको प्रकोप, मर्मत, भ्रमण लगायतमा रू. ६०५०२६३ समेत जम्मा रू. ६६०५०२७३/- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३.५ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । आर्थिक वर्ष २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | विवरण | बजेट | खर्च | खर्चप्रतिशतमा |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | ३०३५६०००. | २६०९७८४६.६ | ३.१३ |
| २ | सामाजिकविकास | ४२४८८९०००. | ३८२४७१४३८.५६ | ४५.८४ |
| ३ | पूर्वाधारविकास | ३२६२६५०००. | २४६०४४८७२.७५ | २९.४९ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | २३२२५०००. | १७५९९८६४.८३ | २.११ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | १७५१४६७६६.४१ | १६२१८८८५८.७४ | १९.४४ |
| ६ | जम्मा | ९७९८८१७६६.४१ | ८३४४०२८८१.४८ | १००. |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४५.८४प्रतिशत र सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र मा सबै भन्दा घटीमा २.११प्रतिशत रहेको छ।

**(क) खर्च विश्लेषण -** पालिकाको एकीकृत वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७० अनुसार पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. १३,०६,९९,११४/ - राजस्व बाँडफाँबाट रु. १४,२७,१४,२१८.७४ अनुदानबाट रु. ५५३३८२०५१/ १६ समेत रू. ८१३८४१६५४ आम्दानी भएकोमा चालु तर्फ रु ५६,३५,३८,५४८.७३ र पूँजिगत तर्फ रु २७,०८,६४,३३२.७५ र वित्तीय व्यबस्था तर्फ रु. ० समेत रु ८३,४४,०२,८८१.४८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १५.६६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू. १०२६०९०८/ - खर्च भएको छ जुन आन्तरिक आयको ७.८५ प्रतिशत रहेको छ । पालिकाको ६७.५३ प्रतिशत चालु र ३२.४६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी

प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

३.६ योजना तथा वजेट कार्यान्वियन - पालिकाको योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना मिति २०८२/०३/२९ मा पारित गरी लागू गरेको छ। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न समेत बजेटमा नै दिगो विकासको लक्ष्यलाई आवद्धगरी प्रयास गरेको छ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम पालिकाले आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८१ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु.५ करोड ४ लाख ५ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ५.१८ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको देखिएन । रकमान्तर गरेको रकमबाट ५९ योजनामा रु. ५ करोड ४ लाख ५ हजार खर्च गरेको देखियो।कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । **अन्ततः योजना तथा बजेट कार्यान्वियनलाई प्रभावकारी बनाउनु पर्दछ ।**

३.७ **लक्ष्य प्रगति स्थिती** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३५(१)मा वजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाएको देखिएन। बजेट खर्च गर्ने जिम्मेवारी प्राप्त पदाधिकारीले बजेट खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउन पालिकाको ध्यान जानुपर्दछ।

| कार्यक्रम तथा वजेट | कार्यक्रम/ योजना संख्या | यो बर्षको खर्च | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|---|
| | | | शून्य प्रगती | २५ प्रतिशत सम्म प्रगति | ५०प्रतिशत सम्म प्रगति | ७५प्रतिशत सम्म प्रगति |
| पुंजीगत | १६४ | २७०८६४३३२ | २५ | १६ | ६ | ९ |

प्राप्त विवरण अनुसार १९४ कार्यक्रम तथा योजना मध्ये शुन्य प्रगति हुने योजना तथा कार्यक्रम २५ रहेका छन। ५० प्रतिशतसम्म प्रगती हासिल गर्ने योजना तथा कार्यक्रमको संख्या २२ र ७५ प्रतिशतसम्म प्रगति हासिल गर्ने योजना संख्या ९ रहेको देखियो।७५ प्रतिशत भन्दा बढी प्रगती भएका योजना संख्या १३८ रहेको देखिन्छ। ७५ प्रतिशत भन्दा कम प्रगति हुनाको कारण समयमा बजेट निकासा नहुनु, ढिलो सम्झौता सम्झौता भएको पालिकाको भनाइ रहेको छ। प्रगति प्रतिवेदन तयार गरी सम्पादिन कार्यक्रमको उपलब्धि मापन गर्नुपर्दछ।

**क ) निर्माण कार्यको प्रगति** - प्राप्त विवरण अनुसार यो वर्ष ठेक्का व्यवस्थापनबाट भएका निर्माण कार्यको बार्षिक प्रगती स्थीति देहाय बमोजिम रहेको छ।

| क.सं. | ठेक्का नं. | निर्माण कार्य | निर्माण व्यवसायी | संझौता मिति | शुरु सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम | यो वर्ष को खर्च | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| **1** | BM/MOR/W/NCB-01-2081/082 | Baryati shakha nahar ratna rai ko ghar dekhi utar kalopatre sadak | S & S brothers Morang | 8/17/2081 | 2082/03/20 | 3427259 | 3309898.4 | 96.58% |
| **2** | BM/MOR/W/NCB-02-2081/082 | Bishnu shrestha ko ghar dekhi hardibari hudai subidhar tole sammw kalopatre | Chakra Nirman Sewa Sunsari | 8/13/2081 | 2082/03/20 | 3635519 | 3464994.56 | 95.31% |
| **3** | BM/MOR/W/NCB-03-2081/082 | Buddha Marga adhuro sadak kalopatre | Sirsha Nirman Sewa, Bhaktapur | 8/18/2081 | 2082/03/20 | 3722325.5 | 3531224.22 | 94.87% |
| **4** | BM/MOR/W/NCB-04-2081/082 | Mul Nahar Keshab bistako ghar dekhi uttartarfa kalopatre | S & S brothers Morang | 8/17/2081 | 2082/03/20 | 3722325.5 | 3531224.22 | 94.87% |
| **5** | BM/MOR/W/NCB-05-2081/082 | Bihibare dekhi ranpal adharbhut Bidhyalai jodne bato kalopatre | chandra surya nirman Morang | 8/18/2081 | 2082/03/20 | 3898588.48 | 3753929.56 | 96.29% |
| **6** | BM/MOR/W/NCB-06-2081/082 | Anam chowk batw paschim janebato kalopatre | chandra surya nirman Morang | 8/18/2081 | 2082/03/20 | 4075948 | 3899071.96 | 95.66% |
| **7** | BM/MOR/W/NCB-07-2081/082 | Chandni chowk amanchowk hudai nalbari ward no 8,9,10 rw 4 jodne bato | simran infra structure bhaktapur | 8/21/2081 | 2082/03/20 | 7703661.44 | 8809693.17 | 114.36% |
| **8** | BM/MOR/W/NCB-08-2081/082 | kalopatre Janahit margama simpane tole dekhi mirmire football ground samma edging sahit estarunnati | BNC construction Morang | 8/27/2081 | 2082/03/20 | | | 100% |
| **9** | BM/MOR/W/NCB-09-2081/082 | Construction of mahendra basic school Building phase 2 | Ridima Nirman Sewa, Morang | 9/11/2081 | 2082/03/20 | 5758118.3 | 2735685.58 | 47.51% |
| **10** | BM/MOR/W/NCB-10-2081/082 | SUKRAPATH MARGA DRAIN NIRMAN Phase 2 | | | 2082/03/20 | 3399999.91 | 3356135.3 | 98.71% |
| **11** | BM/MOR/W/NCB-11-2081/082 | Construction works of culvert at ward 6 & 9 | ojus construction Morang | 12/3/2081 | 2082/03/20 | 1600000 | 1600000 | 100.00% |
| **12** | BM/MOR/W/NCB-12-2081/082 | Construction works of dam for Betna, Amna, Sisauli tourism area, Tourism route and turtle conservation | sanvi Builder Morang | 11/19/2081 | 2082/03/20 | 12986955.55 | 5025583.31 | 38.70% |
| **13** | BM/MOR/W/NCB-13-2081/082 | Construction of Bahuni Bazzar Truss Tahara Nirman | | | 2082/03/20 | 1565402.66 | 1342968.69 | 85.79% |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **14** | BM/MOR/W/NCB-14-2081/082 | Janaudhha sangralaya Nirman | Bhumi Radha Builders Morang | 12/25/2081 | 2082/03/20 | 6134786.17 | 2432406.85 | 39.65% |
| **15** | BM/MOR/W/NCB-15-2081/082 | road maintenance work carried out in partenership with Roads Boards Nepal at ward 2,3,4 and 5 | Sirsha Nirman Sewa, Bhaktapur | 12/14/2081 | 2082/03/20 | 7888027.55 | 6062080.26 | 76.85% |
| **16** | BM/MOR/W/NCB-16-2081/082 | Construction works of paving block phase 2 | zenith builders morang | 12/31/2081 | 2082/03/20 | 11435577.75 | | 0.00% |
| **17** | BM/MOR/W/NCB-17-2081/082 | kaseni sanihat bazar area mangment | green peace nirman sewa Morang | 1/11/2082 | 2082/03/20 | 3068925.76 | 1687719.86 | 54.99% |
| **18** | BM/MOR/W/NCB-18-2081/082 | Construction works of drain and edging for hat bazar management at different place | Rain Nirman Sewa Susari | 2/5/2082 | 2082/03/20 | 3533525.29 | | 90.00% |
| **19** | BM/MOR/W/NCB-19-2081/082 | Chadani chowk to Bhaunne Amtola Sadak Jodne Sadak , Dhokar jane bato bikash basnetko ghar hudai dakshin bidhyalaya samma Sadak , Kaseni bajar chowk dekhi dakshin jane Sadak kalopatree Nirman | Radhe Radhe Nirman Sewa Morang | 4/11/2082 | 2082/03/20 | 7007688.75 | | 90.00% |
| **20** | BM/MOR/W/NCB-20-2081/082 | 15 bed Nagar Aspatal Compound Wall and Drain Works | Basnet Nirman Sewa Morang | 3/29/2082 | 2082/03/20 | 5051497.46 | | 90.00% |
| जम्मा | | | | | | 104171276 | | 80.01% |

यो वर्षका २० निर्माण कार्यको खर्च रू.१०४१७१२७६/- रहेको छ। उक्त निर्माण कार्यको औषत प्रगती प्रतिशत ८०.०१ रहेतापनी १ योजना सञ्चालन नभएको र ४ योजनाको प्रगती ८० प्रतिशत भन्दा न्यून रहेको छ। सम्झौता बमोजिमको कार्य प्रगती हासिल गर्नु पर्दछ।

**ख) जिम्मेवारी सरेका योजना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यो वर्ष देहायअनुसारका ५ योजनाको कार्य सम्पन्न हुन नसकी म्याद थप गरी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । यस सम्बन्धमा जिम्मेवारीपूर्वक कार्यतालिका बमोजिम कार्यसम्पादन गर्नु गराउनु पर्दछ ।

| क्र.सं. | ठेक्का नं. | निर्माण कार्य | निर्माण व्यवसायी | संझौता मिति | शुरु सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने मिति | म्याद थप पछी सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम |
|---|---|---|---|---|---|---|---|
| १ | BM/MOR/NCB-16-208 0-081 | Nadi Niyantran Tatha Ghat Bewastha | Baskar Nirman Sewa | २०८०।०२।०३ | २०८१।०३।२० | २०८२।०७।२० | १११९६२००.०५ |
| २ | BM/MOR/NCB-07-2078-079 | Cold Storage Buidling | Agrim PP JV | २०७९।५।३६ | २०८१।२।।३० | २०८२/ ११/ ३० | ५१५४५८५.७७ |
| ३ | BM/MOR/NCB-02-2077-078 | Belbari shopping Complex and local product center | Rabina/Abhisa/Abhiyan | २०७७/ ११/ २८ | २०७९/ ०५/ २७ | २०८३/ ०२/ ३० | ११९९८५७१४.१८ |
| जम्मा | | | | | | | |

३.८ **बार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन मूल्याँकन योजना समेत तयार गर्नुपर्ने तथा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाको आ.व. २०८१।८२ को बार्षिक नीति तथा कार्यक्रममा दिगो विकासको लक्ष्य र निति तथा कार्यक्रमको सूचक उल्लेख गरी विनियोजन ऐनमा योजना तथा कार्यक्रमहरू उल्लेख गरेको देखियो। तर विनियोजन ऐनमा समावेश भएका तर कार्यान्वयन नभएका योजना तथा कार्यक्रमहरू देहाय बमोजिम रहेका छन्।

**क्र.स.**
**योजनाको नाम**
**रकम रु हजारमा**
**दिगो बिकासको लक्ष्य**
**निति तथा कार्यक्रमको सुचक नं.**
१.
बैदेशिक रोजगारमा जानचाहाने नेपालीहरुका लागि सचेतनामूलक कार्यक्रम
१००
८.३
१.३.३
२
धनपालगढी पर्यटकियस्थल प्रवर्धन
३००
११.३
१.३.१०
३
सामुदायिक वनसँगको सहकार्यमा वनमा आधारित लघु उद्यमको स्थापना र विकास
३००
४.४
१.३.६
४
महिला सहकारी विकास तथा विस्तार उत्प्रेरणा तालिम
१००
८.३
१.४.१
५
सहकारी शिक्षा र तालिम
१५०

८.३
१.४.२
६
सहकारी अनुगमन एकिकरण र खारेजी
३००
८.३
१.४.३
७
कार्यस्थल शुरक्षा सामाग्री
२००
८.३
१.३.११
८
कक्षा ८देखी १०अतिरिक्त कक्षा संचालन सहयोग
५००
४.१
२.१.१९
९
२४ घण्टा संस्थागत प्रसुति संचालन व्यवस्थापन
७५
३.१
२.३.१
१०
ल्याव तथा बिमा भएको स्थानमा स्फटवेयर
४००
१६.६
२.३.१
११
स्वास्थ्य नगर प्रोफायल
१००
१६.६
२.३
१२
लघु उधमी महिलाहरुलार्इ सहयोग
४००
५.६
२.४.२
१३
किसोरीहरुका लागि आत्मारक्षा तालिम
१५०
५.२
२.४.१४
१४
वालवालिकाको स्थिति पत्र निर्माण
५००
५.२
२.४.६
१५
बालमैत्री लगानी योजना निर्माण
३५०
८.५
२.४.६

१६
बालमैत्री घोषणा साझेदारी
३००
८.५
२.४.७
१७
नगर बाल संजाल कार्यक्रम
५५०
८.५
२.४.६
१८
संस्कृतिक संरक्षण तथा पूर्वाधार निर्माण
७००
११.३
२.४.११
१९
अपाङ्गता भएका बालबालिकाहरुका लागि घरमा आधारित शिक्षा
२००
१०.२
२.४.१०
२०
अपाङ्गता भएका व्यक्तिहरुको प्रतिभा प्रस्फुटन कार्यक्रम
३०
१०.२
२.४.१०
२१
स्वास्थ्य संस्थामा गर्भवती महिलाहरुको दर्ता र अध्यावधिक (मोबाईल स्वास्थ्य कार्यक्रम)
३०
१०.२
२.४.१०
२२
अनुसन्धान सम्बन्धी कार्य
२००
८.२
२.५.३
२३
साहित्य कला क्षेत्र सहयोग कार्यक्रम
३००
११.४
२.५.३
२४
साहित्यिक पुस्तक प्रकासन
१००
११.४
२.५.३
२५
सडकवत्ति डिपिआर
१५००
११.३
४.१
२६
हुलाकी मार्ग ग्राबेल

५००
११.२
४.१.१६
२७
बिहिबारे हुदै केलारी जोड्ने बाटो
५००
११.२
४.१.१६
२८
वडा कार्यालय ब्लक लगाउने कार्य
५००
११.२
४.१.१६
जम्मा रु
९३३५
कार्यान्वयन गर्न सकिने योजना तथा कार्यक्रमहरुमा मात्र बजेट विनियोजन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३.९ **त्रैमासिक खर्च** - स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कुल पूँजीगत खर्चको तुलनामा प्रथम चौमासिकमा ९.७४ प्रतिशत र दोस्रो त्रैमासिकमा ९.२६ प्रतिशत, तेस्रो त्रैमासिकमा १९.२७ तथा चौथो त्रैमासिकमा ६१.७१ प्रतिशत खर्च गरेको देखिन्छ। कुल पूँजीगत खर्चको तुलनामा आषाढ महिनामा मात्र ३८.२७ प्रतिशत खर्च गरेको छ । शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

| खर्च शिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु. हजारमा) | | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| पूँजीगत खर्च | २७०८६४ | २६३९५ | २५१०१ | ५२२१४ | १६७१५४ | १०३६६२ |
| प्रतिशत | १०० | ९.७४ | ९.२६ | १९.२७ | ६१.७३ | ३८.२७ |

वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल पूँजीगत खर्चको चौथो त्रैमासिकमा ६१.७१ प्रतिशत र आषाढ महिनामा ३८.२७ प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

४ **आवधिक योजना-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका योजनामा स्थानीय तहको विकासका लागी आवधिक योजना तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । प्रथम आवधिक योजना २०८१।०८२-०८५।८६ सम्मको लागी तयार गरी कार्यान्वयनमा ल्याएको छ । उक्त योजनामा क्षेत्रगत रुपमा बजेट अनुमान गरेको छ । तर आ.व. २०८१/८२ मा आर्थिक विकासतर्फ रू. ३ करोड ५३ लाख ३९ हजार बजेट विनियोजन भएकोमा आवाधिक योजनामा यस वर्षको लागी रू. ४ करोड २९ लाख ४६ हजार बजेट व्यवस्था गर्नुपर्ने प्रक्षेपण गरेको देखीन्छ। जसबाट आवाधिक योजनाको प्रक्षेपण बमोजिम बजेट पालिकाले वार्षिक योजनासंग आवधिक योजनाको तादाम्यता हुनेगरी बजेट तथा कार्यक्रम तय गर्नुपर्दछ ।

५ **राजश्व सुधार योजना -**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६५ अनुसार पालिकाले राजश्व सम्बन्धी कानुन बनाउन सक्ने व्यवस्था छ । आ.व.२०७५।०७६-०७८।०७९ सम्मका लागी राजश्व सुधार योजना तयार गरी कार्यान्वयन गरेको देखीयो। तर पहिलो राजश्व सुधार योजनाको अवधि समाप्त भएको २ वर्ष व्यतित हुँदासमेत नयाँ योजना बनाएको देखिदैन।राजश्व सम्बन्धी कानुन अनुसार राजस्व बृद्धि हुने गरी रणनीति तय गर्नुपर्दछ ।

६ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर त्यस्तो प्रणाली तयार गरी लागु गरेको देखिएन। जसले गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी संघीय प्रदेश ऐन नियम कार्यविधिको आधारमा बैठक भत्ता, लगायतका कार्यक्रमा रु. ४७ लाख ७२ हजार खर्च गरेको छ।

• सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको देखिएन।

• उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन।

• सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गरेको अभिलेख अद्यावधिक गरी राखेको देखिएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको छ।

• सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम बार्षिक खरिद योजना तयार गरेको छैन ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको देखिएन।

• निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको देखिएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको देखिएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। भ्रमण तथा अनुगमन वापत रू. २५ लाख ७५ हजार खर्च लेखेकोमा भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको देखिएन।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको देखिएन ।

• म.ले.प. फा. न. ५०३ बमोजिम नापी नियन्त्रण अभिलेख खाता राखेको देखिएन ।

• स्थानिय सरकार संचालन एन २०७४ को दफा ९७ वमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको रेखदेख,मर्मत सम्भार र संरक्षण अभिलेख राखेको देखिएन ।

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) बमोजिम पालिकाले कार्यक्रमसहीतको कार्ययोजना तयारी गरी लागु गरेको देखिएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता र पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख नराखेको,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित रहेको देखिएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिटी, माटो लगायत र वनजन्य विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) र (ञ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई

आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको विवरण अभिलेख अद्याबधिक गरि राखेको देखिएन,

• यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फर्स्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• बेरुजु लगतका लागि तयार गरीएको म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको,

**ऐन तथा नियमावलीमा भएको व्यवस्थाको परीपालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनु पर्दछ ।**

७ **संगठन तथा कर्मचारी व्यवस्थापन** -

७.१ **जनशक्ती व्यवस्थापन**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ।प्रमुख प्रशासकीय अधिकृत सहित १५४ दरबन्दी स्वीकृत रहेकोमा ९३ जना पदपूर्ती भएको देखिन्छ । प्राप्त विवरण अनुसार वरिष्ठ मेडिकल अधिकृत, प्रशासनिक कर्मचारी सहित ६१ पदहरु रिक्त रहेका छन । प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित पदहरु रिक्त रहेका छन् । रिक्त पदमा लोकसेवा आयोगमा २०८२।०९।०९ मा १७ जना माग गरी पठाएको देखियो । दरबन्दी तथा पदपुर्तिको अवस्था देहाय बमोजिम रहेको देखिन्छ ।

| विवरण | स्वीकृत दरबन्दी | पदपुर्ति | रिक्त |
|---|---|---|---|
| पालिका तर्फ | ९४ | ५३ | ४१ |
| स्वास्थ्य तर्फ | ६० | ४० | २० |
| जम्मा | १५४ | ९३ | ६१ |

समयानुकुल स्रोत साधन र प्रविधिको उपयुक्तताको आधारमा जनशक्ती व्यवस्थापन गर्नुपर्दछ ।

७.२ **करार पदपूर्ति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। यस्तै सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाइ सम्बन्धी पदमा स्थायी पदपूर्ती नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्ने र सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न नपाइने व्यवस्था छ। पालिकाको १२ औँ नगरसभाबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण मिति २०७९/०९/२८ र संशोधन मिति २०८१/०३/१० मा स्वीकृत गरेकोमा स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम पद दर्ता नभएको र लोकसेवामा माग आकृति २०८२/०९/०९ मा पठाएको देखीन्छ । कार्यक्रम करार १२ जना ,नगर प्रहरी, कार्यालय सहायक, सवारी चालक समेतको दरवन्धी करार ७१ जना स्थायी रिक्त स्थानमा प्राविधिक कर्मचारीहरूको पदपुर्ती १६ जना र सो बाहेक दरबन्दी बाहिरको करार १२ जनाको लागि यस बर्षको तलब रु.२३६१६३२४/- खर्च लेखेको देखियो करार सेवाका १११ मध्ये पालिकाले स्वीकृत दरवन्दी वेगरका देहायका पदमा निम्नानुसार १२ जना कर्मचारी नियुक्ति गरी रु.५१३९८६४/- तलव भत्ता भुक्तानी गरेको छ । दरबन्दी भन्दा बढी कर्मचारी नियुक्तिको पुष्ट्याई तथा औचित्य पेश गरेको छैन । स्वीकृत दरबन्दी बेगरको पदमा कर्मचारी नियुक्त गरी रु. ५१३९८६४/- भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु.

| क्र.स | नियुक्ती पद | नियुक्त संख्या | बार्षिक तलब भत्ता |
|---|---|---|---|
| १ | मे.अ आठौ | २ | ११६९६८८ |
| २ | अ.स इन्जिनियर | ३ | ११८४४७२ |
| ३ | सहायक चौथो | ५ | १९७४१२० |
| ४ | अ.न.मी | १ | ३९४८२४ |
| ५ | ल्याब टेक्निसियन | १ | ४१६७६० |
| | | जम्मा: १२जना | ५१३९८६४ |

(असिस्टेन्ट सव इन्जिनियर ६ जना र सहायक चौथो ५ जनाको करारतर्फको कर्मचारी लोकसेवा आयोगबाट पदपुर्ती पछि स्वत: समाप्त गरीने निर्णय समेत गरेको पालिकाको भनाई छ।)

| | |
|---|---|
| अनियमित भएको | ५१,३९,८६४ |

७.३ **तलवी प्रतिवेदन**- निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ तथा कोशी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६ ( ४) वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ ।यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिका र स्वास्थ्यतर्फको कर्मचारीको रु.१६१८८०५६०/- तलव खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

**(प्रदेश निजामति किताबखानाबाट प्रमाणित नभएकाले पारित हुन नसकेको पालिकाको भनाई रहेको छ )**

७.४ **अवकास कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । कर्मचारीहरुको मासिक तलबबाट कट्टा नगरी यस वर्ष आन्तरिक श्रोतबाट कर्मचारी अवकास कोषमा रु.२० लाख ट्रान्सफर गरेको छ । उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट नगरपालिका कर्मचारी कल्याणकोष संञ्चालन कार्यविधी, २०८२ बमोजिम सञ्चालन गरेको देखिन्छ।

## ८ कानून निर्माण एवं कार्यान्वयन

८.१ **कानून निर्माण स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा हालसम्म २४ वटा ऐन, ४ वटा नियमावली, ५३ वटा कार्यविधि लगायत ८८ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

८.२ **न्यायिक सम्पादन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४० र यो वर्ष थप भएको ५४ गरी कुल ९४ विवाद दर्ता भएकोमा ८० वटा मात्र फस्र्यौट भई १० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ९ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले खाना खाजा विविध कार्यक्रममा रू.५५७८४७५/- र सभा खर्च रू.५३२९०९/- समेत एकमुष्ट रू.६१११३८४/- खर्च गरेको छ ।जुन आन्तरिक आय रू.१३०६९९११४/- को तुलनामा ४.६७ प्रतिशत रहेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ।

## १० आर्थिक सहायता -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न ४४ संस्थाहरूलाई रू. ५० हजारको दरले रू. २२ लाख पालिकाको विविध आर्थिक सहयोग कार्यविधी, २०८१ बमोजिम आर्थिक सहायता वितरण गरेको देखियो। जुन आन्तरिक आय रू.१३०६९९११४।- को १.६८ प्रतिशत हुन जान्छ। यस्तो विविध प्रकृतिको खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्नुपर्दछ।यस प्रकारका खर्चको सार्वजनिकीकरण समेत गर्नुपर्दछ ।

## ११ फिर्ता हिसाब -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार फिर्ता हिसाव देहाय बमोजिम रहेको देखियो।

| अनुदानप्रदानगर्नेनिकाय | अनुदानकोप्रकार | प्राप्तरकम | खर्चरकम | फिर्तारकम | फिर्तामिति |
|---|---|---|---|---|---|
| **संघीयसरकार** | शसर्त | ३२७६८८००० | २९९३५७८२८ | २८३३०१७१ | २०८२/०३/२९ |
| | विशेष | १०००००००० | ६३९६७१० | ३६०३२९० | २०८२/०३/२९ |
| | समपुरक | १४०८०००० | ३७८९९७२ | १०२९००२८ | २०८२/०३/२९ |
| **प्रदेशसरकार** | शसर्त | १४२८१००० | १४१३३५२० | १४७४८० | २०८२/०३/२९ |
| | समपुरक | १३०००००० | १०८७९३९७ | २१२०६०३ | २०८२/०३/२९ |
| | **जम्मा** | | | | |

## १२ धरौटी र कोष -

१२.१ **धरौटी-** प्राप्त विभिन्न प्रतिवेदन अनुसार गत वर्षको जिम्मेवारी सरेको धरौटी मौज्दात रु. ३,५८,३४,२१९.३२ मा यस वर्षको प्राप्ती रु. १,७५,०७,२०७.४७ समेत जम्मा रु. ५,३३,४१,४२६.७९ मा रु. १,९६,८९,१४३.०० खर्च भइ रु.३,३६,५२,२८३.७९ मौज्दात रहेको देखिएको छ । धरौटी मौज्दात रकममध्ये प्रयोजन समाप्त धरौटी रकम यकिनगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ र ६७ बमोजिमको प्रकृया अपनाई राजश्वमा आम्दानी बाध्नु पर्दछ ।

| शुरु मौज्दात | प्राप्ती | जम्मा | खर्च | मौज्दात |
|---|---|---|---|---|
| ३,५८,३४,२१९.३२ | १,७५,०७,२०७.४७ | ५,३३,४१,४२६.७९ | १,९६,८९,१४३.०० | ३,३६,५२,२८३.७९ |

१२.२ **कार्य सञ्चालन तथा अन्य कोष** - नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचलान गर्दा विनियोजन वजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने व्यहोरा उल्लेख गरेको छ । यो वर्ष प्रकोप कार्य सञ्चालन विविध जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु.११८७२३८६/- सहित रु. ७९७१०५००/- आय र रु. ६६२२२१७७/- खर्च गरी रु. १३४८८३२३/- मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गर्दा खर्चमा दोहोरोपना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक वाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.सं. | विवरण | जिम्मेवारी | प्राप्ती | खर्च | अन्तिममौज्दात |
|---|---|---|---|---|---|
| १ | कार्यसंचालन कोष - बिबिध | ९७९९२५६।५७ | १०८८२७७३/- | १२४७८४१६/- | ८२०३६१३/५७ |
| २ | प्रकोपव्यवस्थापन कोष | २०७३१२९।९५ | ८००००००/- | ६८०९२५१/- | ३२६३८७८/९५ |
| ३ | बिबिध खर्चखाता/ कोष- बैंक (ग २-३/ ग २-७) | ० | ४८९५५३४१/- | ४६९३४५१०/३१ | २०२०८३०/६९ |
| ४ | जम्मा | ११८७२३८६/८२ | ६७८३८११४/- | ६६२२२१७७/३१ | १३४८८३२३/२१ |

१२.३ **प्रकोप व्यवस्थापन कोष**- विपदबाट प्रभावित मानिसहरूलाई राहत, उद्वार, पुनर्स्थापना, तथा जोखिम न्यूनिकरण गर्न पालिकाले बेलबारी नगरपालिका विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधी, २०७९ कार्यान्वियनमा ल्याएको छ। कोषमा गत वर्षको जिम्मवारी रू. २०७३१२९/९५ र यस वर्ष नगरसभाबाट विनियोजन भएको रू. ८० लाख गरी जम्मा रु.१,००,७३,१२९.९५ मध्ये रू. ६८०९२५१ खर्च भई रू. ३२६३८७८/९५ बाँकी रहेको छ। खर्चमध्ये आगलागी भएकोमा घरायसी सामाग्री, हात्ती जोखिम स्थानमा विद्युतीय सामाग्री समेतको खरिदमा रू. ७२३८८७/- हात्तीले पुर्याएको क्षती बाढी पहिरो जस्ता प्राकृतिक प्रकोप जस्ता कार्यमा छ् । जम्मा रू. ९६४८५० नगद सहायता र नदी नियन्त्रण तटबन्धन लगायतको विपद सम्बन्धी कार्यमा रू. ५२०७७०४/- समेतको जम्मा रू. ६८०९२५१/- खर्च गरेको छ। यस्ता प्रकृतिको खर्च गर्दा कार्यविधीको परिचालन गरी दोहोर नपर्ने गरी अभिलेखीकरण समेत गर्नु पर्दछ।

१३ **सम्पत्ति उपयोग र संरक्षण** -

१३.१ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत लिलाम गर्नुपर्ने सामान मर्मत लिलाम गर्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS v२) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• गत विगत वर्षको मौज्दात रहेको PAMS लागु गर्नुपुर्वको सामानहरुको मूल्य खुलाई public assect management system (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा आ.व. ०७५।०७६ भन्दा अगाडीका सामानहरुको जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६बमोजिम जिन्सी निरीक्षण प्रतिवेदनका आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य विवरणको जिन्सी अभिलेख अद्यावधिक गरेको देखिएन ।

• घर जग्गा लगत अध्यावधिक नभएको कित्ता नं क्षेत्रफल उपयोगको अवस्था र प्रचलित बजार मूल्य कायम गरि श्रेस्ता अध्यावधिक नगरेको।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्थाको अभिलेख तयार गरेको देखिएन।

**सम्पतिको उचित संरक्षण तथा व्यवस्थापन गर्नुपर्दछ ।**

१३.२ **इन्धन खर्च**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालयमा कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी कितावमा आम्दानी बाँधी लगत अध्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस बर्ष इन्धनमा रु.६७६९४६४/- खर्च गरेको देखिन्छ । पालिकामा ४ जिप, २१ मोटरसाइकल रहेका छन् । यसका अतिरिक्त १ ट्रिपर, १ एम्बुलेन्स, १ पिकअप,१ दमकल समेतको प्रयोग भएको देखिन्छ । सवारी

साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको ईन्धनको अभिलेख र ट्रिपर, चारपाङ्ग्रे सवारीजस्ता साधनको प्रयोग अवधि र उक्त सवारी साधनहरूले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले ईन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था छैन। ईन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पुर्ण रुपमा प्रयोग गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

१३.३ **मर्मत सम्भार खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार पालिका अन्तर्गत २ पाङ्ग्रे २१ थान, एम्बुलेन्स, दमकल, ट्रिपर, पिकअप ४ थान रहेको देखियो। उल्लिखित सवारी साधनहरुको मर्मतमा रु.३७२८४००।– खर्च गरेको देखिन्छ। मर्मत तथा प्रतिस्थापन गरिएका पाटपुर्जा जिन्सी दाखिला गरेको देखिएन। यस्ता सामानको जिन्सी दाखिला तथा अभिलेख नराख्दा लिलाम विक्रि गर्नुपर्ने संख्या यकीन नहुने र मूल्याँकन समेत नहुने जोखिम हुन सक्दछ। नियमानुसार तोकिएको ढाँचामा जिन्सी सामानको अभिलेखाङ्कन गर्नुपर्दछ।

## १४ **जिन्सी जिम्मेवारी-**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ९४ (४) अनुसार सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्तासहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्वन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ । जिन्सी अभिलेख PAMS V२ परीक्षणमा आर्थिक वर्ष २०८०।८१ मा खर्च भएर जाने मालसामानहरु खर्च हुन नसकि बाँकी रहेको मौज्दातहरु २०८१।८२ मा जिम्मेवारी सारिएको छैन । आर्थिक वर्ष २०८०।८१ मा खर्च हुन नसकि बाँकी रहेको रु.१००० भन्दा बढी मौज्दात मुल्य रहेको तपसिलको मौज्दात परीमाण ६१०६३२ थान मुल्य रु.४७,६९,३८४ को खर्च भएर जाने मालसामानहरु जिम्मेवारी सारी जिन्सी खाता PAMS V२ मा अद्यावधिक गर्नुपर्दछ ।

| संकेतनं | सामानकोनाम | इकाई | सिस्टममा परीमाण | जिम्मेवारी सारेको | बाँकी | रकम |
|---|---|---|---|---|---|---|
| ६१६१२०११६६ | डोरहाजिरी फारम | संख्या | १ | | १ | १,०००.०० |
| ६१६१७०३७०५९ | ह्वाइटसिमेन्ट | गोटा | २० | | २० | १,१००.०० |
| ६१६१२०४८३१६ | स्टेपलर१० नं. | बक्स | २० | | २० | १,२००.०० |
| ६१६१२०५५५०६ | ब्याण्डरक्लीप | प्याकेट | १८ | | १८ | १,७४०.०० |
| ६१६१५०१३३४ | FUROSEMIDE | Ampoule | १५०० | | १५०० | १,९६५.०० |
| ६१६१२०४८३१७ | स्टेपलर२४/६ | थान | १० | | १० | २,१००.०० |
| ६१६१४०१०१२ | ताल्चा | पिस | २५ | | २५ | ३,५००.०० |
| ६१६१२०१०५६ | ट्रेसिङपेपर | संख्या | ३ | | ३ | ३,७५०.०० |
| ६१६१२०४८३३१ | टिप्लेट/टिमेट | सेट | २५ | | २५ | ३,७५०.०० |
| ६१६११०१०३१ | राइसकुकर | संख्या | १ | | १ | ४,०००.०० |
| ६१६१५०१४०९ | Domperidon | ट्यावलेट | १००० | | १००० | ४,३५०.०० |
| ६१६१२०४५०४७ | पन्चिङमसिन DP ६०० | थान | २४ | | २४ | ५,२८०.०० |
| ६१६११०३७३१० | सि.सि.केमरा | थान | १ | | १ | ५,७५२.०० |
| ६१६१४०९९२०२ | सुझावपेटिका | थान | २३ | | २३ | ६,९००.०० |
| ६१६१२०४३८४७ | रजिसटर२ | थान | ६ | | ६ | १०,४४०.०० |
| ६१६१२०८१७२५ | सा.सु.भताकार्ड पासबुक | थान | १००० | २०० | ८०० | १०,४००.०० |
| ६१६१५०११६७ | Silver Sulphadiazine | ट्यावलेट | २०० | | २०० | १३,०५०.०० |
| ६१६१५०७३४७४ | Cetrizine HCL Syrup | Syrup | ३०० | | ३०० | १४,३५५.०० |
| ६१६१५०१०२२ | Metronidazole | संख्या | ३०० | | ३०० | १५,६६०.०० |
| ६१६१५०७३४९५ | Ibuprofen Tab ४०० mg | ट्यावलेट | ५००० | | ५००० | १७,४००.०० |
| ६१६१५०७३४८७ | Diclofenac Sodium | ट्यावलेट | ५००० | | ५००० | १७,४००.०० |
| ६१६११०३७३०७ | यूर्याक | थान | २ | | २ | १८,०००.०० |
| ६१६१५०७३५१८ | Zinc Sulphate | ट्यावलेट | ५००० | | ५००० | २१,७५०.०० |
| ६१६१२०१२०६ | फोटोपेपर | रिम | २० | १० | १० | ११३०० |
| ६१६१५०७३४६७ | Amoxicillin Dispersible tab १२५ mg | ट्यावलेट | १०००० | | १०००० | २६,१००.०० |
| ६१६१५०७३४६६ | Amoxicillin Powder for oral suspension | प्याकेट | ४०० | | ४०० | २७,८४०.०० |
| ६१६१५०७३४६९ | Azithromycin tab. २५० mg | ट्यावलेट | २००० | | २००० | ३०,३६०.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६१६१५०१०३९ | Calamine Lotion | संख्या | १००० | | १००० | ३४,८००.०० |
| ६१६१५०१०४० | Povidone iodine | संख्या | १५० | | १५० | ३५,८८८.०० |
| ६१६१५०७३५०० | Metronidazole Tab.४०० mg | ट्यावलेट | १५००० | | १५००० | ३९,१५०.०० |
| ६१६१५०१०४४ | Hyoscine butyl | संख्या | ५००० | | ५००० | ५२,२००.०० |
| ६१६१५०८१८७४ | Tricycle | Unit | २ | | २ | ६०,०००.०० |
| ६१६१५०१०३१ | Cloxacillin | संख्या | ८००० | | ८००० | ६९,६००.०० |
| ६१६१५०१०२६ | Ciprofloxacin(as hydrochloride) | संख्या | १०००० | | १०००० | ६९,६००.०० |
| ६१६१४०७१८९२ | टिटि बोर्ड | सेट | १ | | १ | ७२,०००.०० |
| ६१६१५०७३४७० | Azithromycin Tab.५०० mg | ट्यावलेट | ३००० | | ३००० | ७८,३००.०० |
| ६१६१३०१०८४ | प्लाष्टिककोकुर्चि | संख्या | १६५ | | १६५ | ८९,५२५.०० |
| ६१६१२०५४४२९ | नागरिक्तासिफारिस अनुसूची १ | प्याड | ११० | २५ | ११० | ७५६५० |
| ६१६१२१०९६५० | सार्वजनिकसुनुवाई प्रतिवेदन | थान | १ | | १ | ११७,२९७.०० |
| ६१६११०१०७४ | मोबाइल | पिस | ४ | | ४ | १२६,७२६.०० |
| ६१६१५०१२९७ | Metformine | ट्यावलेट | ८०००० | | ८०००० | १३९,२००.०० |
| ६१६१५०७३४७३ | Cetrizine HCL Tab | ट्यावलेट | ४०००० | | ४०००० | १३९,२००.०० |
| ६१६१५०११०४ | Clotrimazole Ointment cream | संख्या | ३००० | | ३००० | १४३,५५०.०० |
| ६१६१४१५५५१३ | अध्यनप्रतिवेदन | थान | १ | | १ | १५०,३५६.०० |
| ६१६१५०१०१५ | Paracetamol | संख्या | १५१००० | | १५१००० | १५६,६००.०० |
| ६१६१५०७३५०५ | Oral Rehydration Salts | प्याकेट | २०००० | | २०००० | १७४,०००.०० |
| ६१६१५०११०८ | Vitamin B & C complex | संख्या | ४०००० | | ४०००० | १७४,०००.०० |
| ६१६१५०११२९ | Amlodipine | ट्यावलेट | ५०००० | | ५०००० | २१७,५००.०० |
| ६१६११०३९४९५ | ब्याट्री२०० AH | थान | ६ | | ६ | २३९,०००.०० |
| ६१६१५०१०४२ | Ranitidine(as hydorchloride) | संख्या | १००००० | | १००००० | २६१,०००.०० |
| ६१६१५०१२६५ | Amoxycillin ५०० Mg + Clavulanic Acid १२५ mg | ट्यावलेट | ५०००० | | ५०००० | ३४८,०००.०० |
| ६१६१४१५३३९२ | विकासगतिविधीको पेनड्राइभ | थान | ३ | | ३ | ४३५,८००.०० |
| ६१६१२०१२२८ | फोटोकपिपेपर | रिम | २५०० | २५० | २५०० | ९९०००० |
| | | | **६१०८४२** | **४८५** | **६१०६३२** | **४७६९३८४** |

१५ **पेश्की व्यवस्थापन -**

१५.१

**पेश्की हिसाव**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । आर्थिक वर्षको अन्त्यसम्म फर्छौट नभई रु.११८०६०६१/- बाँकी रहेको देखिन्छ । कुल पेश्की बाँकी मध्ये विगत वर्षको रु.६३२७५००/- र आ व ०८१/८२ को रु.५४७८५६१/- फर्छौट हुन बाँकी पेश्की मध्ये म्याद ननाघेको रु.२१९०४९१/-र म्याद नाघेको रु.३२८८०७०/- रहेको छ । म्याद नाघेको फस्र्यौट बाँकी पेश्कीमा सिसौली टोल विकास सस्थाको रु.८३८७१।०० मिति २०८१।११।१ भौ. नं. १०५ बाट फस्र्यौट भइसकेकोले सुत्रमा देखाएता पनि कायम गरीएको छैन । कोष तर्फको पेश्की बाँकी समेत एकीकृत गरी पेश्की बाँकीको हिसाबमा अभिलेख राख्नुपर्दछ।

१५.२ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । फस्र्यौट गर्न बाँकी पेश्कीको विवरण अनुसार यसवर्षको रु.३०२९५६१/-पेश्की बाँकी देखिएको छ। बाँकी पेश्कीमध्ये म्याद नाघेको रु.८३९०७०/- र म्याद ननाघेको रु.२१९०४९१/- देखिएको छ । उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु

| **पेश्की मिति** | **विवरण** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| २०८२/०१/१६ | भूमिधारा विल्डर्स | ५१८००० | नाघेको |
| २०८२/०३/२४ | नेपाल विद्युत प्राधिकरण बेलबारी | २८०६९५ | नाघेको |
| २०८२/०३/११ | जिनित संग्राहलय | ७३९४९१ | ननाघेको |
| २०८२/०३/२२ | विद्युत प्राधिकरण | ४०३७५ | नाघेको |
| २०८२/०३/११ | सान्भी विल्डर्स प्रा.ली. | ११४२००० | ननाघेको |
| २०८२/०३/१८ | राहम निर्माण सेवा | ३०९००० | ननाघेको |
| जम्मा | | ३०२९५६१ | |

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **३०९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **९९८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१,१४२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ८,३९,०७० |

१५.३ **विगत बर्षको म्याद नाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ ।निम्न कर्मचारी तथा संस्थालाई दिएको गत वर्षको म्याद नाघेको पेश्की रू.६३२७५०० गत विगत वर्षको प्रतिवेदनमा समेत औल्याएकोमा यस वर्षसमेत फर्फौट भएको छैन। नियमानुसार फस्र्यौट गर्नुपर्दछ।

| क स | विवरण | रकम |
|---|---|---|
| १ | अग्रीम पि.पि. जे.भी. | २०००००० |
| २ | रविना अभिषा अभियार जे.भी. | ४२९९००० |
| ३ | हाटबजार व्यवस्थापन | २८५०० |
| | **जम्मा** | **६३२७५००** |

१६ **सेवा प्रवाह-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा स्थानीय सरकारको काम कर्तव्य र अधिकारको सम्बन्धमा उल्लेखित गरेको छ । लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार आ.व. २०८१।०८२ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ ।

| सि.नं. | विवरण | निवेदन र सिफारिस सख्या |
|---|---|---|
| १ | विवाह दर्ता | ६०४ |
| २ | जन्म दर्ता | १२६७ |
| ३ | मृत्यु दर्ता | ६०० |
| ४ | बसाईसराई दर्ता | आएको ४९३गएको २८४ |
| ५ | सम्वन्ध विच्छेद | १६४ |
| १० | घर नक्सा पास | १०३ |
| ११ | सडक कालोपत्रे निर्माण(कि.मी) | १७ |
| १२ | कालोपत्रे सडक मर्मत (कि.मी) | १० |
| १३ | ग्राभेल सडक निर्माण (कि.मी) | १५ |
| १४ | ग्राभेल सडक मर्मत (कि.मि) | १० |

ऐन बमोजिम प्रवाह गरेका सेवाकोअभिलेखव्यवस्थित गरी सम्पादित सेवालाइ सरल, सहज तुल्याउँदै सुचना प्रविधिमा आधारित बनाउनु पर्दछ।

१७ **विपन्न नागरिक आर्थिक सहायता-**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ । नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत यस वर्ष पालिका बाट ८ किसिमका कडा रोग ११९ जनाको लागि रू. १ करोड १९ लाख सिफारिस गरेको देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम खुल्ने विवरण सम्वन्धित अस्पतालबाट प्राप्त गरी लक्षित वर्गले उक्त अनुदान वा सहायता पाए नपाएको बारेमा अनुगमन र विवरण वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

१८ **निःशुल्क उपचार सहायता-**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई

औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिका बाट जनता उपचार कोष कार्यविधी, २०८० बमोजिम प्रतिव्यक्ती रू. ५ हजारदेखी रू. ५० हजारसम्म ३४५ जनाको लागि रु.९९३१६३७/- खर्च भएको देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

१९ **कृषी पशु सेवा अनुदान -**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकावाट ३६६ जनाको लागि रु.४३७४७९८/- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| **क्रम** | **अनुदानको किसिम** | **व्यक्ती संख्या** | **रकम रु** |
|---|---|---|---|
| १ | मकै वाली प्रवर्दन अन्तरगत कर्न सेलर (५०%अनुदान) | ४४ थान | ३,९६,०००।- |
| २ | मौरी प्रवर्दन अन्तरगत गोला सहितको मौरी घार (७५%अनुदान) | १० जना (४८ घार) | ३,८५,२००।- |
| ३ | तरकारी वाली प्रवर्दन अन्तरगत हिँउदे , वर्षे बिउ तथा मल्चिङ वितरण (५०%अनुदान) | ५१ मल्चिङ | ३,७५,००० ।- |
| ४ | साना सिंचाई अन्तरगत मोटर सेट वितरण (७५%अनुदान) | २४ थान | ५,८८,६०० ।- |
| ५ | सुपारी तथा कागती प्रवर्दन अन्तरगत सुपारी वेर्ना वितरण(५०%अनुदान) | ६००० बेर्ना | १,८०,००० ।- |
| ६ | कृषि यान्त्रीकरण सहयोग कार्यक्रम अन्तरगत स्पेयर (५०%अनुदान) | १८२ | ४००,४०० ।- |
| ७ | कृषि यान्त्रीकरण सहयोग कार्यक्रम अन्तरगत ज्याव प्लान्टर (५०%अनुदान) | ४४ | ९४,६०० ।- |
| ८ | चैते धान प्रवर्दन अन्तरगत राईस ट्रान्सप्लान्टर र सिडलिङ ट्रे (७५%अनुदान) | १ | २,१०,४०० ।- |
| ९ | जैविक मल प्रवर्दन अन्तरगत माटो परिक्षण शिविर गरी जैविक मल वितरण | २१०० के.जी | ५,५९,९९८ ।- |
| १० | कृषि युवा उद्यमी प्रोत्साहन अन्तरगत (५०%अनुदान)<br>मिनि टिलर+एटेचमेन्ट, मल्चिङ, स्प्रेयर, विडर, अर्वना, डिजिटल काँटा, पि.भि.सि पाईप, बिउ आदी | ६ जना | ३,००,०००।- |
| ११ | बर्षे धान बिउ वितरण (५०%अनुदान) | ५९१५ के.जी | २,५०,०००।- |
| १२ | चैते धान प्रवर्दन अन्तरगत चैते धानको बिउ वितरण(५०%अनुदान) | ६६२५ के.जी | २,६५,०००।- |
| १३ | चैते धान प्रवर्दन अन्तरगत शुक्ष्म खाद्यतत्व वितरण (५०%अनुदान) | | ८८,०००।- |
| १४ | डिजिटल काँटा (५०%अनुदान) | ४४ थान | २,८१,६००।- |
| | जम्मा | ३६६जना/ १२५४० के.जी/ ६००० बेर्ना | ४३७४७९८/ - |

पालिकाबाट बितरण भएको अनुदानको उपयोग सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

२० **सहकारी नियमन**

ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ६७ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट ३९ ले विवरण दाखिला गरेको देखिएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२१ **क्षतिको विवरण** -

२१.१ **क) जलेको नष्ट भएको योजना** - पालिकाको च.न.२१८८ मिति २०८२/०९/२४ को पत्रानुसार देहाय बमोजीमको १५२ योजनाको रु १२३८१०७२८ र मुचुल्का समेतको क्षतिको विवरण बमोजीम रु २६०७६७४३ को जिन्सी साम्पती समेत रु १४९८८७४७१ को कागजात फाईल तथा सामानहरु मिति २०८२।०५।२४ गते आगलागी भई जलेको नष्ट भएको क्षतिको विवरण पेश भएको छ ।सो रकमको अंक आर्थिक विवरणमा समावेश भएको तर श्रेस्तासँग सम्बन्धीत कागजात, फाइलको लेखापरीक्षण भएको छैन ।

| क्र.स. | योजनाको विवरण | योजना संख्या | योजना संचालनगर्ने पक्ष | खर्च रकम |
|---|---|---|---|---|
| १ | नगरस्तरीय | १७ | पुँजीगत शिर्षकका (विभिन्न १७ उपभोक्ता समिति/ टोल बिकास संस्था) | २९५१०९४१.०२ |
| २ | वडा नं. १ को योजना | १६ | पुँजीगत शिर्षकका (विभिन्न १६ उपभोक्ता समिति/ टोल बिकास संस्था) | ४२८१३०७।०६ |
| ३ | वडा नं. ३ को योजना | ११ | पुँजीगत शिर्षकका (विभिन्न ११ उपभोक्ता समिति/ टोल बिकास संस्था) | १४०२९१४।८२ |
| ४ | वडा नं. ४ को योजना | ८ | पुँजीगत शिर्षकका (विभिन्न ८ उपभोक्ता समिति/ टोल बिकास संस्था) | १७९८८९५।२३ |
| ५ | वडा नं. ५ को योजना | ४ | पुँजीगत शिर्षकका (विभिन्न ४ उपभोक्ता समिति/ टोल बिकास संस्था) | १४८९१८४।६१ |
| ६ | वडा नं. ६ को योजना | ९ | पुँजीगत शिर्षकका (विभिन्न ९ उपभोक्ता समिति/ टोल बिकास संस्था) | २५६६८६२।५७ |
| ७ | वडा नं. ८ को योजना | २१ | पुँजीगत शिर्षकका (विभिन्न २१ उपभोक्ता समिति/ टोल बिकास संस्था) | ५४३८७३०।४५ |
| ८ | वडा नं. ९ को योजना | ८ | पुँजीगत शिर्षकका (विभिन्न ८ उपभोक्ता समिति/ टोल बिकास संस्था) | ३५७७६५९।४० |
| ९ | वडा नं. ११ को योजना | ७ | पुँजीगत शिर्षकका (विभिन्न ७ उपभोक्ता समिति/ टोल बिकास संस्था) | २५१८७७७।८३ |
| १० | कोटेशनका फाइलहरु | ११ | पुँजीगत शिर्षकका विभिन्न ११ कार्य | ३०७४५१६।१५ |
| ११ | क्रमागत योजना | २ | उपभोक्ताबाट १ सोझै खरिदबाट १ | १४८५२४५।८९ |
| १२ | ठेक्का आ.ब. २०८१/८२ का | ३ | पुँजीगत खर्च शिर्षकका | १२०९७४५०।२४ |
| १३ | क्रमागत ठेक्का आ.ब. २०८०/८१ | ११ | पुँजीगत खर्च शिर्षकका | ५१९२८४६०।३९ |
| १४ | प्रधानमन्त्री रोजगार कार्यक्रम समेतका अन्य योजना | २४ | प्रधानमन्त्री रोजगार कार्यक्रम | २६३९७८२।३५ |
| जम्मा | | १५२ | कुल जम्मा रकम | १२३८१०७२८.०१ |

**(विस्तृत विवरण बेरूजु दफा २१.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२१.२ **क्षतिको विवरण** - बेलबारी नगरपालिकाको मिति २०८२/०५/३० गतेको पत्रानुसार मिति २०८२/०५/२३ र २४ गते देशव्यापी रुपमा भएको आन्दोलनका कारण तोडफोड, लुटपाट, आगजानी जन्य घटनाबाट नगरपालिकाको कार्याललय तथा वडा कार्यालहरुमा भएको क्षतिको विवरण संकलनको लागि ७ सदस्यीय पालिका स्तरीय समिति गठन भएको छ । उक्त समितिको मिति २०८२/०६/०७ को क्षतिको प्रतिवेदन र इलाका प्रहरी कार्यालय, बेलबारी मोरङ्गको मिति २०८२/०७/१८ गतेको पालिकामा भएको क्षति सम्बन्धमा भएको मुचुल्काको प्रमाणित प्रतिलिपी समेतको व्यहोरा प्राप्त भएको छ । इलाका प्रहरी कार्यालयको घटनास्थल प्रकृति मुचुल्का अनुसार नगरपालिकाको कार्य संचालनमा कम्प्यूटर, प्रिन्टर, फोटोकपी मेसिन, फर्निचर लगायतका कार्यालयको विभिन्न कागजातहरु जलेको, छरप्रण्ट, तोडफोड भएको अवस्था देखिएको प्रतिवेदन तथा मुचुल्का तयार भएको विवरण देखीएको छ । क्षतिको शाखागत विवरण अनुसार पालिका कार्यालय तर्फ रु १९९२११५४२।५३ र ६ वटा वडा कार्यालयहरुको रु ६१५५२०१।६१ गरी रु २६०७६७४३। ८४ अनुमानित क्षति भएको प्रतिवेदनबाट देखीएको छ ।

| क्र.स. | कार्यालय | क्षतिको अवस्था | कुल अनुमानित क्षति |
|---|---|---|---|
| १ | बेलबारी नगरपालिका | तोडफोड, आगलागीर चोरी | १९९२१५४२।२३ |
| २ | १ नं. वडा कार्यालय | तोडफोड, आगलागीर चोरी | ३६७००८।०९ |
| ३ | २ नं. वडा कार्यालय | तोडफोड, आगलागीर चोरी | ३१५५६५३।५२ |
| ४ | ३ नं. वडा कार्यालय | तोडफोड, आगलागीर चोरी | १०८००० |
| ५ | ४ नं. वडा कार्यालय | क्षति नभएको | ० |
| ६ | ५ नं. वडा कार्यालय | क्षति नभएको | ० |
| ७ | ६ नं. वडा कार्यालय | तोडफोड, आगलागीर चोरी | १२३१२४० |
| ८ | ७ नं. वडा कार्यालय | क्षति नभएको | ० |
| ९ | ८ नं. वडा कार्यालय | क्षति नभएको | ० |
| १० | ९ नं. वडा कार्यालय | तोडफोड, आगलागीर चोरी | १०७००० |
| ११ | १० नं. वडा कार्यालय | क्षति नभएको | ० |
| १२ | ११ नं. वडा कार्यालय | तोडफोड, आगलागीर चोरी | ११८६३०० |
| जम्मा | | | २६०७६७४३।८४ |

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम १११ मा प्राकृतिक प्रकोप वा दुर्घटनाको कारणबाट क्षति भएको सरकारी सम्पत्ति, स्रेस्ता तथा कागजातको मूल्याङ्कन गरी मिनाहाको सिफारिस गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षता पाँच सदस्यिय समिति रहने, समितिले प्राकृतिक प्रकोप वा दुर्घटनाको कारणबाट क्षति भएको सरकारी सम्पत्तिको वास्तविक क्षतिको मूल्याङ्कन गरी मूल्य समेत खुलाई सम्बन्धित केन्द्रीय निकाय समक्ष प्रतिवेदन दिने र प्रतिवेदनको आधारमा पचास लाख मूल्य बराबरसम्मको क्षतिको हकमा सम्बन्धित केन्द्रीय निकायको सचिवले र सोभन्दा बढी रकमको हकमा नेपाल सरकारले मिनाहा दिन सक्ने व्यवस्था छ । पालिकाको च.नं.२१८८ मिति २०८२।०९।२४ को पत्रसाथ नष्ट भएको क्षतिको प्रहरी मुचुल्का पेश गरेता पनि मिनाहाको लागि प्रक्रिया गरेको देखिएन् । कानून वमोजिम मिनहाको प्रक्रिया अघि बढाउँनु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा २१.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२२ **चाँदनी- आनाम चोक निर्माण कार्य** (19-2081-12-28):

आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक बिल, भरपा्इ र संलग्रन भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । चादनी चौक आनाम चोक हुदै नलबारी वडा नं. ८,९,१० र ४ जोड्ने बाटो निर्माण कार्यको सिम्रन इन्फ्रास्टक्चर एण्ड सप्लायर्स प्रा.लि.लाई भुक्तानि गर्दा पहिलो बिलको रु.२५८६८७० भुक्तानी भएको र दोस्रो बिलमा भुक्तानी गर्दा अघिलो बिलको रु.२५८६८७० देखाउनुपर्नेमा रु.२५८१८३६।२६ मात्र देखाएकाले बढी भुक्तानी भएको आन्तरिक लेखापरीक्षणबाट समेत औल्याएको रु.५०३७ सम्बन्धीत फर्मबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,०३६ |

२३ **स्वकिय सचिव**

कोशी प्रदेशको गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७५ को दफा ३ अनुसार आन्तरिक आय एवं कार्यालयको कार्यवोझ समेतलाई ध्यानमा राखी कार्यपालिकाको निर्णय बमोजिम १ जना कर्मचारीलाई नीजि सचिवको रुपमा राख्न सक्ने व्यवस्था छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने

उल्लेख छ। पालिकाले यस वर्ष १ जना स्वकीय सचिव नियुक्त गरी मासिक रु.३४७३०/- का दरले चाडपर्व खर्च र पोशाक समेत रु.४५१४९०/- पारिश्रमिक भुक्तानी दिएको छ ।स्वकीय सचिव नियुक्ति गर्दा स्पष्ट कार्य विवरण र निजको कार्य सम्पादनको अभिलेख समेत तयार गरी सोको मुल्याङ्कनको आधारमा भुक्तानी दिने व्यवस्था गर्नुपर्ने देखिन्छ।

२४ **निःशुल्क शिक्षा**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका ३१ विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

२५ **विद्यालयलाई प्रति विद्यालय अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गराई विद्यार्थी संख्या यकिन गरेर मात्र विद्यालयलाई प्रति विधार्थी अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा देहायका विद्यालयमा रु.२१५५३५५०।०० निकासा गरेको छ । पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

| **क्र.स.** | **विद्यालयकोनाम** | **विद्यार्थीसंख्या** | **अनुदानकोप्रकार** | **रकम** |
|---|---|---|---|---|
| | **३१ वटै सामुदायिक विद्यालयहरु** | ८०६१ | प्रतिविद्यार्थी लागतका आधारमा सिकाइ तथा डिजिटल सिकाइ सामग्रीकालागि विद्यालयलाई अनुदान / PCF | ३५७०८५० |
| | | | विद्यालय सञ्चालन तथा व्यवस्थापन | २५२५००० |
| | | | दिवा खाजा | ८४९२४२० |
| | | | छात्रवृत्ती | १४७६१०० |
| | | | पाठ्यपुस्तक | ५४८९१८० |
| | **जम्मा** | | | **२१५५३५५०** |

२६ **शिक्षक दरबन्दी तथा पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | जम्मा शिक्षक सँख्या | जम्मा विद्यार्थी संख्या | अनुपात |
|---|---|---|---|---|---|---|---|
| 1 | Devkota Basic School | 7 | 7 | 1 | 8 | 148 | 1:19 |
| 2 | Janata Secondary School Radhanagar 8 | 12 | 12 | 4 | 16 | 596 | 1:37 |
| 3 | Janata Secondary School 9 | 16 | 16 | 9 | 25 | 1019 | 1:41 |
| 4 | Kisan Basic School | 2 | 2 | 1 | 3 | 43 | 1:14 |
| 5 | Shree Mahendra Basic School ६ | 8 | 8 | 1 | 9 | 147 | 1:16 |
| 6 | RAMJANAKI BASIC SCHOOL | 3 | 3 | 6 | 9 | 183 | 1:20 |
| 7 | Sukuna Basic School | 3 | 3 | 1 | 4 | 56 | 1:14 |
| 8 | Bhagawati Secondary School | 19 | 19 | 1 | 20 | 952 | 1:48 |
| 9 | Jana Ekata Basic School | 3 | 3 | 0 | 3 | 50 | 1:17 |
| 10 | SHREE JANATA SECONDARY SCHOOL १ | 8 | 8 | 4 | 12 | 347 | 1:29 |
| 11 | Shree Kabir Secondary School | 14 | 14 | 6 | 20 | 431 | 1:22 |
| 12 | Kaseni Secondary School | 17 | 17 | 0 | 17 | 418 | 1:25 |
| 13 | Panchajyoti Basic School | 4 | 4 | 3 | 7 | 63 | 1:9 |
| 14 | Shree Panchayat Basic School | 4 | 4 | 3 | 7 | 102 | 1:15 |
| 15 | shree basic school | 1 | 1 | 2 | 3 | 63 | 1:21 |
| 16 | Singha Devi Basic School | 3 | 3 | 0 | 3 | 70 | 1:23 |
| 17 | Sahid Smritri Basic School | 2 | 2 | 1 | 3 | 34 | 1:11 |
| 18 | Sirijanga Basic School | 1 | 1 | 1 | 2 | 23 | 1:12 |
| 19 | Deep Jyoti Basic School | 5 | 5 | 1 | 6 | 114 | 1:19 |
| 20 | SHREE DHIRNATH SAMPHUL BISHWAS SECONDARY SCHOOL | 18 | 18 | 3 | 21 | 600 | 1:29 |
| 21 | Gyanoparjan Basic School | 3 | 3 | 0 | 3 | 48 | 1:16 |
| 22 | Kali Secondary School | 17 | 17 | 4 | 21 | 368 | 1:18 |
| 23 | Shree Laxmi Secondary School | 20 | 20 | 4 | 24 | 868 | 1:36 |
| 24 | Mahendra Secondary School | 11 | 11 | 4 | 15 | 352 | 1:23 |
| 25 | Ranpal Basic School | 2 | 2 | 2 | 4 | 59 | 1:15 |
| 26 | Ekta Basic School | 2 | 2 | 1 | 3 | 53 | 1:18 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 27 | Birendra Secondary School | 11 | 11 | 2 | 13 | 256 | 1:20 |
| 28 | Dhanpal Secondary School | 14 | 14 | 5 | 19 | 419 | 1:22 |
| 29 | Jana Nirman Basic School | 3 | 3 | 0 | 3 | 21 | 1:7 |
| 30 | Janata Basic School | 2 | 2 | 1 | 3 | 55 | 1:18 |
| 31 | Mahendra Basic School 5 | 6 | 6 | 1 | 7 | 103 | 1:15 |
| | **Total** | **241** | **241** | **72** | **313** | **8061** | |

उल्लेखित ३१ वटा विद्यालयहरूमा कुल विद्यार्थी संख्या ८०६१ रहेको देखिन्छ। पालिका शिक्षा ऐन, २०७६ बमोजिम शिक्षक तथा विद्यार्थी अनुपातका आधारमा दरबन्दी मिलान हुनुपर्दछ।

## २७ पदाधिकारी सुविधा

गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ ले कोशी प्रदेशका पालिकाका पदाधिकारी सुविधा सम्बन्धी व्यवस्था गरेको छ । यस आर्थिक वर्षमा पारिश्रमिक बाहेक पदाधिकारीको सेवा सुविधामा गरेको खर्च विवरण निम्नानुसार रहेको छ यस वर्षको पदाधिकारी सुविधा रु. १०२०४०००।- खर्च भएको छ । यस वर्षको आन्तरिक आय रु. १३०६९९११४ ।- को तुलनामा ८ प्रतिशत खर्च रहेको देखिन्छ ।

| विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ११ जना | कार्यपालिका सदस्य ८ | सभाका सदस्य ३७ | जम्मा |
|---|---|---|---|---|---|---|
| यातायात खर्च | ० | ० | ४८६००० | २४०००० | १११०००० | १८३६००० |
| टेलिफोन,मोबाइल | ४८००० | ४८००० | ३३०००० | १४४००० | ६६६००० | १२३६००० |
| पुस्तक,पत्रीका, ईन्टरनेट | २४००० | २४००० | २६४००० | ९६००० | ४४४००० | ८५२००० |
| खाजा | ६६००० | ६६००० | ४६२००० | १४४००० | ६६६००० | १४०४००० |
| अतिथि सत्कार | १२०००० | ७२००० | ६६०००० | २४०००० | १११०००० | २२०२००० |
| खानेपानी,बिजुली | ४२००० | ३०००० | १३२००० | ९६००० | ४४४००० | ७४४००० |
| सररफाई, मर्मत | ३६००० | ३६००० | १३२००० | ९६००० | ० | ३००००० |
| चाडपर्व खर्च | १०००० | १०००० | ११०००० | ८०००० | ३७०००० | ५८०००० |
| अनुगमन | १३२००० | १३२००० | ५९४००० | १९२००० | ० | १०५०००० |
| जम्मा | **४७८०००** | **४१८०००** | **३१७००००** | **१३२८०००** | **४८१००००** | १०२०४००० |

## २८ प्रतिवेदन दाखिला (1169-2082-03-16):

आर्थिक कार्यविधि तथा उत्तरदायीत्व उत्तरदायित्व नियमावली , २०७७ को नियम १०० अनुसार जिन्सी मालसामानको परीमाण र मूल्य खुलाई जिन्सी मालसामानको स्रेस्ता महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । खर्च भएर जाने र खर्च भएर नजाने छुट्टाछुट्टै मालसामानको प्रकृति अनुसार दाखिला गर्नुपर्छ। लैङ्गिग समानता तथा सामाजिक समावेशिकरण परीक्षण प्रतिवेदन,२०८२ खर्च भएर जानेमा पोष्टिङ्ग गरी मूल्य रु.२८२५०० मौज्दातबाट घटाइएको छ । नियम अनुसार उक्त प्रतिवेदन खर्च भएर नजाने जिन्सी खाता (PAMSv2) मा अद्यावधिक गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८२,५०० |

२९ **गतवर्षको भुक्तानी** (724-2081-12-14):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ अनुसार कोलेनिकाबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत व्यवस्था नगरी टेकमाईण्डस नेटवर्क प्रा.लि.(बिजक नं.१२७३६० मितिः २०८१।११।२८) को रु.४९२६०० भुक्तानी दिएको छ । भुक्तानी दिन वांकीको कच्चावारी प्रमाणित नगरी खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९२,६०० |

३० **खरिद व्यवस्थापन-**

३०.१ **पुँजीगत खर्चको अवस्था** - सार्वजनिक खरिद ऐन, २०६३ को पत्र ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा पालिकाको एकिकृत वार्षिक प्रतिवेदन म.ले.प.फा.नं. २७० अनुसार यो वर्ष पूँजिगततर्फ रु. २७,०८,६४,३३२.७५ खर्च गरेकोमा रु.१४३४५७५९३/- अर्थात् ५२.९७ प्रतिशत बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये पटकपटक सोझै निर्माण कार्यमा रू. २०५५५९१ अर्थात १ प्रतिशत र उपभोक्ता समितिबाट १४४ योजनामा रू. १२३४०६४०७ अर्थात ४५.५६ प्रतिशतको खरिद गरेको छ। सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

३०.२ **सफ्टवेयर खरिद र परिचालन** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र एकिन गरी लागत अनुमान तयार गरेर कृषि विकास एपमा गत वर्षसम्म रु. ३९९११६/- भुक्तानी गरेकोमा यो वर्ष खरिद सहयोगी सफ्टवेयर खरिदमा रु. १६९५००/- सहित रु. ५६८६१६/- भुक्तानी गरेको छ। ती सफ्टवेयरको खरिदको अतिरिक्त वार्षिक मर्मत सुधारमा खर्च गरेको देखिएन। सफ्टवेयर खरिदको आवश्यक्ता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग,उक्त सफ्टवयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद, प्रयोगमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आवद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

३०.३ **सम्भाव्यता अध्ययन/डि.पि.आर** - सार्वजनिक खरिद ऐन २०६३ को नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा पालिकाले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्षसम्म २० कार्यमा रु.१२६९७३७७/- र यो वर्ष १ कार्यमा रु.७८६१४१/- समेत कुल रु.१३४८३५१८/- खर्च गरेको PAMS प्रणालीबाट देखीएको छ।उक्त डिपिआर प्रतिवेदन मध्ये आ.व. २०८०।८१ भन्दा अगाडिका १६ कार्यमध्ये ६ कार्य कार्यन्वयनमा गएको र १० कार्यको अवस्थाको अभिलेख राखेको देखीदैन। त्यस्तै आ.व. २०८०।८१ को २ योजनाको कार्यमा रू. १९२५५२५/- खर्च गरेकोमा २ योजना मात्र कार्यन्वयनमा गएको र २ योजना कार्यन्वयनमा नगएको अवस्था देखीन्छ। भने आ.व.२०८१।८२ मा धिमाल जातिको संग्राहलयको एक कार्यमा रू.७८६१४१/- खर्च भई रू.७१४०००००/- आयोजना लागत निर्धारण भएकोमा कार्यन्वयन चरणमा रहेको विवरणबाट देखिएको छ।यसरी अध्ययन प्रतिवेदन तयार गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन।यस्ता सम्भाव्यता अध्ययन/डि.पि.आर खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वियनमा जाने विषयमा समेत ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वियनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।

| क सं | नाम कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनवाट निर्धारण भएका आयोजनाको लागत | कार्यान्वियन भए / नभएको (कार्यान्वियन भएको भए वजेट) |
|---|---|---|---|---|---|---|
| **गत वर्षको** | | | | | | |
| १ | कसेनी माध्यमिक विद्यालय प्राविधिक विद्यालय डिपिआर | विनायक ईन्जिनियरिङ | ४८७०३० | ४८७०३० | २६७२४४२३० | योजना पेशगरेको |
| २ | केशलिया खोला पुल डिपिआर वडा ५ र ६ | मुक्ति टेक्निकल प्रा.लि. | ४७७७२५ | ४७७७२५ | ९९८५६३१६ | योजना पेशगरेको |
| ३ | पशु सेवा तालिम केन्द्र डिपिआर | सुभकामना ईन्जिनियरिङ कन्सलटेन्सी प्रा.ली. | ४६८९५० | ४६८९५० | ७७७५९०२७ | योजना पेशगरेको |
| ४ | माटो परीक्षण केशलिया खोलामा आरसीसी पुल वडानं ४ र ९, कसेनी मा.बि. प्राबिधिक, केशलिया खोलापुल वडा नं५ र ६ | जे.एम. ग्रुप | ४९१५५० | ४९१५५० | ० | योजना पेशगरेको |
| **जम्मा** | | | **१९२५२५५.००** | **१९२५२५५.००** | **४४४८५९५७३** | |
| यो बर्षको १ | धिमाल जातिको संग्रहालय | डीआरएस डेभलपर्स प्रा.लि. | ७८६१४१.०० | ७८६१४१.०० | ७१४०००००.०० | कार्यन्वयनको अवस्थामा रहेको |
| **जम्मा** | | | **७८६१४१.००** | **७८६१४१.००** | **७१४०००००.००** | |

३०.४ **निर्माण कार्यको खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष निम्नानुसारका निर्माण कार्यको लागि विभिन्न निर्माण व्यवसायीबाट सोझै खरिद गरी रु.२० लाख ५५ हजार ५९१ खर्च गरेको छ । जुन पुँजीगत खर्चको १ प्रतिशत रहेको छ । सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा एवं पारदर्शिता हुनेगरी खरिद गर्नुपर्दछ। यस सम्बन्धमा सोझै निर्माण कार्यमा पालिकाले १६ कार्यमा रू.५३५७६२।७० को सम्झौता गरेको छ। तर १६ निर्माण कार्यमध्ये ११ निर्माण कार्यको कागजात जलेको नष्ट भएकोले बाँकी ५ निर्माण कार्यको मात्र प्राप्त विवरण अनुसार समावेश गरिएको छ।

| क्र.स. | योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | वडा नं. ४ को ४० फिटे ग्राभेलबाटो रोलर ग्रेडर पानी टयाङ्की सहित स्तरउन्नती | पथरी कनस्ट्रक्सन प्रा.लि. | ४८४३४९।२१ | ४५७२४३ |
| २ | लक्ष्मी खेल मैदान स्ल्याब लगाउने | धर्मराज कन्स्ट्रकशन इनरुवा | ५४८३७७।०२ | ३८६९३९ |
| ३ | भनकुटे टोलको बाटो एजिङ | एस.एन.एस ब्रदर्स कन्स्ट्रक्सन बुढीगंगा मोरङ | ४७२५६१।५९ | ४७२०८१ |
| ४ | हिमाली चौक देखी लिच्ची बगान जाने बाटो एजिङ | पूर्वेली इन्फ्रास्टक्चर एण्ड इन्जिनियरीङ्ग प्रा.लि. | ४९९६०६।६४ | ४६२४०७ |
| ५ | पर्शुरामका घर देखी सावित्रीको घर सम्म ड्रेन निर्माण | पथरी कनस्ट्रक्सन प्रा.लि. | २७८२१८.०९ | २७६९२१ |
| **जम्मा** | | | **२२८३११२.५५** | **२०५५५९१** |

३०.५ **फर्निचर खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ (१) र (१ ख) मा व्यवस्था भए वमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी सीमा भन्दा वढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थावाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । यो वर्ष पालिकाले एकै प्रकृतिको फर्निचर प्रतिस्पर्धा नगराई देहाय बमोजिमको सोझै खरिद गरी रू.१३११०७१/- खर्च गरेको छ । सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा हुनेगरी खरिद गर्नुपर्दछ ।

| गो.भौ.न. र मिति | खरिद विवरण | भुक्तानी विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १४६-२०८१/११/२८ | फर्निचर र फिक्चर | ए.वि फर्निचर उद्योग | ८२१५३२ |
| १६५-२०८/१२/१५ | फर्निचर र फिक्चर | देव्यान्सी द डेकोरेटर | २२१३४४ |
| २३८-२०८२/०१/२८ | फर्निचर र फिक्चर(सिसि क्यामारा | क्वालिटी आ◌ाईटी सोलुसन | २६८१९५ |
| जम्मा रु. | | | १३११०७१ |

३०.६ **मेसिनरी औजार खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ (१) र (१ ख) मा व्यवस्था भए वमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी सीमा भन्दा वढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थावाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । यो वर्ष पालिकाले एकै प्रकृतिको देहाय बमोजिमको मेसिनरी औजार प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.२४५२१६३/- खर्च गरेको छ । सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा हुनेगरी खरिद गर्नुपर्दछ ।

| गो.भौं.न. र मिति | खरिद विवरण | भुक्तानी विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३२-२०८१/०६/२१ | मेसिनरी औजार | प्यारागन आइटी सोलुशन | ३७२६६३ |
| ३९-२०८१/०७/१२ | मेसिनरी औजार | लोहन्द्रा गंगाधाम निर्माण ब्यवस्थापन समिति | ३१७८७७ |
| २०८१/११/१२ | मेसिनरी औजार | एम.के.पावर सोलुसनलाई सामाग्री खरिद | ४८२४६१ |
| १४४-२०८१/११/२८ | मेसिनरी औजार | पाथीभारा ट्रेडर्स | १७०१६७ |
| २०८१/१२/१५ | मेसिनरी औजार | नेशनल ट्रेडर्स | ९७८९९५ |
| २०८१/१२/२८ | मेसिनरी औजार | क्वालिटी आइटी सोलुसन | १३०००० |
| **जम्मा रु** | | | २४५२१६३ |

३०.७ **अमानतबाट खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा सार्वजनिक निकायले अमानतबाट कार्य गर्न एक तह माथिको अधिकारीको पुर्व स्वीकृत लिनुपर्ने, आवश्यक पर्ने प्राविधिक सेवा र निर्माण सामाग्री सार्वजनिक खरिद ऐन र नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम गराउनुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको ४ निर्माण कार्य अमानतबाट गराई रु.३०४९८२।०० भुक्तानी गरेको छ । निर्माण कार्य गराउदा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्दछ ।

| क्र.स. | योजनाको नाम | निर्माण व्यावसायी | भूक्तानी पाउने | भूक्तानी रकम | गो.भौं.न. र मिति |
|---|---|---|---|---|---|
| १. | वडा नं. ९ बाटो मर्मत | बेलबारी कन्स्ट्रक्सन | निर्मल रिजाल | ९९१७४ | ४-०८१/०६/१६ |
| २. | वडा नं. ५ सडक मर्मत | कसेनी ढुवानी सेवा एण्ड सप्लायर्स | राजेन्द्र कुमार थारू | ९८६३८ | ७-०८१/०७/२७ |
| ३. | एम एस ब्लक पाईप | जय मा काली स्क्रामार्ट | लक्ष्मण प्र. चौधरी | १०००० | २०-०८१/१२/२७ |
| ४. | वडा नं. ६ बाटो मर्मत | छत्र इन्द्रेणी कन्सट्रक्सन | अजय वि.क. | ९७१७० | ४०-०८२/०२/१९ |
| जम्मा | | | | ३०४९८२ | |

३०.८ **सवारी साधन खरिद** - नगरपालिकाबाट प्राप्त विवरण अनुसार नगरपालिकाले यस वर्ष बोलपत्रको माध्यमबाट एकथान विद्युतिय नगर बस खरिद गरी श्री नेहाकल फाएर सेल प्रा.लि. लाई मिति २०८१।०४।३२ को खरिद सम्बन्धी भएको सम्झौता बमोजीम रु १३१०८००० मध्ये यो आ.ब. मा रु.१ करोड भुक्तानी पालिकाबाट गरीएकोमा नगरबस खरिद गरिएको एक वर्ष पछीमात्र संचालनमा आएको जानाइएको छ । नगरपालिकाको आन्तरीक स्रोतबाट खरिदभएको सो बस बिद्युतिय चार्जिङ्ग रहेको र नगर बस सेवा संचालन निर्देशीका, २०७९ बमोजीम संचालनमा रहेको देखीन्छ ।

३०.९ **मर्मत संभार कोषबाट निर्माण कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ (१) र (१ ख) मा व्यवस्था भए वमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी सीमा भन्दा वढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थावाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । यो वर्ष पालिकाले देहाय बमोजिमको मर्मत संभार कोषबाट पटकपटकको निर्माण कार्यमा रु.५५३४४६६/- खर्च गरेको छ । सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा हुनेगरी खरिद गर्नुपर्दछ ।

| क्र.स. | परियोजनाको नाम | निर्माण व्यावसायी | लागत अनुमान | भूक्तानी रकम | गो.भौ.न. मिति |
|---|---|---|---|---|---|
| १. | लक्ष्मी खेल मैदान स्थल | धर्मराज कन्स्ट्रकसन | ३९४२०१ | ३४२४२४ | ४-२०८१/०६/१० |
| २. | वडा नं. ५,६, र ७ मिक्स गिटी | शिवजी कन्स्ट्रक्सन | ९९६४९१ | ९२६९५३ | २-०८१/०६/१० |
| ३. | वडा नं. ५,६, र ७ बाटो | दिपकमल निर्माण सेवा | ९९७८४० | ९८३३२६ | ६-०८१/०६/२० |
| ४. | वडा नं. ३ मर्मत | बेलबारी कन्स्ट्रक्सन | ९९८८३ | ९९७६७ | १०-०८१/०५/२२ |
| ५. | स्वास्थ्यचौकी कसेनी | प्रज्वल निर्माण सेवा | २९९७७१ | २४५३६१ | १६-०८१/११/०५ |
| ६. | बाटो मर्मत वडा नं. १ | विक्टोरीया कन्सट्रक्सन प्रा.ली | ४९५९१० | ४६३१५३ | २६-०८२/०१/२५ |
| ७. | कार्यलय कक्ष पार्टेसन कार्य | आर.टी निर्माण सेवा | २४९३०७ | २४२९२२ | ३६-०८२/०१/२६ |
| ८. | वडा नं. ५ ब्लक बाटो मर्मत | पूर्वाञ्चल ह्युमपाईप एण्ड कङ्क्रीट ईन्डस्ट्रिज | ३५६०१२ | ३४८३१९ | ३७-०८२/०१/२६ |
| ९. | वडा नं. १ बाटो मर्मत | आर टी निर्माण सेवा | २१२७६९ | २११५०० | ४४-०८२/०२/२२ |
| १०. | त्रिवेणी बाँध मर्मत | हातेमालो कन्सट्रक्सन सप्लायर्स | ५०३७८२ | ४८९८४२ | ४६-०८२/०३/११ |
| ११. | वडा नं. ४ बाटो मर्मत | दिपसा एण्ड प्रितम कन्स्ट्रक्सन प्रा.ली | १२१८१६ | ११५९९९ | ४७-०८२/०३/११ |
| १२. | लोहन्द्रा खोलामा सडक मर्मत | विक्टोरीया हाइड्रो कन्स्ट्रक्सन प्रा.ली | २९४८९१ | २९४८९१ | ४८-०८२/०३/११ |
| १३. | वडा नं. १० को बाटो मर्मत | भाष्कर कन्सट्रक्सन | ३६४२७१ | ३३०५१६ | ५२-०८२/०३/१९ |
| १४. | वडा नं. १ ड्रेन निर्माण अस्पताल चौक | डि.जी. कन्स्ट्रक्सन सेवा | २४४८५३ | २३००५६ | ७३-०८२/०३/२० |
| १५. | वडा नं. ५ को धनपालगढी पर्यटकीय क्षेत्र सम्याउने कार्य | डि.के. सप्लायर्स एण्ड निर्माण | ६१७७१ | ६१३६४ | ६५-०८२/०३/२३ |
| १६. | वडा नं. ८ को प्रजातान्त्रीक मार्ग मर्मत | आर.सी. कन्सट्रक्सन | १४९६४४ | १४८०७३ | ६६-०८२/०३/२३ |
| | जम्मा | | | ५५३४४६६/ | |

३१ **कन्टिन्जेन्सी खर्च** -

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । यस बर्ष ३ प्रतिशत कन्टिन्जेन्सी कट्टी रु.१६९०६५६/- गरी एकमुष्ट रुपमा योजना अनुगमन विविध प्रोत्साहन मर्मत इन्धन लगायतमा खर्च लेखेको तर कन्टेन्जेन्सी खर्चको छुटै अभिलेख तयार गरेको छैन । कन्टिन्जेन्सी खर्चको अभिलेख छुट्टै र व्यवस्थित रुपमा राख्नुपर्दछ । इन्धन खर्चको मापदण्ड तयार गरी खर्च लेख्नुपर्दछ । साथै कन्टेन्जेन्सी रकमबाट अनुगमन, मर्मत, इन्धन लगायतका चालु खर्च शिर्षकहरु

समेतलाई पूँजिगत बजेट शिर्षकतर्फ समावेश गरी खर्च लेखेकोले सार्वजनिक खरिदमा कन्टेन्जेन्सी रकमको खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम कन्टेन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गरिनुपर्दछ ।

३२ **खर्च वृद्धि** –

पालिकाको तपसिलका चालु प्रकृतिका खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । पालिकाले मुल्य वृद्धिको कारणले वृद्धि भएको जानकारी दिएको छ । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

| क्र.स. | खर्च शिर्षक | आ.ब.२०८०/ ०८१को खर्च रु | आ.ब.२०८१/ ०८२को खर्च रु |
|---|---|---|---|
| १ | करार सेवा शुल्क | १८६४५६४८ | २३६१६३२४ |
| २ | विविध खर्च | ४०२६५१४ | ५५७८४७५।३५ |
| ३ | भ्रमण खर्च | २४२८६७५ | २५३३७९८ |
| ४ | पदाधिकारीको सेवा सुविधा | ९७६८१०० | १०२६०९०८ |
| ५ | बैठक भत्ता कर्मचारी/ पदाधिकारी | ४१९२९२८ | ४८७०२६०० |
| ६ | इन्धन | ७३५१६७९ | ७४६९४६४ |

३३ **छात्रवृत्ती व्यवस्थापन अनुदान -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) को (ज) (२०) मा माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने पालिकाको काम कर्तव्य र अधिकार तोकेको छ । कार्यपालिकाको निर्णय अनुसार " बेलबारी नगरपालिका छात्रवृत्ती व्यवस्थापन कार्यविधी, २०८० बमोजिम बेलबारी बहुमुखी क्याम्पसलाई स्नातक तह प्रथम वर्षको भर्ना शुल्क वापतको छात्रवृत्ती रकममा रू. १५ लाख खर्च लेखेको छ। क्याम्पसको निर्णयानुसार विद्यार्थीको भर्ना सिफारिसको आधारमा छात्रवृत्ती रकम भुक्तानी गरेको देखीयो ।पालिका मातहतका विद्यालयहरूको कार्यक्षेत्र कक्षा १२ सम्म मात्र रहेकाले कार्यक्षेत्रभन्दा बाहिरको यस्तो खर्चमा क्षेत्राधिकार सुनिश्चित गर्नुपर्दछ।

**(पालिकाको छात्रवृत्ति व्यवस्थापन कार्यविधि अनुसार गरिब तथा जेहेन्दार विद्यार्थीहरुको शिक्षा क्षेत्रमा प्रोत्साहन गर्नको लागी छात्रवृत्ति भुक्तानी गरेको पालिकाको भनाई रहेको छ ।)**

३४ **पुँजिगत शीर्षकमा चालु प्रकृतिको खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा सम्बन्धित शिर्षकबाट खर्च गर्नुपर्ने र एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा स्थानीय तहले पालना गर्नुपर्ने बजेट शीर्षक समेतको व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार निम्नानुसार पुँजिगत शीर्षकमा विनियोजित बजेटबाट चालु प्रकृतिको गो.भौ.न. १६४-२०८१।१२।१४ बाट निश्चल पोख्रेललाई नगर बसको प्राविधिक निरिक्षण पावत रू२१९४८/- खर्च गरेको देखीयो। विनियोजित बजेट तथा आर्थिक संकेत तथा बर्गिकरण र ब्याख्या भन्दा फरक गरी गरेको खर्च नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २१,९४८ |

३५ **आन्तरिक आय-**

३५.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१६१०००००००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.१३०६९९११४/- अर्थात अनुमानको ८१.१७ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३५.२ राजश्व असूली- पालिकाले पछिल्लो ३ आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको छः

| २०७९।८० को असुली | २०८०।८१ को असूली | २०८१।८२ को असूली |
|---|---|---|
| १०७३००५५९ | १२०१७६०३६ | १३०६९९११४ |

आ.व. २०७९।८० को तुलनामा २०८०।८१ मा प्रतिशतले र आ.व. २०८०।८१ को तुलनामा २०८१।८२ मा राजश्व असूलीमा वृद्धि भएको देखिन्छ।

३५.३ आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५१४७९४०५१ | १३०६९९११४ | २५.३८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २५.३८ प्रतिशत रहेको छ ।आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३५.४ कर तथा शुल्क असुली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आ.व. | आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| २०७९।८० | सम्पति कर | ५०००००० | ४४८०२५८.७४ | ८९.६१ |
| | भुमिकर/ मालपोत | ४०००००० | २७०५८९४.९३ | ६७।६५ |
| | घरवहाल कर | २०००००० | ३११८६६१.५८ | १५५।९० |
| | वहाल विटौरी कर (हाट बजार ठेक्का समेत) | ३५०००००.०० | ३५०२६००.५८ | १००।१० |
| | अन्य मनोरञ्जन कर | ०.०० | ० | ० |
| | स्थानीय पूर्वाधार उपयोग शुल्क | ४०००००० | ३६०५००० | ९०।१३ |
| | सरकारी सम्पत्तिको विक्रीबाट प्राप्त रकम | १००००० | १३४४५० | १३४।५० |
| | अन्य सेवा शुल्क तथा विक्री | २००००० | ६८६८०६ | ३४३।४ |
| | अन्य प्रशासनिक सेवा शुल्क | ०.०० | ० | ० |
| | नक्सापास दस्तुर | ३५००००० | ३०७९३८४.६३ | ८७।९८ |
| | सिफारिश दस्तुर | १२०००००० | १७३०२४६४ | १४४।२० |
| | व्यक्तिगत घटना दर्ता दस्तुर | २०००००० | २५९७७८५.३४ | १२९।९ |
| | नाता प्रमाणित दस्तुर | १०००००० | १२४१७६० | १२४।२ |
| | अन्य दस्तुर | ३०००००० | ३११४८६४.४६ | १०३।८० |
| | बन क्षेत्रको आय | ५०००००० | ४५०००० | ९ |
| | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ५००००००.०० | ५५५५९८३ | १११।११ |
| | न्यायिक दण्ड जरिमाना र जफत | ८०००००.०० | ४९४७९९.४७ | ६१।८५ |
| | अन्य राजस्व | २०००००० | ३२०७८०६.२४ | १६०।४० |
| २०८०।८१ | सम्पति कर | १२०००००० | ४४४५९००.३८ | ३७.०४९ |
| | भुमिकर/ मालपोत | १०००००००० | ८९७९२२३.८३ | ८९.७९ |
| | घरवहाल कर | १०००००००० | ४२६४४६०.१५ | ४२.६४ |
| | वहाल विटौरी कर (हाट बजार ठेक्का समेत) | ५००००००.०० | ४५९५५६७ | ९१.९१ |
| | स्थानीय पूर्वाधार उपयोग शुल्क | ०.०० | ० | |
| | सरकारी सम्पत्तिको विक्रीबाट प्राप्त रकम | ४७००००० | ९०८२७५ | १९.३३ |
| | अन्य सेवा शुल्क तथा विक्री | १००००० | ० | ० |
| | नक्सापास दस्तुर | ७०००००.०० | ४०२८७४.३१ | ५७.५५ |
| | सिफारिश दस्तुर | ०.०० | ० | |
| | व्यक्तिगत घटना दर्ता दस्तुर | १०००००००० | १४९५६८०.९ | १४.९६ |
| | नाता प्रमाणित दस्तुर | १७०००००० | २३४१६४८८.७३ | १३७.७४ |
| | अन्य दस्तुर | २००००००.०० | १३४९८०० | ६७.४९ |
| | बन क्षेत्रको आय | २५०००००.०० | ९२२२५८ | ३६.८९ |

| आ.व. | आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ४००००००.०० | ८१४६४९६.६५ | २०३.६६ |
| | न्यायिक दण्ड जरिमाना र जफत | ६०००००० | ८५०००० | १४.१७ |
| | अन्य राजस्व | १०००००००.०० | ५०३१४०६.०५ | ५०.३१ |
| २०८१।८२ | सम्पति कर | ६०००००० | ६८०३१४०.४७ | ११३.३९ |
| | भुमिकर/ मालपोत | ८०००००० | ७५८७५२७.७४ | ९४.८४ |
| | घरवहाल कर | ५४००००० | ४७६३३७६.७३ | ८८.२१ |
| | वहाल विटौरी कर (हाट बजार ठेक्का समेत) | ५०००००० | ५९२१२३७ | ११८.४२ |
| | स्थानीय पूर्वाधार उपयोग शुल्क | २५००००० | २२६००० | ९.०४ |
| | सरकारी सम्पत्तिको विक्रीबाट प्राप्त रकम | १००००० | ० | ० |
| | अन्य सेवा शुल्क तथा विक्री | ५००००० | १४१४३५५ | २८२.८७ |
| | अन्य प्रशासनिक सेवा शुल्क | ५००००० | ४२८००० | ८५.६ |
| | नक्सापास दस्तुर | १००००००० | ४९९३५९७.४५ | ४९.९४ |
| | सिफारिश दस्तुर | १५०००००० | १५९२६८३७.३ | १०६.१८ |
| | व्यक्तिगत घटना दर्ता दस्तुर | २०००००० | १५२९८०० | ७६.४९ |
| | नाता प्रमाणित दस्तुर | २०००००० | ५००० | ०.२५ |
| | अन्य दस्तुर | ३०००००० | ७९१५७९ | २६.३९ |
| | बन क्षेत्रको आय | २०००००० | ३४४४०२ | १७.२२ |
| | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ६०००००० | ५३१३१९८ | ८८.५५ |
| | न्यायिक दण्ड जरिमाना र जफत | १०००००० | १३१९३३३.५१ | १३१.९३ |
| | अन्य राजस्व | १०००००० | ६८४९६४३.९३ | ६८४.९६ |

गत बर्षको असूलीको तुलनामा यस बर्ष सम्पत्ति कर, बहाल कर, व्यावसाय कर बढेको तथा वन क्षेत्रको आय घटेको देखीन्छ। प्राप्त विवरण अनुसार यस बर्ष विभिन्न करदाताबाट रु. ५३१३१९८।– कर संकलन गरेता पनि पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क लिने गरेको छ । आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

३५.५ असुली राजश्व दाखिला -

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१७२,६२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **९२,२०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **११,५१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२३,६४८**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२२,८९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१३,५१७.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **४३,१५३.१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **३४,५१३.३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **३५१,५३०.८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

३५.६ आय ठेक्का - नदिजन्य पदार्थ उत्खनन संकलन तथा बिक्रि सम्बन्धी कार्यका लागि पालिकाबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बेलबारी नगरपालिका सार्वजनीक खरिद नियमावली, २०७८ प्रचलीत कानून र स्थापित सार्वजनिक हितको मान्यता बमोजीम सम्झौता गरी ठेक्का व्यवस्थापन गरेको देखिन्छ । सोही मापदण्ड, २०७७ मा स्थानिय तहले ठेक्का बन्दोवस्त गर्नुपूर्व स्वीकृत वातावरणीय अध्यान प्रतिवेदनमा उल्लेखित परिमाणलाई स्थलगत प्राविधिक अध्यानको आधारमा स्वीकृत दरमा उत्खनन तथा संकलनको लागि ठेक्कामा लगाउने व्यवस्था गर्नुपर्ने उल्लेख छ। देहाय बमोजीमका २ आय ठेक्कामा IEE प्रतिवेदनमा तोकिएको भन्दा घटी परिणामा ठेक्कापट्टा गर्दा रु. ५४२६९४८/- राजश्व प्राप्तीमा फरक परेको देखिन्छ । यस सम्बन्धमा सुनिश्चित गर्नुपर्दछ ।

| **क्र.स.** | **नदिको विवरण** | **कबोल दाता** | **IEE मा उल्लेखीत परिमाण(घ.फिट)** | **सम्झौता परिमाण (घ.फिट)** | **हुनुपर्ने बिक्री शुल्क** | **कबोल दातासँग सम्झौता रकम रु** | **घटी संकलन परिमाण रु** |
|---|---|---|---|---|---|---|---|
| १ | लोहन्द्रा खोला | एन.पि. निर्माण सेवा | २८५६६३७।७ | २४६५३७१ | १९९९६४६५ | ३४६१४२०९ | ३९१२६६।७०<br>प्रदेश आर्थिक ऐन अनुसार रु ७ ले हुने रकम २७३८८६६ |
| २ | चिसाङ्ग खोला | उमा इनपफ्रोटेक एण्ड सप्लायर्स प्रा.लि. | २७९३२३९.९३ | २४०९२२८.१५ | १९५५२६७९ | ३९६३३२६९ | ३८४०११।७८<br>प्रदेश आर्थिक ऐन अनुसार रु ७ ले हुने रकम रु २६८८०८२ |

**(अनुसार उक्त परिमाण सम्झौता मिति देखी अन्तिम उत्खनन मिति सम्म दिन गणना गरी IEE प्रतिवेदन अनुसारको दैनिक उत्खनन गुणन गरी आउने परिमाण भएको पालिकाको भनाइ रहेको छ ।)**

क) ढूंगा, गिट्टी वालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुदा न ९ मा जिल्ला समन्वयसमितिको प्रमुखको संयोजकत्वमा ९ सदस्यीय अनुगमन समिति रहने र सो समितिले पालिका अन्तर्गतको नदिजन्य पदार्थ उत्खननको अनुगमन गर्नुका साथै सम्बन्धित पालिकाले समेत नियमित अनुगमन गर्नुपर्ने उल्लेख छ। प्राप्त विवरण अनुसार उल्लिखित कानूनी व्यवस्था अनुसार नदिजन्य पदार्थ उत्खनन् संकलन तथा विक्रीका २ र स्थानीय पूर्वाधार र हाट बजारका ९ समेत ११ ठेक्कापट्टा गरेको भए पनि २०८१/०९/०५ मा एकपटक बाहेक अनुगमन भएको लिखित अभिलेख राखेको देखिएन। तसर्थ के कति नदिजन्य पदार्थ उत्खनन हुन बाँकी रहेको सो समेत अनुगमन गरी उत्खनन भएको परिमाण सुनिश्चित गर्नु पर्दछ।

ख) उल्लेखीत उत्खनन तथा बिक्रि बिततरणमा पालिकाबाट एन.पि.निर्माण सेवालाई पालिकाको मिति २०८१/०८/२४ को पत्रानुसार ६ वटा मोशिनरी औजार प्रयोग गर्न दिएकोमा उक्त मेशिनरी औजारबाट ७२०० घ.मि.उत्खनन भएको र २०८१।१०।११ मा मेशिन प्रयोग बन्द गर्ने पत्राचार भएको देखीयो । आय संकलनमा मेशिनबाट उत्खनन हुनुपर्ने परिमाण २०२४२ घ.मि. मिक्स गिटी बेलचौरी नाकाबाट उत्खनन गर्दा प्रयोग गर्न सकिने सम्झौतामा उल्लेख भएबमोजीममा बाँकि मेशिनको प्रयोगबाट उत्खन्नन् भएको परिमाणको अभिलेख राखेको छैन ।

ग) सम्झौतामा सामाजिक, संस्कृतिक मान्यता बमोजीमका संरचना र पर्यावरणमा असर नपुग्ने गरी उत्खनन गर्नुपर्ने मूल सडकबाट उत्खनन स्थान सम्म जोड्ने सडक व्याक्तीगत वा वन को जग्गा पर्ने भएमा सम्बन्धीत पक्षसँग समंन्वय गर्नुपर्ने, सार्वजनिक जग्गामा नदिजन्य पदार्थको भण्डारण गर्न नपाईने, २०८२ असार मसान्त भित्र मौज्दात शुन्य गर्नुपर्ने, बिहान सुर्योदय देखी सुर्यास्त सम्म मात्र उत्खनन संकलन अवधि हुने लगायतकका प्रावधानहरु तोकिएकोमा नदीजन्य पदार्थ उत्खनन तथा बिक्रि वितरण गर्दा तोकिएका प्रावधानहरुको परिपालना सम्बन्धमा अभिलेख राखेको देखीएनसम्झौतामा उल्लेख भएका प्रावधानको कार्यान्वयन गर्नु/ गरानु पर्दछ ।

३५.७ **नवीकरण शुल्क-** पालिकाको घ वर्गको निर्माण इजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा प्रत्येक आर्थिक वर्षको इजाजत पत्र अवधि मान्य रहने र अवधि समाप्त भएको तीन महिना भित्र संघ, प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको कर चुक्ता प्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित अनुसूची-२ अनुसारको दस्तुर तिरी नवीकरण गरी पास वुक विवरण अद्यावधिक गर्नु पर्ने व्यवस्था छ। पालिकामा २१ वटा इजाजतपत्र लिएका निर्माण व्यवसायिहरुमध्ये आ.ब.२०८१।८२ मा १७ नवीकरण भएको छ । ढिला गरी नवीकरण गर्ने ४ निर्माण व्यवसायीलाई थप नवीकरण दस्तुर समेत लिई गत विगत वर्षको नविकरण शुल्क रू.५०००० र यस वर्षको रू.२० हजार समेत जम्मा रू ७० हजार असूल गर्नुपर्ने रु

| क्र.स. | निर्माण व्यावसायीको नाम | गत आ.व. सम्मको नविकरण दस्तुर बाकी रु | आ.व. २०८१/०८२को बाकी रु |
|---|---|---|---|
| १. | मुकुन्द कन्स्ट्रक्सन | १५,००० | ५,००० |
| २. | रोहीणी कन्स्ट्रक्सन | १५,००० | ५,००० |
| ३. | भनेश कन्सट्रक्सन एण्ड सप्लायर्स | १०,००० | ५,००० |
| ४. | वि.एस. निर्माण सेवा | १०,००० | ५,००० |
| ५. | जम्मा रु | ५०००० | २०००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७०,००० |

३५.८ **सामुदायिक वनको आय -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित पालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । SuTRA को विवरण अनुसार वन क्षेत्रको आय रू.२० लाख प्रक्षेपण गरेकोमा सामुदायिक वनबाट रू.३४४४०२/- अर्थात १७.२२ प्रतिशत राजश्व प्राप्त गरेको देखिन्छ। पालिका अन्तर्गत ८ वटा सामुदायिक वन रहेकोमा बनबाट प्राप्त हुनुपर्ने राजश्वको अभिलेख पेश भएको छैन ।वन पैदावारको विक्री वापतको प्राप्त हुने बाँकी रकम वन कार्यालयसँगसमन्वय गरी असूल गर्नु पर्दछ ।

३५.९ **निकासी कर -** पालिकाको आर्थिक ऐन,२०८१ को दफा १३ मा पालिका क्षेत्रभित्रको जडिबुटी वन पैदावार र कवाडी जीवजन्तू निकासी कर तथा श्रोत उपयोग गरेको उल्लेख गरेको छ। तर सुत्र प्रणालीबाट यस्तो निकासी कर संकलन गरेको देखीएन। यस सम्बन्धमा यकिन गरिनुपर्दछ।

३६ **फोहोरमैला शुल्क -**

बेलबारी नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा १७ मा नगर क्षेत्रभित्रको फोहोरमैला संकलन सम्बन्धमा सेवा शुल्क अनुसूची-१३, बमोजिमको असूल गर्नुपर्ने उल्लेख छ। अनुसूचीमा घरायासी विद्यालय, संस्था, स्वास्थ्य संस्था, उद्योग तथा कलकारखाना सेवा मनोरञ्जन अन्य क्षेत्रको सेवा शुल्कको दररेट तोकिएको छ। पालिका र श्री वेष्ट एण्ड इन्भारो प्रा.ली. सुनसरीसँग

मिति २०७९/११/२८ मा पालिका क्षेत्रभित्र निजी सार्वजनिक साझेदारीमा फोहोरमैला व्यवस्थापन गर्न मिति २०७९/१२/०१ देखी मिति २०८४/११/३० सम्मको लागि सम्झौता भएको छ । सम्झौता बमोजिम यस वर्ष रू. १८,५६,०००।- प्राली लाई भुक्तानी गरिएको छ। आ.व. २०८०/८१ मा मासिक रू. ५०,०००।- भुक्तानी गरिएकोमा आ.व. २०८१/८२ मा मिति २०८१/०६/२२ को कार्यापलिकाको निर्णय बमोजिम मासिक रू. १,००,०००।- भुक्तानी गरिएको छ। सम्झौताको बुदा नं. १३(द) मा प्रविधिको प्रयोगरी भर्चुवल नेटवर्कीङ समेतको तथ्याङ्कको आधारमा पहिलो पक्षले दोश्रो पक्षलाई गरिने आर्थिक सहभागिता दोश्रो पक्षले पेश गरेको प्राविधिक प्रस्तावको पेज नं. ८ को (८) मा भएको व्यवस्था बमोजिम दोश्रो पक्षलाई भएको मुनाफाको ५०% बराबर रकम पहिलो पक्षलाई भुक्तानी गर्नुपर्ने उल्लेख भएको छ। तर दोश्रो पक्षबाट पालिकालाई कुनैपनि रकम प्राप्त नभएको, दोश्रो पक्षको आय व्यय विवरण, लेखा परिक्षण प्रतिवेदन समेत विवरण प्राप्त भएको छैन। यस सम्बन्धमा सम्झौता बमोजिम अनुगमन गरी सुनिश्चित गर्नुपर्दछ।

३७ **क्रसर उद्योग** -

ढुंगा गिटि वालुवा उत्खनन विक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ को बुँदा नं ११ मा क्रसर उद्योग संचालनको लागि आवश्यक मापदण्ड तथा कार्यविधि निर्धारण गरिएको छ। यस मापदण्डमा नयाँ स्थापना हुने उद्योगले वातावरणीय अध्ययन प्रतिवेदनमा सङ्कलन उत्खनन गर्ने कच्चा पदार्थको स्थान क्षेत्रफल परीमाण समयावधि र स्रोतको विवरण तथा त्यस्तो क्षेत्रको रेखाङ्कन सहितको नाप नक्शा अनिवार्य रुपमा समाबेश गर्नु पर्ने हुन्छ। त्यसै गरी क्रसर उद्योग राजमार्गको राइट अफ वे बाट ५०० मिटर र नदि वा खोला किनारबाट ५०० मिटरको दुरीमा मात्र संचालन गर्नु पर्ने उल्लेख छ। मापदण्ड अनुसार प्रचलित कानून बमोजिम स्थापना भएको क्रसर उद्योगले आफ्नो उद्योगको वार्षिक क्षमताको अधिनमा रहि संकलन तथा उत्खनन गर्ने कच्चा पदार्थको स्रोत सहितको विवरण प्रत्येक वर्षको भाद्र महिनाभित्र सम्बन्धित स्थानीय तह समक्ष पेश गर्नु पर्ने व्यवस्था छ।त्येसै गरी प्रत्येक वर्षको लागि असार मसान्त भित्र आफ्नो उत्पादनको वार्षिक मौज्दात तथा खरिद बिक्रीको परिमाण सार्वजनिक गरी सोको जानकारी सम्बन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ। क्रसर उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थको आपुर्ती गर्दा लाग्ने विक्री मूल्य वा शुल्क सम्बन्धित स्थानीय तहलाई बुझाए पछि मात्र त्यस्तो कच्चा पदार्थ आपुर्ति गर्न पाउने व्यवस्था छ।उल्लिखित व्यवस्था पालना नगर्ने क्रसर उद्योगलाई सम्बन्धित स्थानीय तहले बन्द गर्न सम्बन्धित निकायलाई सिफारिस समेत गर्ने सक्ने व्यवस्था छ।पालिका भित्र ५ वटा क्रसर उद्योग सञ्चालनमा रहेकोमा आ.व. २०८१/०८२ मा पालिकालाई आर्थिक ऐन, बमोजिम बुझाउनु पर्ने रकमको अभिलेख नरहेको र आ.व. २०८२/०८३ मा ३ वटाले रू. १८०००० राजश्व बुझाएका र २ वटाले बुझाएको राजश्व देखिएका राजश्व नबुझाउने उद्योगलाई जरिवाना समेत लिई असुल गर्नुपर्दछ। उक्त क्रसर उद्योगले मापदण्डको पालना गरे नगरेको वा के कति परिमाणमा ढुंगा तथा वालुवाको उत्खनन तथा उत्पादन गरेको सम्बन्धमा कुनै अनुगमन भएको देखिदैन। पालिकाले उक्त क्रसर उद्योगको आवश्यक अनुगमन गरी कानून बमोजिम भएको सुनिश्चित हुनुपर्दछ।

३८ **सशर्त कार्यक्रम**

३८.१ **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । यसरी आपूर्ति भएका औषधिको भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले औषधि र उपकरण खरिद चुनचुन फार्मेसीलाई रु.२५२६५६०/- भुक्तानी दिएको छ। औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

क) उदाहरणको लागि ५ औषधीको परीक्षण गर्दा देहाय बमोजिम देखिएको छ ।

| सि. नं. | औषधीको नाम | म्याद समाप्त हुने मिति | नि:शुल्क वितरणको लोगो |
|---|---|---|---|
| १ | Paracetamol (500mg) | Jan 2027 | IBS Supply |
| २ | Amoxycillin (500 mg) | May 2027 | IBS Supply |
| ३ | Metformin (500 mg) | Jan 2027 | IBS Supply |
| ४ | Amlodipine (5mg) | Sep 2026 | IBS Supply |
| ५ | Ciprofloxacin (500 mg) | Dec 2026 | IBS Supply |

ख) खरिद गरेको औषधीको विवरण देहाय बमोजिम रहेको छ ।

| सि.नं | गो.भौ.नं | मिति | भुक्तानी पाउने | भुक्तानी रकम रु | खरिद विधि |
|---|---|---|---|---|---|
| १ | ५५ | २०८१।७।३० | चुन चुन फार्मेसी | १५,२०,०००/ - | बोलपत्र |
| | १९७ | २०८१।७।३० | चुन चुन फार्मेसी | ३,३९,६६०/ - | |
| २ | १००५ | २०८२।२।१९ | चुन चुन फार्मेसी | ६,६६,९००/ - | कोटेशन |
| | जम्मा | | | २५२६५६०/ - | |

**ग)** स्वास्थ्य सेवा विभागको प.सं २०८१।०८२,चलानी नं २०७३ मिति २०८२।३।३० गते जारी भएको परिपत्रको आधारमा पालिका अन्तर्गत रहेका स्वास्थ्य शाखाले प्राप्त गरेको औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्ने प्रणाली eLMIS लाई अगामी आ.व २०८२।८३ बाट PAMS मै एउटा system थप गरी अभिलेख राख्नुपर्ने जानकारी दिएको छ । साथै सोही परिपत्रले आ.व २०८१।८२ को अन्तिम महिना आषाढतिर म्यानुअल तरिकाले विवरण डाउनलोड गरी सो मौज्दातलाई नयाँ PAMS V2 मा Migration गर्नुपर्ने जानकारी दिएको छ। नयाँ PAMS V2 मा औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्नको लागि २०८२ श्रावण मसान्तभित्र युजर आइडी सिर्जना गरी अभिलेख अधावधिक गरिसक्नुपर्नेमा हालसम्म पनि अभिलेख अधावधिक गरेको देखिएन । तसर्थ यस प्रणालीको सिर्जना गरी औषधी तथा औषधीजन्य सामाग्रीहरु अभिलेख चुस्त दुरुस्त राख्नुपर्छ ।

३८.२ **न्यानो झोला कार्यक्रम-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ ।पालिका अन्तर्गतका १ बर्थिङ सेन्टरमा यस वर्ष १०० थान को रु.८८६४२/- खरिद गरी गोमा कपडा पसल, इटहरीलाई भुक्तानी गरेको छ, र यस वर्ष २९ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । खरिद गरिएका ७१ थान न्यानो झोला मौज्दातमा रहेका छन् वर्थिङ सेन्टरमा खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत ध्यान दिनुपर्दछ ।

३८.३ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ११ वडामा २४ योजना सञ्चालन गरी यस वर्ष ७१ जनालाई औसत ५६.५३ दिनले ४०१४ दिन रोजगारी उपलव्ध गराई रु.२६३९७८२८।३५ श्रमिक ज्याला खर्च गरेको प्राप्त विवरणबाट देखिएको छ। नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा

अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

**(यस कार्यक्रमसँग सम्बन्धित सबै २४ योजनाको खर्च रकम रू.२६३९७८२।३५ कागजात नष्ट भएको पालिकाले जनाएको छ। यस कार्यक्रमसँग सम्बन्धीत खर्चको लेखापरिक्षण भएको छैन।**

३८.४ **क्याम्पसलाई अनुदान** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) को (ज) (२०) मा माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने पालिकाको कामकर्तव्य र अधिकार तोकेको छ। नगरकार्यपालिकाको मिति २०८१।१०।२५ को निर्णयानुसार पालिकाको वार्षिक निति ,कार्यक्रम तथा बजेट पुस्तिका २०८१ मा उल्लेख भएको शिक्षा क्षेत्र प्रदेश सर्सत कार्यक्रममा प्रदेशबाट विनियोजित भएको रु ४ लाख बेलबारी क्यापसलाइ अनुदान दिएको छ । क्यापसले उक्त अनुदानबाट शिक्षक तथा कर्मचारीहरुलाई तलबमा रु १६०००० र प्लास्टर तथा अन्य प्रयोजनको कार्यमा रु २४०००० खर्च गरेको छ । गो.भौ.नं २-२०८१।११।११ बाट रु. ४००००० अनुदान निकासा दिएको उक्त रकमको तलब भत्ताको भर्पाई र निर्माण कार्यको सक्कल बिल विजक स्रेस्ता साथ संलग्न गरेको छैन । पालिका मातहतका विद्यालयहरूको कार्यक्षेत्र कक्षा १२ सम्म मात्र रहेकाले कार्यक्षेत्रभन्दा बाहिरको खर्च नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ४,००,००० |

३८.५ **वितरण भर्पाई -**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **११५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३९ **स्वास्थ्य विमा**

प्राप्त विवरण अनुसार पालिकाले नागरिक स्वास्थ्य विमा साझेदारी कार्यक्रम संचालन गरेको देखिन्छ । उक्त कार्यक्रममा वडागत रुपमा बजेट बाँडफाँड गरी संचालन गरेकोमा रु.२०८४२५०/- साझेदारीमा पालिकाका सवै ९ वडाहरु ९६० घरपरिवारको बिमा बापतको भुक्तानी देखिन्छ। नागरिक स्वास्थ्य बिमा कार्यक्रम संचालन कार्यविधी,२०७९ बमोजिम वडा समितिको छनौट र सिफारिस बमोजिम कार्यक्रम संचालन गर्नु पर्दछ।

४० **सामाजिक सुरक्षा -**

४०.१ सामाजिक सुरक्षा- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले १० वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा पालिकाबाट प्राप्त विवरण अनुसार सामाजिक सुरक्षा भत्तामा निकासा भएको रकम रु.३६२६७६६५३/- रहेको देखिन्छ ।सामाजिक सुरक्षा भत्ता वितरण गर्दा कार्यविधिमा तोकिए बमोजिम दर्ता नविकरण मूल अभिलेखबाट कट्टा लगायतका अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

४०.२ मृत्यू पश्चातको भुक्तानी - पालिकाबाट देहायबमोजिमका व्यक्तिहरुलाई मृत्यू भए पश्चात समेत सामाजिक सुरक्षा भत्ता वितरण भएको देखिन्छ । उक्त वितरण भएको देहाय बमोजिमको बढी भूक्तानी रु. ४३५२१।- असुल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु.

| क्र. नं. | सदस्यको नाम | ठेगाना | नागरिकता नं. | लगत कट्टा मिति | लगत कट्टा गरिएकोमिति | हुनुपर्ने निकासारु | भएको निकासा रु | बढी निकासा रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | चम्पा माया नेवार | १ | ६५९५४० | २०८१-०६-०४ | २०८१-०९-११ | ८८०० | १२००० | ३२०० | पहिलो |
| २ | चन्द्र बहादुर सुन्दास | १ | २८७५७३८ | २०८१-११-२७ | २०८२-०३-०८ | ५१३६ | ७९८० | २८४४ | तेस्रो |
| ३ | कमला सरी खवास | १ | ३७७५९ | २०८१-१२-२३ | २०८२-०२-२१ | १०९६७ | १२००० | १०३३ | तेस्रो |
| ४ | कनरु थारु | ५ | ३९८८५ | २०८१-०६-१६ | २०८१-०९-११ | १०१३३ | १२००० | १८६७ | पहिलो |
| ५ | डम्बर कुमारी सापकोटा | ५ | ५१६७०००६३३ | २०८१-१०-२२ | २०८२-०२-२१ | २१३३ | १२००० | ९८६७ | तेस्रो |
| ६ | असिलाल वातर | ५ | ३२१९।१५३ | २०८१-११-०७ | २०८२-०१-१७ | ४९६५ | १२००० | ७०३५ | तेस्रो |
| ७ | सोरमाया राई | ६ | १०३५३९८ | २०८१-०४-२४ | २०८१-०९-२४ | ३००० | १२००० | ९००० | पहिलो |
| ८ | पुष्पाञ्जली चापागाई | ७ | ०५-०१-७९-०४३६४ | २०८२-०२-०६ | २०८२-०४-०६ | ४७६२ | ११९७० | ७२०८ | चौथो |
| ९ | कुमार जंग कार्की | ८ | ०५—०२—७९—०२१५० | २०८१-०६-१९ | २०८१-०९-१२ | १०५३३ | १२००० | १४६७ | पहिलो |
| जम्मा रु | | | | | | | | ४३५२१ | |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **४,३८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **८,१३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **४,२५९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **८,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **२१,८६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **६,०६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,५२१ |

४०.३ **निष्क्रिय खाताको रकम फिर्ता** - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ। पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता १० वटा बैंक मार्फत भुक्तानी गरेकोमा बैङ्कबाट प्राप्त पार्किङ खाताको विवरण अनुसार देहाय बमोजिमका बैङ्कहरूबाट फिर्ता हुन बाकी बैङ्कमा रहेको निस्कृय रकम रू. ८४५६८/- संघिय संचित कोषमा फिर्ता प्रमाण पेश हुनुपर्ने रू

| क्र.सं. | फिर्ता भएको बैंक | मिति | फिर्ता भएको रकम | फिर्ता हुन बाँकी रकम | लाभग्राही संख्या |
|---|---|---|---|---|---|
| १ | कुमारी बैङ्क | २०८२/ ०३/ ३० | ५३९०७ | ० | ० |
| २ | नेपाल इन्भेष्टमेन्ट बैङ्क | २०८२/ ०३/ १२ | ४७२५३ | ० | ० |
| ३ | ग्लोबल आई.एम.ई. बैङ्क | २०८१/ ०७/ ०५ | ३३८८३ | ० | ० |
| ४ | सानिमा बैङ्क | २०८२ असार | ५११०२ | ० | ० |
| ५ | राष्ट्रिय वाणिज्य बैङ्क | २०८२/ ०३/ ३२ | ५०५६३ | ० | ० |
| ६ | एन.एम.बी. बैङ्क | २०८२ असार | ६२१५० | ० | ० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१४,८८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१७,३४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१०१,७९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **९,९३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८४,५६८ |

४०.४ **सामाजिक सुरक्षा भत्ता वितरण तुलना-** यस पालिकावाट गत आर्थिक वर्ष २०८०।८१ र आर्थिक वर्ष २०८१।८२ मा देहाय अनुसार देहाय अनुसारका लाभग्राही रहेको देखियो ।

| सि.नं. | लाभग्राही वर्ग | भत्ता दर | २०८०।८१ मा लाभग्राही संख्या | २०८१।८२ मा लाभग्राही संख्या |
|---|---|---|---|---|
| १. | ज्येष्ठ नागरिक ७० वर्ष माथि | ४००० | ५६०२ | ५७५८ |
| २. | ज्येष्ठ नागरिक दलित | २६६० | २६७ | २८८ |
| ३. | ज्येष्ठ नागरिक एकल महिला | २६६० | ७१६ | ७७६ |
| ४. | विधवा | २६६० | १०३५ | ११०१ |
| ५. | पूर्ण अपाङ्ग | ३९९० | २०१ | २१२ |
| ६. | अति अशक्त अपाङ्ग | २१२८ | ४०८ | ४४२ |
| ७. | दलित बालवालिका | ५३२ | ३२८ | ३५२ |
| ८. | लोपउन्मुख जाती | ४००० | ३ | ३ |
| **जम्मारू.** | | | ८५६६ | ८९४० |

सामाजिक सुरक्षा वापत आर्थिक वर्ष २०८०।८१ मा लाभग्राहीलाई रु.३५०३५७४६८/-खर्च भएकोमा आ.व. २०८१।८२ मा रु. ३६२६७६६५३/- खर्च भएको देखिन्छ। गत वर्षको तुलनामा यो वर्ष रु.१२३१९१८५/- वढी खर्च भएको छ।

४०.५ **समीक्षा र सार्वजनिक सुनुवाई-** सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को दफा ३१ र ३४ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित सभामा पेश गर्नुपर्ने र पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधिको परिपालना हुनु पर्दछ।

४१ **छात्रवृत्ति**

४१.१ (245-2082-02-10):
**गैरआवासीय छात्रवृत्ति-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **३७,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **३५,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **५१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **४१,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **३३,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१८,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१५,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **७,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **४१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **५९,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **६,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४१.२ **आवासीय छात्रवृत्ति-** शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८१ को क्रियाकलाप नं. ४.१.४ (१) अनुसार दैनिक रुपमा विद्यालयबाट आउनजान नसक्ने एवम् अध्ययनका लागि विद्यालयले व्यवस्था गरेको आवास तथा सङ्घसंस्था वा अभिभावकले सञ्चालन

गरेको होस्टेलमा बस्ने वा डेरामा बसेको भनी सम्वन्धित वडा कार्यालयबाट प्रमाणित भई आएका बालबालिकाको संख्याको आधारमा प्रतिविद्यार्थी प्रति महिना रु.५००० का दरले १० महिनाको ५०००० विद्यालयलाई निकासा दिने र सो मध्ये व्यक्तिगत सरसफाईका लागी आवश्यक पर्ने सामाग्री खरिद गर्ने प्रति विद्यार्थी मासिक रु.५०० का दरले १० महिनाको रु.५००० सम्वन्धित छात्रछात्रालाई नगद नै अनिवार्य उपलब्ध गराउने र बाँकी रकम आवास व्यवस्थापन गर्ने व्यवस्था छ । श्री कविर मा.वि.-२ लाई १२ जना विद्यार्थीको लागि मासिक रु.५००० का दरले १० महिनाको जम्मा रु.६००००० निकासा गरेको देखिन्छ ।विद्यार्थी होस्टेल वा डेरामा बसेको भनी सम्वन्धित वडाकार्यालयको सिफारिस, प्रति विद्यार्थी मासिक रु.५०० का दरले १० महिनाको नगदै बुझाएको भरपाई, बाँकी रकम आवास व्यवस्थापनमा भएको खर्चको बिलभरपाई पेश भएको देखिएन । नियमानुसार वडाको सिफारिस, विद्यार्थीहरुलाई नगदै बुझाएको भरपाई, आवास व्यवस्थापनमा भएको खर्चको बिलभरपाई प्रमाण पेश गर्नुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,००,००० |

४२ **पाठ्यपुस्तक**

४२.१ **कक्षा १-१० को पाठ्यपुस्तक-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२७,१४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **४,९०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **५,०९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **६,८६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४२.२ **पाठ्यपुस्तकमा बढी निकासा-** शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८१ को क्रियाकलाप नं. २.४.६.२ मा सामुदायिक विद्यालयले चालु शैक्षिक सत्रको कक्षा १-१२ का विद्यार्थी संख्या EMIS बाट प्राप्त प्रतिवेदन अनुसार पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत कक्षागत दरका आधारमा निकासा दिने र कक्षा ९ र१० का ऐच्छिक विषय समेत सेटमा नै नया पाठ्यपुस्तक खरिद गरी वितरण गर्ने र कक्षा ११-१२ का ऐच्छिक विषयका पाठयपुस्तक विद्यालयको पुस्तकालयमा व्यवस्था गर्ने व्यवस्था छ । EMIS परीक्षणमा कक्षा १-१० सम्म EMIS मा उल्लेखित विद्यार्थी संख्या भन्दा बढी संख्या विद्यार्थीहरुलाई पाठ्यपुस्तकको रकम निकासा गरिएकोले श्री सिंहदेवी आ.वि.-२ को बढी निकासा रु.1874 असुल गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | विद्यार्थी संख्या | इमिस अनुसार | निकासा भएको | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | श्री सिंहदेवी आ.वि.-२ | ५१ | ३०४४९ | ३२३२३ | १८७४ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **४,६३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **६,९७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **२,२४७**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२,०८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८७४ |

४३ **शिक्षण सिकाइ**

४३.१ (261-2082-03-17):
**शिक्षण सिकाई अनुदान-**

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४३.२ (261-2082-03-17):
**शिक्षण सिकाई सामाग्री-** शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८१ को क्रियाकलाप नं.२.७.१३.११(६.७) अनुसार सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समितिको निर्णय अनुसार परिचालकको प्रमाणित हाजिरी अभिलेख मासिक रु.१०००० का दरले १२ महिना र चाडपर्व खर्च बैङ्कमार्फत भुक्तानी गर्नुपर्ने र समितिको स्वीकृत वार्षिक कार्यक्रम अनुसार खर्च गर्न सक्ने व्यवस्था छ । चेतना सामुदायीक अध्ययन केन्द्रलाई रु.३००००० निकासा दिएकोमा परिचालक देवकी राईलाई चाडपर्व खर्च समेत रु.१३०००० पारिश्रमिक बैंकखाता मार्फत नपठाएको र खरिद गरिएका सामाग्री कलर प्रिन्टर-१, टेवल सेट-१, ल्यापटपको 1TB SSD-१, ल्यापटपको ८ GB,DD RAM-२ थानको रु.७६५०० को सामाग्री दाखिला गरेको छैन । परिचालक देवकी राईको पारिश्रमिक बैंक खातामा पठाएको रु.१३०००० र खरिद गरिएका सामाग्रीहरु रु.७६५०० विद्यालयमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०६,५०० |

४४ **विद्यालय सुधार योजना**

शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८१ को क्रियाकलाप नं.२.७.१३.१० विद्यालय संचालन तथा व्यवस्थापन अनुदानमा विद्यालय सुधार योजनाको लागी आधारभुत तहमा सञ्चालित विद्यालयलाई रु.१५००० र माध्यमिक तहमा सञ्चालित विद्यालयलाई रु.२०००० का दरले निकासा दिन सकिने व्यवस्था छ ।अनुदान प्राप्त गर्ने विद्यालयले प्रगति सूचकमा निर्माण तथा अद्यावधिक भएका विद्यालय सुधार योजना पेश गर्नुपर्ने उल्लेख छ । यस पालिकामा रहेका ३१ विद्यालयहरु मध्ये १२ विद्यालयलाई रु.२०००० र १९ विद्यालयलाई रु.१५००० का दरले गरी जम्मा रु.५२५००० निकासा भएको छ । पालिकामा रहेका ३१ विद्यालय मध्ये तपसिलका 7 विद्यालयले विद्यालय सुधार योजना पेश नगरेकोले विद्यालय सुधार योजना पेश गर्नुपर्ने रु.

| सि.नं. | वडा नं | विद्यालय नाम | विद्यालय सुधार योजना |
|---|---|---|---|
| 1 | ५ | Dhanpal Secondary School | २०००० |
| 2 | ४ | Jana Nirman Basic School | १५००० |
| 3 | ५ | Janata Basic School | १५००० |
| 4 | ४ | Kaseni Secondary School | २०००० |
| 5 | ५ | Mahendra Basic School | १५००० |
| 6 | १० | SHREE DHIRNATH SAMPHUL BISHWAS SECONDARY SCHOOL | २०००० |
| 7 | ६ | Shree Mahendra Basic School | १५००० |
| 8 | २ | Singha Devi Basic School | १५००० |
| | | जम्मा | 135००० |

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३५,००० |

४५ **वान्तवा कक्षा**

४५.१ (1265-2082-03-19):
मातृभाषा कक्षा संचालन-

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१३४,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४५.२ (1265-2082-03-19):
**मातृभाषा कक्षा संचालन-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली,२०७७ को नियम ३९ अनुसार सरकारी रकमको खर्च गर्दा बजेट र कार्यक्रमको सिमाभित्र रही गर्नुपर्ने र नियम ४१(क) अनुसार विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शिर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सिमा भित्र रही अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्नुपर्ने व्यवस्था छ । मातृभाषा कक्षा संचालन सहयोग कार्यक्रममा रु.३०००००  बजेट स्वीकृत भएकोमा उक्त रकम श्री लक्ष्मी माध्यमिक विद्यालयलाई भुक्तानी गरिएको छ । पालिकाको सभाबाट पारित भएको स्वीकृत कार्यक्रम मातृभाषा कक्षा संचालनमा खर्च नगरी फरक कार्यक्रम बैठक भत्तामा रु.८००००.०० खर्च गरिएको छ । स्वीकृत कार्यक्रमबाट अर्को कार्यक्रममा रकमान्तर नगरी सोझै खर्च गरिनु नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८०,००० |

४६ **आया पारीश्रमिक** (137-2081-06-18):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४७ **निःशुल्क ऋणकोष** (746-2081-12-01):
मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाल, उर्लाबारी र बेलबारी नगरपालिकाबिच मिति २०८१।११।८ मा भएको सम्झौता अनुसार नियमानुसार भर्ना भई शैक्षिक उपहार.ऋण माग गर्ने विद्यार्थीको सूची प्रतिष्ठानले नगरपालिकालाई उपलव्ध गराउने, कसलाई कति

प्रतिशत शैक्षिक उपहार/ऋण प्रदान गर्ने सिफारिस पालिकाले गर्ने सम्झौता अनुसार गरिब तथा विपन्न नागरिकका लागि प्राविधिक शिक्षा अध्ययन घुम्ती कोष व्यवस्थापनको लागि एकमुष्ट रु.४,००,०००.०० मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाललाई भुक्तानी गरिएको छ । उपहार.ऋण माग गर्ने विद्यार्थीको सूची, कसलाई कति प्रतिशत शैक्षिक उपहार/ऋण प्रदान गर्ने पालिकाको सिफारिस र विद्यार्थीले रकम बुझेको प्रमाण संलग्न गरेको छैन । विद्यार्थीको सूची, पालिकाको सिफारिस र विद्यार्थीले रकम बुझेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,००,००० |

४८ **भत्ता वितरण**

४८.१ **सहभागी भत्ता-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) अनुसार सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने र दफा २४ (४) मा अर्थ मन्त्रालयले सार्वजनिक खर्चमा एकरुपता ल्याउन र मितव्ययिता कायम गर्न गराउन खर्चको मापदण्ड तोक्न सक्ने उल्लेख छ । अर्थ मन्त्रालयले तोकेको मापदण्ड कार्यसञ्चालन निर्देशिका २०८१ को अनुसुची ११ मा प्रशिक्षार्थी छनौट गरी वा नगरी सञ्चालन गरिएको जुनसुकै प्रकारको तालिम गोष्ठीको सहभागीहरुलाई सहभागी भत्ता उपलव्ध नगराउने सुचना गर्नुपर्ने तर तालिम गोष्ठी कार्यशालाको सहभागीलाई सहभागी भत्ता दिनपर्ने नै भए ४ कोष भन्दा बढीबाट आउने सहभागीहरुलाई सहभागी भत्ता दिने गरी स्वीकृत गरी यस निर्देशिकाले तोकिदिए अनुसार दिन सकिने उल्लेख छ । पालिकामा संचालित स्वास्थ्य शाखा प्रमुखहरुको मासिक वैठकमा सहभागि भत्ता प्रतिदिन रु.१००० का दरले पालिकाभित्रका कर्मचारीहरुलाई भुक्तानी गरिएको छ । सहभागीहरुलाई भत्ता उपलव्ध नगराउने गरी सूचना पनि नगरिएको, र कार्यक्रम सञ्चालन गर्ने कार्यालयका कर्मचारी नै सहभागी भएकोले सहभागी भत्ता दिन मिल्ने देखिदैन । लेखापरीक्षण क्रममा १० जना मध्ये ७ जनाको रु.१०२००/- असुल भई तपसिलको २ जनाको रु.४२५०/- सहभागी भत्ता असुल गर्नुपर्ने रु.

| सि.नं. | नामथर / गो.भौ. नं र मिति | १०१-१०।१५५ | १३५-११।५ | जम्मा |
|---|---|---|---|---|
| | | **ANC/PNC Check** | पोषण कार्यक्रम | |
| १ | प्र.प्र.अ. श्री किरण प्रसाद ढकाल | १ | २ | २५५० |
| २ | अधिकृत आँठौ श्री महेन्द्र खड्का | ० | २ | १७०० |
| | जम्मा | | | ४२५० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२५० |

४८.२ (341-2081-09-17):
**सहजकर्ता भत्ता-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **३,०६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४८.३ (959-2082-01-01):
**तालिम संचालन-** आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजीम जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक बिल, भरपा्ई र संलग्रन भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने छ । पूर्वाञ्चल कलेज अफ साइन्स एण्ड टेक्नोलोजी बिराटनगरसँग २५

जनाला्इ २१ दिन वारिङ तथा प्लम्विङ तालिम रु.२,५०,०००.०० मा संचालन गर्ने गरी सम्झौता भएको छ । तालीम संचालन गर्दा २४ जनालाइ मात्र तालिम दिएको र १ जना अन्तीम ५ दिन तालिममा सहभागीता जनाएको देखीदैन ।तालिममा सहभागी नभएको दिनको रकम भुक्तानीमा घटाएर दिनुपर्नेमा नघटाइ भुक्तानि गर्दा रु.१३६१९.०५ बढी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,६१९ |

४९ **नगर अस्पताल**

अस्पतालको पालिकावाट प्राप्त विवरण अनुसार बीमावाट प्राप्त रकम र पालिकावाट विनियोजन भएको रकम समेत जम्मा रु.४,८९,५५,३४१/- आम्दानी रहेकोमा खर्च रु.४,६९,३४,५१० खर्च भई रु.२०,२०,८३०/६९ वैंक मौज्दात रहेको देखिन्छ । सो सम्वन्धमा देखिएका थप बेहोरा निम्न छन्

४९.१ **स्वास्थ्य बीमा फार्मेसी संचालन-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **१४६,००३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४९.२ **अस्पतालको आम्दानी अभिलेख-** राजश्व आम्दानीको शीर्षकगत खाता(म.ले.प.फा.नं.१०४),राजश्व आम्दानीको दैनिक गोश्वारा खाता (म.ले.प.फा.नं.१०४), राजश्व आम्दानी दैनिक नगद प्राप्त गोश्वरा खाता(म.ले.प.फा.नं.१०६), राजश्व आम्दानीको दैनिक वैंक भौचर प्राप्त गोश्वारा खाता (म.ले.प.फा.नं.१०७),लगायतका आम्दानीको स्रेस्ता खडा गरी आम्दानीको अभिलेख राख्नु पर्नेमा सो सम्वन्धि अभिलेख राखेको छैन । अस्पतालले सफ्टवेयरमा मात्र अभिलेख राखेको छ । अस्पतालले असुल गरेको आम्दानीको दैनिक, मासिक, त्रैमासिक रुपमा कारण आम्दानीको असुली भिडान गर्न सकिएन । अस्पतालमा शीर्षकगत रुपमा प्राप्त हुनुपर्ने आम्दानी बैंकमा जम्मा भए नभएको सम्वन्धमा दैनिक, मासिक तथा वार्षिक रूपमा देखिने गरी तोकिएका म.ले.प.फारमहरु प्रयोग गरी प्राप्त आम्दानीको श्रेस्ता तयार हुनुपर्दछ ।

४९.३ **औषधीको विल-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **९,७३३,५३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५० **लागत अनुमान तयार**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै खरिदको लागि तोकिए वमोजिम लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने र निर्माण कार्य वाहेककोमा एक लाख रुपैंया भन्दा बढीको खरिदमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । तपसिलको खरिदमा पालिकाले लागत अनुमान तयार नगरी कोटेशन मार्फत रु.८,८९,०६५.०० सोझै खरिद गरेको देखिन्छ । सार्वजनिक खरिद ऐन अनुसार लागत अनुमान तयार नगरी सोझै खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | गो.भौ.नं. र मिति | आपूर्तिकर्ता | खरिद विवरण | रकम |
|---|---|---|---|---|
| १ | १०८-०८१।६।१९ | अष्टाङ्ग फर्मास्युटिकल्स प्रा.लि. | आयुर्वेद औषधि खरिद | ४९९६७० |
| २ | १२०३-०८२।३।१८ | अष्टाङ्ग फर्मास्युटिकल्स प्रा.लि. | आयुर्वेद औषधि खरिद | १३९७४५ |
| ३ | १९९-०८२।१।११ | रविन आयुर्वैदिक पसल | आयुर्वेद औषधि खरिद | २४९६५० |
| | | जम्मा | | ८८९०६५ |

## ५१ संघ संस्थालाई अनुदान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष देहायअनुसारका नाफामूलक संस्था तथा राजनितिदललाई भवन निर्माण, कार्यक्रम तथा साधारण सभा खर्च लगायतमा रु.११,९०,०१५/- अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| सि.नं. | गो.भौ.नं. र मिति | भुक्तानी पाउने | वापत | रकम |
|---|---|---|---|---|
| १ | ५०३-०८१।१०।२९ | नगरपालिका महासंघ | भवन निर्माण रंगरोगन | ५००००० |
| २ | ५१०-०८१।१०।३० | नेपाली काङ्ग्रेस प्रदेशस्तरिय सभापती भेला | कार्यक्रम खर्च | १४४६४० |
| ३ | ६७६-०८१।१२।५ | नेकपा माओवादी नगर अधिवेशन | कार्यक्रम खर्च | ११४९८८ |
| ४ | ११३३-०८२।३।११ | बेलबारी उद्योग वाणिज्य संघ | कमपाउण्ड वाल निर्माण | ३८५३८७ |
| ५ | ११५३-०८२।३।१२ | नेपाल कपडा तथा सिलाई व्यवसायी संघ | साधारण सभा खर्च | ४५००० |
| | | | जम्मा | ११९००१५ |

| अनियमित भएको | १,१९,०१५ |
|---|---|

## ५२ प्रमाण कागजात

५२.१ (1363-2082-03-22):

**रोजगार अनुदान लगानी** - आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अधि त्यस्तो रकम भुक्तानी दिन आवश्यक बिल, भरपा्ई र संलग्रन भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । अपाङ्गता भएका व्यक्तिहरुको लागी व्यवसायी रोजगारी प्रवद्धन अनुदान अन्तर्गत अपाङ्गता भएको व्यक्तीको व्यवसायी रोजगार प्रवद्धन अनुदान अन्तर्गत अपाङ्गता भएको व्यक्तीको लागी १२ जनालाई रु.२५००० का दरले रु.३,००.०००.०० भुक्तानी भएको छ । अनुदान प्राप्त गरेका १२ जना मध्ये तपसिका ५ जनाको पालिकामा प्राप्त निवेदन, सामाजिक विकास समितिले गरेको छनौट निर्णय, र लगानी गरेको प्रमाण समावेश भएको छैन । उल्लिखित प्रमाण पेश गर्नुपर्ने रु.

| सि.नं. | व्यवसायको नाम | अपाङ्गता व्यक्तीको नाम | रकम |
|---|---|---|---|
| १ | आरती किराना पसल | चन्द्र शेखर पासवान | २५००० |
| २ | आयुस पशुपालन तथा कृषि पालन | आयुस फुयाल | २५००० |
| ३ | रेश्मिका पशुपालन तथा कृषि व्यवसाय | रेष्मिका पोखरेल | २५००० |
| ४ | आदर्श पशुपालन तथा कृषि फर्म | गणेश बहादुर दाहाल | २५००० |
| ५ | अभ्य यंद अभिई होटल | अमिरचन चौधरी | २५००० |
| | जम्मा | | १२५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२५,००० |

५२.२ **प्रमाण कागजात पेश गर्नुपर्ने**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१(१) अनुसार जिम्मेवार व्यक्तिले यस ऐन बमोजिम राख्नुपर्ने प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रीत पुर्याई लेखा तयार गरी अद्यावधिक राख्नुपर्ने र नियमावली २०७७ को ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।निम्नानुसार विभिन्न भौचरबाट खरिद गरिएका सामाग्रीहरु वितरण गरेको वा सम्वन्धित संस्थाको सम्पत्तिमा देखिने गरि जिन्सी दाखिला गरेको प्रमाण संलग्न नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.

| सि.नं. | गो.भौ.नं.र मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | ७९९-०८१। १२।२८ | बेलबारी नगरपालिकाको सम्झौता अनुसार Steam कार्यक्रम संचालन वापत T.S.C.M. AEROSPACE PVT.LTD लाई रु.१३८००० भुक्तानी गरेकोमा Steam कार्यक्रम संचालन गरेको कागजातहरु संलग्न नभएकोले प्रमाण पेश गर्नुपर्ने रु. | १३८००० |
| २ | ११८७-०८२। ३।१८ | दलित वर्ग उत्थान समितलाई फर्निचर हस्तारण तथा समितिमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु. | २४९५०४ |
| ३ | १२०४-०८२। ३।१८ | वडा नं. ४ को १२ वटा टोलविकास संस्थालाई ५६५० वटा सुपारी विरुवा दिएकोमा उक्त संस्थाहरुले वितरण गरेको वा रोपण गरेको साथै संस्था छनोट भएको प्रमाण पेश गर्नुपर्ने रु. | २५०००० |
| ४ | १२०५-०८२। ३।१८ | वडा नं.३ को ७ वटा टोलविकास संस्थालाई १४३७ वटा सुपारी विरुवा दिएकोमा उक्त संस्थाहरुले वितरण वा रोपण गरेको संस्था संस्था छनोट भएको प्रमाण पेश गर्नुपर्ने रु. | १००००० |
| | | जम्मा | ७३७५०४ |

( ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१२६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१६९,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,३७,५०४ |

५२.३ (1326-2082-03-21):

**सहभागीको उडान प्रमाण**- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०६४ को नियम ३९(८) अनुसार स्वीकृत कार्यक्रम अनुसार संचालित तालीम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद

गरिएको मालसामानको विवरण तथा बिल, भरपाई सहितको कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थित समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ ।होमस्टे संचालन तथा व्यवस्थापन तालिम अन्तर्गत धिमाल प्रथम जाती व्यवस्थापन समिति खर्च रु.१८४१५० मा काठमाण्डौबाट विराटनगर आएका प्रशिक्षकलाई हवाई भाडा भुक्तानीमा निम्नानुसार बोडिङ्ग पास समावेश नगरी भुक्तानी गरिएको छ । तपसिलका प्रशिक्षकलाई दिएको हवाइ भाडा उडान प्रमाण पेश गर्नुपर्ने रु.

| सि.नं. | नामथर | स्थान | अवधि | रकम |
|---|---|---|---|---|
| १ | श्री प्रसवल लोकबावु | KTM-BIR | १५ मे २०२५ | ५५०० |
| २ | श्री प्रसवल लोकबावु | BIR-KTM | २५ मे २०२५ | ७०८० |
| ३ | श्री मोहन बहादुर गजुरेल | KTM-BIR | २४ मे २०२५ | ५७०० |
| ४ | श्री मोहन बहादुर गजुरेल | BIR-KTM | २७ मे २०२५ | ५५०० |
| | जम्मा | | | 23780 |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,७८० |

५३ **कृषि कार्यक्रम**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्वन्धी कार्यविधी,२०८१ को दफा ७ मा माग संकलन गर्ने, दफा ८ मा लाभग्राही छनौट गर्ने, दफा ९ मा लाभग्राहीलाई सम्झौता गरी सोही अनुसार अनुदान रकम उपलव्ध गराउने र दफा ११ मा सम्झौता अनुसार कार्य भए नभएको सम्वन्धमा अनुगमन गर्नुपर्ने साथै पालिकाको कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ को दफा ५ मा अनुदान कार्यक्रममा अनुदानग्राही छनौटको आधार तोकिएको र दफा ५ मा कृषि विकास शाखा र सम्वन्धित वडाको सिफारिसको आधारमा अनुदानग्राहीको नामावली तयारी र किसान छनौट गर्नुपर्ने व्यवस्था छ । विउविजन सामाग्रि आवश्यक पर्ने व्यक्ति/संस्थाको निवेदन, वडा कार्यालय वा आर्थिक विकास शाखाले छनौट गरेको निर्णय तथा वडाको सिफारिस वेगर खर्च गरिएको छ । निवेदकको माग संकलन, छनौट भएको निर्णय र वडाको सिफारिस वेगर बिउ वितरण गरिनु नियमसम्मत नदेखिएको रु.

| सि.नं. | गो.भौ.नं. र मिति | खरिद विवरण | | |
|---|---|---|---|---|
| १ | १४४-०८१।११।२० (पालिका) | धानको बिउ खरिद-६६२५ के.जि. | सामाग्री आवश्यक पर्ने व्यक्ती/संस्थाको निवेदन, वडा कार्यालय वा सामाजिक विकास शाखाले छनौट गरेको निर्णय तथा वडाको सिफारिस वेगर खर्च गरिएको | २६५००० |
| २ | १४५-०८१।११।२० (पालिका) | Zinc cartap-700kg, Chloride-460kg | खेलकुद सामाग्री आवश्यक पर्ने खेलाडी/संस्थाको निवेदन, वडा कार्यालय वा सामाजिक विकास शाखाले छनौट गरेको निर्णय तथा वडाको सिफारिस वेगर खर्च गरिएको | १७६००० |
| | | | जम्मा | ४४१००० |

| | |
|---|---|
| अनियमित भएको | ४,४१,००० |

५४ **तालिमबाट उत्पादित सामाग्री** (1170-2082-03-16):

गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को दफा ३९ अनुसार तालिमबाट उत्पादित सामान वा वस्तुहरु उत्पादन प्रशिक्षण अवधिभित्र परल मुल्यको पचास प्रतिशत छुटमा सहभागीलाई नै विक्री गर्न सकिने, विक्री वा वितरण हुन नसक्ने भएमा कोशेली घर, सौगात गृह, विक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउनुपर्ने, यसरी पठाउदा पनि विक्री नभएमा कार्यालयमा

बुझाई सात दिनभित्र स्टोर दाखिला गरी तत्काल लिलाम विक्री गरी राजश्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । बेलबारी अपाङ्ग संघको मिति २०८२।१।२८-२।११ सम्म फर्निचर बनाउने तालिम सञ्चालनमा रु. २२४१०५ खर्च भएको छ । तालिम सञ्चालनमा उत्पादित सामाग्रीहरु पचास प्रतिशत छुटमा सहभागीलाई नै विक्री गरेको वा कोशेली घर, सौगात गृह, विक्री कक्ष वा प्रदर्शनी स्थलमा राखिएको वा विक्री नभएमा कार्यालयमा बुझाई सात दिनभित्र जिन्सी दाखिला गरेको देखिएन ।तालिमबाट उत्पादित सामाग्रीको सम्वन्धमा निर्देशिकाले तोके अनुसार कार्यान्वियन गर्नुपर्दछ ।

५५ **मर्मत सम्भार कार्य**

आर्थिक वर्ष २०८१।८२ का यस पालिका र पालिका अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था, नगर अस्पताल, शाखा कार्यालयहरुको वर्षभरि मर्मत सम्भार गर्ने गरी आपूर्तिकर्ता न्यू ओडोलिक कम्प्युटरसँग सम्झौता गरी सम्झौतापत्रको आधारमा रु.३,००,०००.०० भुक्तानी गरिएको छ । पालिका र पालिका अन्तर्गतका कार्यालयहरुमा मर्मत कार्यको लागी मर्मत आदेश, मर्मत गर्नुपरेको कारण, मर्मत गरिएको परीमाण, मर्मतबाट संचालनमा आएको परीमाण साथै प्रगति तथा उपलव्धी विवरण तयार नगरी सम्झौतापत्रको आधारमा मात्र भुक्तानी गरिनु नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

५६ **नदी नियन्त्रण तथा घाट व्यवस्थान विपद् जोखिम न्यूनीकरण (ठेक्का नं. BM/MOR/W/NCB-16-2080-81 )**

प्रदेश समपुरक अनुदान कार्यविधिको बुँदा नं १० मा समपुरक अनुदानबाट सञ्चालनमा रहेका आयोजना तोकिएको समय अवधिभित्र सम्पन्न गरी सक्नुपर्ने उल्लेख छ । नगरपालिकाले रू.१,५८,२२,५५७।५७ लागत अनुमान रहेको नदी नियन्त्रण तथा घाट व्यवस्थापन वडा नं ७ निर्माण कार्यको लागि २०८१।३।२० सम्म निर्माण सम्पन्न गर्ने गरी निर्माण व्यवसायी भाष्कर कन्स्ट्रकसनसँग २०८१।२।३ मा रु.१,११,१६,२००।०५ को सम्झौता गरेको छ । उक्त निर्माण कार्यमा गत वर्ष तेस्रो रनिङ बिलसम्म रु.७२,१५,१०३।६६ खर्च भएकोमा चौथौ रनिङ विल रु. ६७६५९१।८५ र पाँचौ रनिङ विल रु. ४५९९०६।- समेत रु.११,३६,४९७/- र हालसम्म रु. ८३,५४,०३९।३३ भुक्तानी भएकोमा भौतिक प्रगति ७६.२४ प्रतिशत भएको देखियो । सो सम्वन्धमा देखिएका बेहोरा निम्नानुसार छन्

५६.१ **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम १ ऐनको दफा ५६ बमोजिमको अवस्था गरी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रादायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तीमा एक्काईस दिन अगाबै निर्धारित अवधिको कार्यतालिका सहित आवश्यक कागजात संलग्न राखी सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । उक्त निर्माण कार्य तोकिएको समयमा सम्पन्न नहुँदा निर्माण व्यवसायीले निवेदन नदिएको र म्याद थपको प्रकृया समेत भएको देखिएन ।

५६.२ **कार्य सम्पादन जमानत:** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२० बमोजिम सम्झौता बमोजिमको अवधि भित्र सम्पन्न हुन नसकेका वा काम सम्पन्न हुन सक्ने अवस्था नदेखिएका खरिद सम्झौताका हकमा त्यस्ता योजनाको निर्माण व्यवसायीले पेस गरेको कार्यतालिका बमोजिमको कुन कुन काम के कस्तो कारणले हुन नसकेको हो सोको पुष्ट्याई र कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाइ संशोधित कार्यतालिका तथा उक्त कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप अवधि कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानतको अवधि कायम रहेको सुनिक्षित गरी बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्नुपर्ने र कार्य सम्पादन जमानतको म्याद ठेक्का संझौताको म्याद सकिने मितिले त्रुटी सच्याउने अवधिसम्मको हुनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले नेपाल वैंक लि. शाखा कार्यालय विराटचोकवाट जारी बैंक ग्यारेण्टी नं. GPF0108860001 को रु. १७,२२,३००/- भएको मिति २०८१।२।२ मा जारी भएको कार्य सम्पादन जमानतको म्याद २०८३।०४।२०( म्याद थप समेत) मात्र रहेको देखिन्छ । उक्त निर्माण कार्यको म्याद समाप्त भएकोमा हालसम्म म्याद थप गरेको देखिएन । निर्माण कार्यको म्याद समाप्त भएकोले कार्यसम्पादन जमानतको म्याद पनि थप गरी कार्यसम्पन्न गर्नुपर्दछ ।

५७ **वेतना अमना सिसोला पर्यटन मार्ग र कछुवा संरक्षण कार्य (ठेक्का नं. BM/MOR/W/NCB-16-2080-81 )**

नगरपालिकाले प्रदेश सरकार समपूरक अनुदानबाट वेतना अमना सिसोला पर्यटन मार्ग र कछुवा संरक्षण निर्माण गर्नको लागि कुल लागत अनुमान रु.१,८५,५६,५२०।५२ को कार्यमा निर्माण व्यवसायी सान्भी विल्डर्स प्रा.लि.सँग २०८२।०८।२८ सम्म कार्य सम्पन्न गर्ने गरी मिति २०८१।११।१९ मा मूल्य अभिवृद्धि कर समेत रू.१,२९,८६,९५५।६६ को खरिद सम्झौता भएको देखियो । कोशी प्रदेश समपुरक अनुदान सम्वन्धी ( दोश्रो संशोधन) कार्यविधिको दफा ४ वमोजिम प्रदेश सरकार र नगरपालिका वीच लागत सहभागीता प्रदेश सरकारको ६५ र नगरपालिकाको ३५ को समपुरक अनुदान साझेदारीमा संचालन भएकोमा यो वर्ष कुल रु.४३,३२,१६३/- खर्च भएको छ ।

**स्थलगत निरीक्षण** – पालिका टोली र लेखापरीक्षण टोलीको संयुक्त स्थलगत निरीक्षण भएकोमा निर्माण स्थलमा काम भई रहेको देखियो ।स्थलगत निरिक्षण हुँदा संझौताको म्याद सकिएको भए पनि काम सकिएको देखिएन ।

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१,५१६,२५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५८ **विष्णु श्रेष्ठको घर देखि हर्दीवारी हुदै सुविदार टोलसम्म जाने सडक कालोपत्रे गर्ने कार्य (ठेक्का नं. BM/MOR/W/NCB-2-2081-82 )**

तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका,२०८१ को दफा ५ मा संघीय सरकारको ७० प्रतिशत र नगरपालिकाको ३० प्रतिशत लागत साझेदारी योजना संचालन गर्न सकिने उल्लेख छ । नगरपालिकाले सङ्घीय सरकार समपूरक अनुदान( तराई मधेश समृद्धि कार्यक्रमण) बाट सडक कालोपत्रे गर्ने कार्यको लागि कुल लागत अनुमान रु.४४,५५,११९.२३ मा निर्माण व्यवसायी चक्र निर्माण सेवासँग २०८२।१।३० सम्म कार्य सम्पन्न गर्ने गरी २०८१।८।१३ मा मूल्य अभिवृद्धि कर समेत रू.३६,३५,५१९/- को निर्माण कार्यको खरिद सम्झौता भएको छ ।उक्त कार्य निर्माण व्यवसायीले रु. ३४,६४,९९४।५६ मा सम्पन्न गरेको छ।संघीय सरकारको लागत साझेदारी अनुसार कुल काम भएको रकमको ७० प्रतिशतले हुने रु.२४,२५,४९६/- खर्च हुनु पर्नेमा रु.२४,५८,०४८/- खर्च भएकोले रु.३२,४५३/-बढी खर्च भएको संघीय सरकारलाई फिर्ता गरेको प्रमाण हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३२,४५३ |

५९ **निर्माण कार्यको बीमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैया भन्दा बढि मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यववसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन औजार तथा प्लाण्ट र निर्माण कार्यको पुर्ण प्रतिस्थापन खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ। त्यसरी गर्ने बिमाको अवधि त्रुटी सच्याउने अवधि बराबर वा सो भन्दा बढी अवधिको हुनुपर्ने व्यवस्था छ। यो वर्ष संचालित ३ योजनाको रु. ५,२०,०००/- को कार्यमा बीमा गराएको देखिएन। नियमानुसार बीमा गराई जोखिम व्यवस्थापन गर्न लगाउन कार्यालयको ध्यान जानु पर्दछ।

| क्र स | योजनाको नाम | व्यबसायीको नाम | सम्झौता मिति | BOQ मा भएको बीमाको रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | नदी नियन्त्रण तथा घाट व्यवस्थान विपद् जोखिम न्यूनीकरण | भाष्कर कन्स्ट्रकसन | २०८१।२।३ | ४, ०० , ००० /- | म्याद समाप्त हुदा समेत बीमा नगराएको |
| २ | बुद्धमार्ग अधुरो कालो पत्रे कार्य | शिर्ष निर्माण सेवा | २०८१।८। १८ | २०, ००० /- | म्याद समाप्त हुदा समेत बीमा नगराएको |
| ३ | शुक्र पथ उत्तर कालोपत्रे सडक मर्मत | शिर्ष निर्माण सेवा | २९८१।१२। १४ | १, ०० , ००० /- | म्याद समाप्त हुदा समेत बीमा नगराएको |
| जम्मा | | | | ५, २० , ००० /- | |

६० **ठेक्का नं. BM।MOR।NCB।०२।२०७७।०७८**

बेलवारी सपिङ कम्लेक्स : नगर विकास कोषको ऋण सापटी र पालिकाको समपुरक कोषबाट खर्च गर्ने गरी बेलबारी सपिङ कम्लेक्स

निर्माण कार्यको लागि कुल लागत अनुमान रु.१७,३९,५६,६३४।५२ स्वीकृत भई ठेक्का व्यवस्थापन भएकोमा निर्माण व्यवसायी रविना/अविसा/अभियान जे.भी.सँग २०७७।११।२८ मा रु.११,९६,०९,४७१।८० को निर्माण कार्य २०७९।५।२९ भित्र सम्पन्न गर्ने गरी खरिद सम्झौता गरेको छ । निर्माण कार्यको भेरिएशन पछि संशोधित सम्झौता रु.१२,०५,४४,३२२।९० पुगेको छ । निर्माण कार्य गत वर्षसम्म जम्मा रू.५,७५,२४,४०४।८४ भुक्तानी भएकोमा यो वर्ष कुनै भुक्तानी भएको छैन । उक्त खरिद सम्झौता सम्वन्धमा देखिएका थप बेहोरा निम्नानुसार छन्:

६०.१ **लाभ लागत विश्लेषण -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तदायित्व नियमावली, २०७७ को नियम २६ (६) मा प्रदेश तथा स्थानिय तहमा कर्यन्वयन गरिने योजनाको पहिचान वर्गीकरण, छनौट तथा प्राथमिकिकरण गरी योजना स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ। विकास आयोजनाको वजेट तर्जुमा गर्दा सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत बिचार गरी त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने उल्लेख छ । सपिङ कम्लेक्स निर्माण गर्न नगर विकास कोषसँग रू.११,९९,८५,७१४।१० को ऋण सम्झौता गरेकोछ । सम्झौता मितिले २ वर्षको सहुलियत अवधि सहित नगरपालिकाले मञ्जुर गरे अनुसारको किस्तादरबाट ३६ अर्ध वार्षिक किस्तामा जम्मा २० वर्षभित्र साँवा र व्याजसहित कोषलाई भुक्तानी गर्नु पर्ने, कोषसँग ऋण सम्झौता गरेको मिति देखि सहुलियत अवधिको गणना हुने र ऋण रकम निकासा भएको मितिबाट ८ प्रतिशत व्याज लाग्ने सर्त सहित २०७७।११।२८ मा उक्त ऋण सम्झौता गरेकोमा रू.४,०४,८७,७९०।६१ ऋण प्राप्त गरेको देखिन्छ । सम्झौताको सर्त अनुसार २०७९।९।५ मा सहुलियत अवधि समाप्त भैसकेकोमा निर्माण कार्यमा ५२.२८ प्रतिशत मात्र वित्तीय प्रगति तथा ५३ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ । सपिङ कम्लेक्सको संभावित न्यूनतम आय खुलाई योजनाको लाभ लागत विश्लेषण सहितको सम्भाव्यता अध्ययन प्रतिवेदन पेस नभएकोले नगर विकास कोषको ८ प्रतिशत व्याजदर र निर्माण लागतमा उक्त योजना सम्भाव्यता सुनिश्चिता गर्न सकिएन । आयोजनाबाट हुने प्रतिफल समेत विचार गरी ऋण रकम लगानी गर्नु पर्दछ।

६०.२ **साँवा तथा व्याज भुक्तानी -** नगरपालिकाले प्राप्त ऋण र भुक्तानी तालिका सहितको ऋण खाता राखेको छैन । पालिका र नगर विकास कोषबीच सम्पन्न ऋण सम्झौता अनुसार हालसम्म रू.४०४८७७९०।६१ ऋण प्राप्त गरेको देखिन्छ । त्यस्तै नगरपालिकाले ब्याज रू.१०२८१७१६।८७ र साँवा रू ६९५७९९५।१२ समेत यो आर्थिक वर्षसम्ममा जम्मा रू.१७२३९७११।९९ नगर विकास कोषलाई साँवा तथा भुक्तानी दिएको देखिन्छ । नगरपालिकावाट ऋण तिर्न रु.३३५२९७९५।४६ वाँकी देखिएको छ । निर्माण कार्य ढीलो भएकोले पालिकाले उक्त सम्पत्तिबाट लाभ लिन सकेको देखिदैन । पालिकाले निर्माण व्यवसायीको कार्य गर्ने प्रतिवद्धताको आधारमा निर्माण कार्यको म्याद म्याद थप गरेपनि निर्माण कार्यमा प्रगति हुन नसकेको कारण सम्झौता अनुसार ऋण प्राप्ति र उपयोगमा समस्या सिर्जना भएको, व्याज भुक्तानी गर्नु परेको कारण दायित्व निरन्तर बढिरहेको र सपिङ कम्लेक्सबाट पालिकालाई हुने प्रतिफल प्राप्त हुन नसकेकोले सम्झौताको सर्त अनुसार कार्वाही गरी निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।

६०.३ **ठेक्काको म्याद थप -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२० तथा ठेक्का सम्झौतामा भेरियसन आदेश र असामान्य अवस्था (क्षतिपूर्तिजन्य घटना) को आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ । निर्माण व्यवसायी रविना / अविसा/ अभियान जेभीसँग भएको सम्झौताको विशेष शर्त अन्तर्गत जीसीसी ५५ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । नगर विकास कोषबाट ऋण प्राप्त गरी निर्माण सुरू गरेको उक्त व्यापारिक भवनको २०८०।९।२६ को कार्यपालिकाको निर्णयअनुसार २०८१।३।२८ सम्म म्याद थप गरेको देखिन्छ । दोश्रो पटक मिति २०८१।१२।१५ को निर्णय वमोजिम २०८२।३।२० सम्म , तेस्रो पटक २०८२।८। २९ सम्म र चौथो पटक मिति २०८२।८।२५ को निर्णयले मिति २०८२।२।१५ सम्म म्याद थप भएको देखियो । पालिकाले निर्माण व्यवसायी तोकेको समयमा निर्माण कार्य नगरेको कारण निजलाई मिति २०८०।३।१७, २०८०।११।२२,२०८१।४।२७ ,२०८१।५। १७ २०८२।२।२, २०८२।७।३० समेत ६ पटक कार्य गर्न ताकेता गरेको देखियो । निर्माण व्यवसायीलाई पटक पटक ताकेता गर्दा समेत कार्य सम्पन्न गरेको देखिएन । सम्झौता अनुसार कार्यतालिका अध्यावधिक गर्ने, पूर्व जानकारी दिने, डेली डायरी राख्ने र दिन गन्तीका हिसाबले म्याद थप गर्ने कार्य भएको देखिएन । म्याद थपको लागि निर्माण व्यवसायीले गरेको प्रतिवद्धताको आधारमा म्याद थप

गरे पनि निर्माण कार्यको वित्तीय प्रगति ५२.२८ प्रतिशत मात्र रहेकोले निर्माण व्यवसायीले सन्तोष जनक रुपमा कार्य गरेको देखिएन । निर्माण व्यवसायीलाई म्याद थपको सुविधा दिने तर खरिद कानुन र सम्झौता अनुसार ठेक्का सम्पन्न नगराउनाले तर ठेक्काको समय तथा लागत बढ्दै गएको देखिन्छ। समय मै निर्माण कार्य गर्ने गराउने तर्फ पालिकको ध्यान जानु पर्दछ ।

**स्थलगत निरीक्षण -** पालिका टोली र लेखापरीक्षण टोलीको संयुक्त स्थलगत निरीक्षण भएकोमा निर्माण स्थलमा काम भई रहेको देखियो । नियमानुसार निर्माण कार्य सम्पन्न गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

६१ **ठेक्का नं. BM/MOR/W/NCB/07/2078/079( शीतभण्डार निर्माण) संघीय समपुर कार्यक्रम)**

नगरपालिकाले सङ्घीय सरकार समपूरक अनुदानबाट शीतभण्डार निर्माण गर्नको लागि कुल लागत अनुमान रु. ५,१०,४०,२९ ५.५२ मा निर्माण व्यवसायी अग्रिम पी.पी. जे.भी.सँग २०८०।११।२८ सम्म कार्य सम्पन्न गर्ने गरी २०७९।५।२६ मा मूल्य अभिवृद्धि कर समेत रू.४,८१,४६,००५।९४ को खरिद सम्झौता गरेकोमा प्रथम भेरिएशन पछि रु. ५,६३,३८,७५२।०८ संझौता रकम कायम भएको छ । शीत भण्डार निर्माण कार्यमा यो वर्ष गोश्वारा भौचर नं १३/२०८१।११।२८ पाँचौ रनिङ विलवाट रु.३५,७८,५९२/- र गोश्वारा भौचर नं.४५/२०८२/०३/२४ छौटौ रनिङ विलवाट रु.६३,५८,४८०।४८ समेत रु.९९,३७,०७२।९९ भूक्तानी भएको देखियो । पालिकाको अभिलेख अनुसार गत वर्षसम्म भुक्तानी दिएको रू.२,०५,४०,६५१।७७ समेत हालसम्म रु.३,०४,७७,७२५/- भुक्तानी भएकोमा आर्थिक वर्ष २०८१।०८२ सम्म ६३.३० प्रतिशत मात्र भौतिक प्रगति भएको छ । खरिद सम्झौता सम्बन्धमा देखिएका थप बेहोरा निम्नानुसार छन् :

६१.१ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्न नहुने उल्लेख छ । निर्माण गर्ने संरचनाहरुको लागि जग्गाको स्वामित्व प्राप्त गर्नु पर्दछ । बेलबारी नगरपालिकाले धनपाल माद्यमिक विद्यालयको नाममा रहेको किता नं. ३७ को क्षेत्रफल २ विद्या जग्गाको लागि बार्षिक रु.७०,०००/- भाडा विद्यालयमा दिने गरी विद्यालयसँग मिति २०७९।१०।१५ मा संझौता गरेको देखियो । संझौताको वुँदा नं. ख २ मा जग्गाको स्वमित्व दोस्रो पक्ष मा नै निहित हुने उल्लेख छ । निर्माण पश्चात शीत भण्डार (कोल्ड स्टोर) सञ्चालन गर्दा सञ्चालन तथा व्यवस्थापन खर्च कटाई हने नाफाको ५०/५० प्रतिशत हिस्सा बाँडफाँड हुने यो कार्यान्वियन भए पश्चात पालिकाले रु.७०,०००/- दिनु नपर्ने उल्लेख छ ।कोल स्टोर निर्माण पश्चात पालिका आफैले वा सार्वजनिक नीजि साझेदारी (PpP Model) वा विद्यालयले निर्मित शीत भण्डार सञ्चालन उल्लेख छ । जग्गाको स्वामित्व प्राप्त गरेर मात्र निर्माण कार्य गराउनु पर्दछ ।

६१.२ उक्त निर्माण कार्यको २०८०।११।२८ सम्म रहेकोमा प्रथम पटक मिति २०८१।२।२० दोश्रो पटक २०८१।१२।३० तेस्रो पटक २०८२।८।३१ सम्म र कार्य पलिकाको ३९ औं वैठक मिति २०८२ ।८।२५ को निर्णयवाट चौथो पटक २०८२।११।२९ सम्म म्याद थप गरेको देखियो । पटक पटक म्याद थप गर्दा समेत कार्य सम्पन्न भएको छैन ।निर्माण कार्यतालिकाः निर्माण व्यवसायिसँग भएको सम्झौताको विशेष शर्तको वुँदा ३४.३ मा निर्माण व्यवसायिले हरेक ५० दिनमा कार्यतालिका अपडेट गर्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायीले संझौताको वुँदा नं. SCC ( GCC 34.3 ) वमोजिम कार्यतालिका अध्यावधिक गरेको छैन। खरिद संझौतामा उल्लेख भए वमोजिम समयमा निर्माण सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कारवाही गरी कार्य सम्पन्न गर्नु गराउनु पर्दछ ।

६१.३ **समपुरक अनुदानको लागत साझेदारी-**

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **४,९६८,५३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६२ **बुद्ध मार्ग कालोपत्रे गर्ने कार्य (ठेक्का नं. BM/MOR/W/NCB-3-2081-82 )**

बुद्ध मार्ग सडक कालोपत्रे गर्ने कार्यको लागि कुल लागत अनुमान रु.५०,४०,६६४.३५ मा निर्माण व्यवसायी शीर्ष निर्माण सेवासँग २०८२।३।२० सम्म कार्य सम्पन्न गर्ने गरी २०८१।८।१८ मा मूल्य अभिवृद्धि कर समेत रू.४०,३३,९६०/- को निर्माण कार्यको खरिद सम्झौता भएको छ । यो वर्ष निर्माण व्यवसायीलाई दुई रनिङ्ग विलवाट रु.३५,४२,६१३।२८ भुक्तानी भएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम १ ऐनको दफा ५६ बमोजिमको अवस्था गरी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रादायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तीमा एक्काईस दिन अगाबै निर्धारित अवधिको कार्यतालिका सहित आवश्यक कागजात संलग्न राखी सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले तोकेको समयमा कार्य सम्पन्न नगरेको कारण २०८२।३।२९ मा बसेको कार्यपालिकाको १३५औं वैठकले २०८२।६।३१ सम्म म्याद थप भएकोमा लेखापरीक्षण अवधि सम्ममा समेत कार्य सम्पन्न गरेको देखिएन ।

- निर्माण व्यवसायिसँग भएको सम्झौताको विशेष शर्तको संझौताको वुँदा नं. SCC ( GCC 34.3) मा उल्लेख भएको शर्तमा निर्माण व्यवसायीले हरेक ३० दिनमा कार्यतालिका नगरेको तथा अपडेट समेत गरेको छैन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैया भन्दा बढि मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यववसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन औजार तथा प्लाण्ट र निर्माण कार्यको पुर्ण प्रतिस्थापन खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ। त्यसरी गर्ने बिमाको अवधि त्रुटी सच्याउने अवधि बराबर वा सो भन्दा बढी अवधिको हुनुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीसँग भएको संझौताको BOQ मा बीमा पिस आइटमा रु.२०,०००/- राखी संझौता भएकोमा शर्त अनुसार बीमा गरेको देखिएन ।

निर्माण व्यवसायीलाई संझौतामा उल्लेख भएका शर्तको पालना गराउनु पर्दछ ।

६३ **चाँदनी चौकअनाम चौक हुँदै नलवारी वाटो कालोपत्रे कार्य (ठेक्का नं. BM/MOR/W/NCB-7-2081-82 )**

नगरपालिकाले प्रदेश सरकार समपूरक अनुदानबाट निर्माण गर्नको लागि कुल लागत अनुमान रु.१०१५५३५७।०० स्वीकृत भई ठेक्का व्यवस्थापन भएकोमा निर्माण व्यवसायी सिम्रन इफ्रास्टचर एण्ड सप्लायर्ससँग २०८२।०३।३० सम्म कार्य सम्पन्न गर्ने गरी मिति २०८१।८।२१ मा मूल्य अभिवृद्धि कर समेत रू.७७,०३,६६१।४४ को खरिद सम्झौता भएको देखियो । उक्त निर्माण कार्य कार्यन्वय गर्ने क्रममा २ वाट निजी माछा पोखरी रहेको कारण भेरिएशन रु.२५,३८,६३३/- स्वीकृत भएकोमा नेगोशिएशन गरी रु. १८८२०२३। ८३ थप भई संशोधित संझौता रकम रु. ९५,८५,६९०।४४ कायम भएको छ ।सो सम्वन्धमा देखिएका थप बेहोरा निम्नानुसार छन्

६३.१ **घटी लागत साझेदारी-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **७७३,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६३.२ **भेरिएशन स्वीकृति** - सार्वजनिक खरिद नियमाबली, २०६४ (संशोधन समेत) को नियम ११७ को (२क) मा निर्माण कार्यको हकमा कम्तीमा नब्वे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरूप सो निर्माण कार्य कम्तीमा प्रयोग वा संचालनमा आएको अवस्था भएमा र सम्वन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । उक्त कार्यको लागि निर्माण व्यवसायीसँग भएको रु. ९५,८५,६९०।४४ भएकोमा रु.८८०९६९३।१७ अर्थात ८.०९% प्रतिशत घटीमा निर्माण कार्य सम्पन्न गरी कार्य स्वीकार तयार गरेको देखियो । संझौता भन्दा घटीमा कार्य सम्पन्न गर्दा कारण सहितको भरेरिएशन स्वीकृत नगरी कार्य स्वीकार तयार गरेको देखिएकोले घटी कार्यमा कार्य स्वीकार गरेको कारण सहित भेरिएशन स्वीकृत भएको पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,७५,९९७ |

६३.३ **पि.एस.मा मूल्य अभिवृद्धि कर** - निर्माण व्यवसायीलाई पि.एस. वापतको बीमाको भुक्तानी दिँदा रु.३८७२७/- मा रु. ४,९७५/- मू.अ. कर दिएकोले दोहोरो मू.अ.कर भूक्तानी भएको निर्माण व्यवसायीबाट असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९७५ |

६३.४ **नयाँ आइटममा भेरिएशन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ वमोजिम खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा सो सम्झौता कार्यान्वियनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएशन आदेश जारी गर्न सक्ने उल्लेख छ । सार्वजनिक निकायले निर्माण कार्यको ड्रइङ,डिजाइन तथा स्पेशिफिकेशन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने समेतका आधारमा भेरिएशन गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीसँग गरेको संझौता अनुसार देहाय अनुसारका नयाँ आइटम थप गरी कुल लागत अनुमान रु.२५,३८,६३३/- वाटोको साइटमा २ वटा निजी पोखरी रहेकोले उक्त स्थानमा रिटेशनवाल र क्यान्टिलिभर कार्य गरी ती पोखरीको संरक्षण गर्नु पर्ने कारण जनाई कार्यपालिकाको मिति २०८१।९।२५ औं वैठकको निर्णयवाट भेरिएशन स्वीकृत भएको देखियो । भेरिएशन स्वीकृत पश्चात निर्माण व्यवसायीले कवोल गरेको रकम लागत अनुमान भन्दा २४.९९ प्रतिशत घटी रहेकोले सोही अनुसार नेगोशिएशन गरी रु. १८,८२,०२३।८३ मा संझौता भएको देखियो । भेरिएशन गर्दा संझौतामा भएको आइटम हटाउने र नयाँ थप गर्दा प्राविधिक पुष्ट्याई गरेर मात्र कार्य गराउनु पर्दछ ।

| S.N. | Description a works | Unit | Quantity | Rate | Amount |
|---|---|---|---|---|---|
| 1 | Excavation in all types of soil as per drawing and technical specification, including removal of stumps and itch deleterious matter | cum | 117.7 | 72.79 | 8567.38 |
| 2 | Provide Laying of Fl Stone Soling in Foundation including sand filing in joints | Cum | 23.4 | 3130.88 | 73700.8 |
| 3 | Plain cement concrete FCCMI0 (1:6) work Iin foundation with cement, sand | cum | 8.828 | 8173.55 | 72156.1 |
| 4 | Providing, Preparing and Installing form work including necessary supports and renting | sqm | 256,300 | 579.85 | 148615.56 |
| 5 | Providing and laying ,fitting and placing HTYSD bar reinforcement in sub-structure | mt | 5.19 | 146228.25 | 758970.23 |
| 6 | Providing and placing Cement concrete M2020 far will bast and slab | cum | 97.295 | 11174.56 | 1087228.82 |
| 7 | Providing and placing 50mm hope weep hole. With geotextile | rm | 16.5 | 130 | 2145 |
| Total cost | | | | | 2151383.93 |
| contingency & Maintenance 5% | | | | | 107569.2 |
| VAT @13% | | | | | 279679.91 |
| Total With VAT | | | | | 2538633.04 |

### ६४ पुँजीगत बजेटमा चालु प्रकृतिका खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा सम्बन्धित शिर्षकबाट खर्च गर्नुपर्ने र एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा स्थानीय तहले पालना गर्नुपर्ने बजेट शीर्षक समेतको व्यवस्था छ। पुँजिगत शीर्षकमा विनियोजित बजेटबाट चालु प्रकृतिको सार्वजनिक निजी साझेदारीमा फोहोरमैला व्यवस्थापनको फोहोर उठाउने कार्यमा वेष्ट एण्ड इन्भारो म्यानेजमेन्टलाई रू.१८,५६,०००/- खर्च गरेको देखियो। विनियोजित बजेट तथा आर्थिक संकेत तथा बर्गिकरण र ब्याख्या भन्दा फरक गरी गरेको खर्च नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १८,५६,००० |

### ६५ बिज्ञापन खर्च

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६क.को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा

शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै कोशी प्रदेश आर्थिक ऐन, २०८१ को दफा १०(२) मा कुनै विज्ञापन वा सूचनालाई छापा, श्रव्य, दृष्य, बिद्युतीयमाध्यम, अनलाइन वा सामाजिक सञ्जाललगायत माध्यम प्रयोग गरी विज्ञापन वा सूचनाको प्रसारण वा प्रकाशन गर्दा लाग्ने रकम सम्बन्धित सञ्चार माध्यम वा विज्ञापन एजेन्सीलाई भुक्तानी गर्दा मु अ कर बाहेकको रकममा ३ प्रतिशतका दरले विज्ञापन कर कट्टा गरी भुक्तानी गर्ने र त्यसरी कट्टा गरिएको रकम आफ्नो कार्यालय वा निकाय रहेको स्थानीय तहको बिभाज्य कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । निम्न अनुसारको विज्ञापन खर्चमा ३ प्रतिशतले हुने रु. १२९७५/- विभाज्य कोषमा दाखिला गरेको नदेखिएकोले विभाज्य कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र. सं. | कार्यक्रम/बउशी नं | गो भौ/मिति | भुक्तानी पाउने | भुक्तानी रकम(मु.अ.करबाहेक) | ३ प्रतिशतले हुने रकम( रु.) |
|---|---|---|---|---|---|
| १ | नगरपालिका पूँजीगत | १९४/ २०८२।१।११ | क्वालिटी मिडिया | ४५६५० | १३७० |
| २ | नगरपालिका पूँजीगत | ३७३।२०८२।३।२० | क्वालिटी मिडिया | ६८४७५ | २०५५ |
| ३ | नगरपालिका पूँजीगत | ३७२।२०८२।३।२० | क्वालिटी मिडिया | ३८५०० | ११५५ |
| ४ | नगरपालिका पूँजीगत | ३७२।२०८२।३।२० | क्वालिटी मिडिया | ३४१०० | १०२३ |
| ५ | प्रदेश सरकार पूँजीगत | ३७२।२०८२।३।२० | क्वालिटी मिडिया | ४१८०० | १२५४ |
| ६ | संघिय सरकार पूँजीगत | २०।२०८२।१२।२४ | क्वालिटी मिडिया | ३०८०० | ९२४ |
| ७ | संघिय सरकार पूँजीगत | १५।२०८२।१२।१५ | क्वालिटी मिडिया | ४७०२५ | १४१५ |
| ८ | संघिय सरकार पूँजीगत | ६/ २०८१।९।२१ | क्वालिटी मिडिया | ७४२५० | २२२८ |
| ९ | संघिय सरकार पूँजीगत | ५/ २०८१।९।१६ | क्वालिटी मिडिया | ५१७०० | १५५१ |
| जम्मा | | | | | १२९७५ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **२,६४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,९७५ |

६६ **लागत अनुमान**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ३९ देखि ८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको देखिन्छ । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी देहाय बमोजिमको योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भएको र न्यून मुल्यमानै गुणस्तरीय कार्य भएको सुनिश्चित हुनु पर्दछ ।

| क्र.स. | योजनाकोविवरण | ठेक्कानं. | बोलपत्रदाता | लागतअनुमान | सम्झौतारकम | घटीप्रतिशत |
|---|---|---|---|---|---|---|
| 1 | Baryati shakha nahar ratna rai ko ghar dekhi utar kalopatre sadak | BM/MOR/W/NCB-01-2081/082 | S & S brothers Morang | 4272471.805 | 3427259 | 19.78 |
| 2 | Bishnu shrestha ko ghar dekhi hardibari hudai subidhar tole sammw kalopatre | BM/MOR/W/NCB-02-2081/082 | Chakra Nirman Sewa Sunsari | 4272471.805 | 3635519 | 14.91 |
| 3 | Buddha Marga adhuro sadak kalopatre | BM/MOR/W/NCB-03-2081/082 | Sirsha Nirman Sewa, Bhaktapur | 4832506.63 | 3722325.5 | 22.97 |
| 4 | Mul Nahar Keshab bistako ghar dekhi uttartarfa kalopatre | BM/MOR/W/NCB-04-2081/082 | S & S brothers Morang | 4703692.167 | 3722325.5 | 20.86 |
| 5 | | BM/MOR/W/NCB-05-2081/082 | chandra surya nirman Morang | 4824523.395 | 3898588.48 | 19.19 |
| 6 | Anam chowk batw paschim janebato kalopatre | BM/MOR/W/NCB-06-2081/082 | chandra surya nirman Morang | 4912384.748 | 4075948 | 17.03 |
| 7 | Chandni chowk amanchowk hudai nalbari ward no 8,9,10 rw 4 jodne bato kalopatre | BM/MOR/W/NCB-07-2081/082 | simran infra structure bhaktapur | 9735560.008 | 7703661.44 | 20.87 |
| 8 | Janahit margama simpane tole dekhi mirmire football ground samma edging sahit estarunnati | BM/MOR/W/NCB-08-2081/082 | BNC construction Morang | 6941570.508 | 4397351.41 | 36.65 |
| 9 | Construction of mahendra basic school Building phase 2 | BM/MOR/W/NCB-09-2081/082 | Ridima Nirman Sewa, Morang | 10274432.44 | 5758118.3 | 43.96 |
| 10 | SUKRAPATH MARGA DRAIN NIRMAN Phase 2 | BM/MOR/W/NCB-10-2081/082 | | 5829442.407 | 3399999.91 | 41.68 |
| 11 | Construction works of culvert at ward 6 & 9 | BM/MOR/W/NCB-11-2081/082 | ojus construction Morang | 2847666.512 | 1757792.98 | 38.27 |
| 12 | Construction works of dam for Betna, Amna, Sisauli tourism area, Tourism route and turtle conservation | BM/MOR/W/NCB-12-2081/082 | sanvi Builder Morang | 17784361.85 | 12986955.55 | 26.98 |
| 13 | Construction of Bahuni Bazzar Truss Tahara Nirman | BM/MOR/W/NCB-13-2081/082 | | 2350060.819 | 1565402.66 | 33.39 |
| 14 | Janaudhha sangralaya Nirman | BM/MOR/W/NCB-14-2081/082 | Bhumi Radha Builders Morang | 10122714.04 | 6134786.17 | 39.40 |
| 15 | road maintenance work carried out in partenership with Roads Boards Nepal at ward 2,3,4 and 5 | BM/MOR/W/NCB-15-2081/082 | Sirsha Nirman Sewa, Bhaktapur | 8579382.677 | 7888027.55 | 8.06 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 16 | Construction works of paving block phase 2 | BM/MOR/W/NCB-16-2081/082 | zenith builders morang | 16160036.05 | 11435577.75 | 29.24 |
| 17 | kaseni sanihat bazar area mangment | BM/MOR/W/NCB-17-2081/082 | green peace nirman sewa Morang | 4003256.707 | 3068925.76 | 23.34 |
| 18 | Construction works of drain and edging for hat bazar management at different place | BM/MOR/W/NCB-18-2081/082 | Rain Nirman Sewa Susari | 4196882.399 | 3533525.29 | 15.81 |
| 19 | Chadani chowk to Bhaunne Amtola Sadak Jodne Sadak , Dhokar jane bato bikash basnetko ghar hudai dakshin bidhyalaya samma Sadak , Kaseni bajar chowk dekhi dakshin jane Sadak kalopatree Nirman | BM/MOR/W/NCB-19-2081/082 | Radhe Radhe Nirman Sewa Morang | 8884634.436 | 7007688.75 | 21.13 |
| 20 | 15 bed Nagar Aspatal Compound Wall and Drain Works | BM/MOR/W/NCB-20-2081/082 | Basnet Nirman Sewa Morang | 7929541.406 | 5051497.46 | 36.30 |
| | **Total** | | | 143457592.8 | 104171276 | 26.49 |

## ६७ उपभोक्ता समिति

६७.१ **उपभोक्ताको कार्यमा बीमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(३क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट बीस लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा बीमा वापतको खर्च व्यहोर्ने रकम समावेश गरी सोही रकमबाट उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्यको बीमा गराउनु पर्ने र सो कार्यको लागि सम्बन्धित सार्वजनिक निकायले सहजिकरण गरिदिनु पर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समिति मार्फत निम्नानुसार रू.२० लाख भन्दा बढीको रु. २,७१,४९,०५६/- को निर्माण कार्य गराएकोमा नियममा तोकिए बमोजिम बिमा गराएको देखिदैन। तोकिए बमोजिम बीमा गरी निर्माण कार्यमा रहेको जोखिम व्यवस्थापन हुनुपर्दछ।केही उदाहरण

| क्र स | विवरण | लागत रकम |
|---|---|---|
| १ | श्री भानु मेमोरियल विद्यालय भूसंरक्षण तथा नदी नियन्त्रण कार्यक्रम | २२८६८५९ |
| २ | श्री लक्ष्मी मा वि भवन निर्माण | ५१९३६३० |
| ३ | हातेमालो विहानी अनर्न्तगत रत्न मार्गमा ड्रेन निर्माण | ४४७१३५३ |
| ४ | वडा कार्यालय अगाडी डुवान बस्तिमा ड्रेन निर्माण | ४६६८३९० |
| ५ | हिक्मत डाँडा देखि सरस्वती मिल टोल जाने वाटो एजिङ गर्ने कार्य | ४९५९९५० |
| ६ | याशोक्यानी माता शक्तिपिठ मन्दिर पूर्वाधार वडा ६ ( भवन निर्माण ) | ५५६८८७४ |
| जम्मा | | २७१४९०५६ |

६७.२ उपभोक्ता समिति मार्फत भवन निर्माण - सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउँदा सार्वजनिक निकायले उक्त काम श्रम मुलक प्रकृतिको हुनु पर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत काम गराउदा मेशीन उपकरण मार्फत गर्नु पर्ने र प्राविधिक दक्षता आवश्यक पर्ने जटिल प्रकृतिका काम समेत गराएको देखिन्छ । यसरी प्राविधिक दक्षता आवश्यक पर्ने काम उपभोक्ता समिति मार्फत गराउदा दिगो प्रभावकारी तथा उपयुक्त समेत हुदैन । यस वर्ष देहाय वमोजिमका रु.१,२९,९२,३७२/- का भवन निर्माण उपभोक्ता समिति मार्फत गराएको देखियो । जटिल र प्राविधिम दक्षता आवश्यक पर्ने कामहरु उपभोक्ता समिति मार्फत सम्पन्न गराउने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| क्र स | विवरण | लागत रकम |
|---|---|---|
| १ | श्री भानु मेमोरियल विद्यालय भूसंरक्षण तथा नदी नियन्त्रण कार्यक्रम | २२८६८५९ |
| २ | श्री लक्ष्मी मा वि भवन निर्माण | ५१९३६३० |
| ३ | हातेमालो विहानी अनर्न्तगत रत्न मार्गमा ड्रेन निर्माण | ४४७१३५३ |
| ४ | वडा कार्यालय अगाडी डुवान बस्तिमा ड्रेन निर्माण | ४६६८३९० |
| ५ | हिक्मत डाँडा देखि सरस्वती मिल टोल जाने वाटो एजिङ गर्ने कार्य | ४९५९९५० |
| ६ | याशोक्यानी माता शक्तिपिठ मन्दिर पूर्वाधार वडा ६ ( भवन निर्माण ) | ५५६८८७४ |
| जम्मा | | २७१४९०५६ |

६८ **अन्य संस्थाको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । आफ्नो कार्य क्षेत्रभन्दा वाहिरको संस्थाको लागि निम्नानुसार रु.१०,००,०००/- खर्च गरेको देखिन्छ । यस्तो प्रकृतिको खर्चले थप व्ययभार मात्र वढ्दै जाने देखिएकोले नियमसम्मत नदेखिएको रु.

| भौचर नं र मिति | व्यक्ति/ संस्थाको नाम | प्रयोजन | रकम ( रु .) | कैफियत |
|---|---|---|---|---|
| १७२/ २०८१/१२/२६ | कृष्ण प्रसाद भट्टराई प्रतिष्ठान भवन निर्माण सहयोग विराटनगर - ४ | भवन निर्माण सहयोग | ५००००० | पूँजिगत |
| ५०३/ २०८१/१०/२९ | नगरपालिका महासंघको भवन निर्माण सहयोग | भवन निर्माण सहयोग | ५००००० | चालु |
| जम्मा | | | १०, ०० , ०००/- | |

| | |
|---|---|
| अनियमित भएको | १०,००,००० |

६९ **नगर वस खरिद**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **६६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७० **हिक्मत डाँडा देखि स्वरस्वती मिल टोल जानेवाटो एजिङ ( भौचर नं. २०१/२०८२।११।१५)**

हिक्मत डाँडा देखि स्वरस्वती मिल टोल जानेवाटो एजिङ गर्ने कार्यको लागि कुल लागत अनुमान रु. ४९५९९५०।६६ स्वीकृत भई उपभोक्ता समितिकोलेसंग रु.९५९९५०/- र पालिकाको रु. ४०००००/- लागत सहभागितामा २०८२।२।२९ सम्ममा कार्य सम्पन्न गर्ने गरी २०८१।१०।२९ मा संझौता गरेको देखियो । उपभोक्ता समितिले उक्त कार्य गरी विल पेश गर्दा संझौताको आइटम नं. ५ फ्लाट स्टोन सोलिङ्गको दर विश्लेषण अनुसार दर रु. ३३३७.८८ प्रति घन मिटर हुनुपर्नेमा प्रति घन मिटर रु.३७७०।३२ को दर राखी विल तयार गर्दा प्रति घन मिटर रु.४३२।४४ ले बढी भुक्तानी भएको छ । उपभोक्ता समितिवाट उक्त आइटममा १०२.९४२ घन मिटर काम गरी भुक्तानी भएकोले बढी भुक्तानी रु.४४,५३३/- असुल हुनुपर्ने रु.

